# ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधान

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत

नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)

दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोध-पत्र


शोधार्थी

नन्दराज पाण्डेय

शैक्षिक सत्र २०७३-२०७४

त्रि.वि. दर्ता नं. ६-३-१९-१०५७-२०१६

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन


२०७८ / सन् २०२१

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय वीरेन्द्र बहुमुखी क्याम्पसअन्तर्गत नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका लागि यसै क्याम्पसमा अध्ययनरत छात्र नन्दराज पाण्डेयले आवश्यक अध्ययन एवम् विश्लेषणसहित 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधान शीर्षकको शोधपत्र मेरा निर्देशनमा पूरा गरी प्रस्तुत गरेकामा सो स्वीकृत गरी आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मितिः- २०७८-०४-१५

सन्- २०२१-०७-३०

..............

शोधनिर्देशक

दामोदर रिजाल

सह-प्राध्यापक

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्रसङ्काय

# वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनका छात्र नन्दराज पाण्डेयले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधान शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ।

मूल्याङ्कन समिति

| | |
|---|---|
| भवनाथ सडौला | ............... |
| सहप्राध्यापक | हस्ताक्षर |
| विभागीय प्रमुख | |
| | |
| दामोदर रिजाल | ............. |
| सहप्राध्यापक | हस्ताक्षर |
| शोधनिर्देशक | |
| | |
| डा. कृष्णप्रसाद सापकोटा | ............. |
| सहप्राध्यापक | हस्ताक्षर |
| बाह्य परीक्षक | |

मितिः- २०७८-०४-२७

सन्- २०२१-०८-११

# कृतज्ञता ज्ञापन

‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधान शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत, वीरेन्द्र बहुमुखी क्याम्पस चितवनको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो। यस कार्यमा कुशल निर्देशन गर्नुहुने सह-प्राध्यापक गुरु दामोदर रिजालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। शोधपत्र लेखनमा अभिप्रेरित गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पसमा अध्यापनरत नेपाली विभागका सम्पूर्ण गुरुहरूप्रति आभार व्यक्त गर्दछु। अनुसन्धानका लागि आफ्नो ग्रन्थलाई स्वीकृति दिनुहुने तथा आवश्यक सुझाव सल्लाह प्रदान गर्नुहुने शोधनायक प्रेमविनोद नन्दनज्यूप्रति आभार व्यक्त गर्दछु।

श्री गलेश्वर आश्रम एवं आश्रमका पीठाधीश प्रातः स्मरणीय पूज्य स्वामीज्यूप्रति आभार व्यक्त गर्दछु। मेरो उच्च शिक्षाको पूर्ण दायित्त्व निर्वहन गर्दै पढ्नमा प्रेरणा दिनुहुने माताप्रति कृतज्ञता ज्ञापन गर्दछु। त्यसै गरी पढ्नमा हौसला प्रदान गर्ने मेरो परिवार र बहिनीहरूप्रति आभार व्यक्त गर्दछु। सामग्री सङ्कलनका क्रममा विशेष सहयोग पुऱ्याउनुहुने मित्रद्वय गोविन्द गोपाल खतिवडा एवं नारायण जोशीज्यूप्रति आभार व्यक्त गर्दछु। सामग्री सङ्कलनमा विशेष सहयोग प्रदान गर्ने भाइ प्रदीप रेग्मीप्रति पनि आभार व्यक्त गर्दछु। प्राविधिक क्षेत्रमा सहयोग प्रदान गर्नुहुने अग्रज चिरञ्जीवी खतिवडाप्रति कृतज्ञता ज्ञापन गर्दछु। यसै गरी आवश्यक विषयवस्तु सङ्कलनका लागि सहयोग पुऱ्याउनुहुने गुरुहरू, मित्रहरू र आफन्तजनहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु।

अन्त्यमा प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु।

मितिः- २०७८-०४-१५

सन्- २०२१-०७-३०

.................

नन्दराज पाण्डेय

शोधार्थी

# विषयसूची


प्रथम परिच्छेद १

शोधपत्रको परिचय १

१.१ विषयपरिचय २

१.२ शोधसमस्या ३

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको अध्ययन, औचित्य र महत्त्व ५

१.६ शोधको क्षेत्र र सीमाङ्कन ५

१.७ शोधविधि ५

१.८ शोधपत्रको रूपरेखा ६

द्वितीय परिच्छेद ७

अलङ्कारको सैद्धान्तिक अवधारणा ७

२.१ विषयप्रवेश ८

२.२ अलङ्कारशब्दको व्युत्पत्ति ८

२.३ अलङ्कारको सूत्रपात ८

२.४ अलङ्कारको सैद्धान्तिक चिन्तनको थालनी ९

२.५ अलङ्कारको लक्षण र स्वरूप ११

२.६ अलङ्कारको परिभाषा १२

२.७ अलङ्कारको अन्य काव्यतत्त्वहरूसँगको सम्बन्ध १४

२.८ अलङ्कारहरूको सङ्ख्या १७

२.९ पाश्चात्य साहित्यमा अलङ्कार १८

२.१० काव्यमा अलङ्कारको स्थान १९

२.११ अलङ्कारभेद २१

२.१२ निष्कर्ष ३७

तृतीय परिच्छेद ३८

'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारको अध्ययन ३८

३.१ परिचय ३९

३.२ 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयुक्त अलङ्कारहरूको अध्ययन ४७

३.३ निष्कर्ष ६७

चतुर्थ परिच्छेद ६८

अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहको योगदान ६८

४.१ विषयप्रवेश ६९

४.२. अलङ्कारविधानका दृष्टिले ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्य-सङ्ग्रहको योगदान ७०

पञ्चम परिच्छेद ७८

सारांश तथा निष्कर्ष ७८

५.१ विषयप्रवेश ७९

५.२ सारांश तथा निष्कर्ष ८०

५.३ समग्र निष्कर्ष ८३

सन्दर्भ-ग्रन्थसूची ८४

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका संक्षेपीकृत शब्दहरू यसप्रकार छन्ः-

| संक्षेपीकृत रूप | पूर्ण शब्द |
|---|---|
| अनु. | अनुवादक |
| इ.पू. | इसापूर्व |
| उप.प्रा. | उप-प्राध्यापक |
| एम.ए | मास्टर अफ आर्टस् |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द्वि.सं. | द्वितीय संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम संवत् |
| श्लो. | श्लोक |
| सं. | सम्पादक |
| संस्क. | संस्करण |
| सन् | ईस्वी संवत् |
| सा.प्र. | साझा प्रकाशन |

# प्रथम परिच्छेद
# शोधपत्रको परिचय

# शोधपत्रपरिचय

## १.१ विषयपरिचय

नेपाली साहित्य जगत्मा गीतकार, काव्यकार र गजलकारका रूपमा प्रसिद्धि कमाएका प्रेमविनोद नन्दन विशिष्ट व्यक्तित्व हुन्। नन्दनका काव्यकृतिहरूमा नवीनताको सन्देश, परिवर्तनको चाहना, क्रान्तिको चेतना र जागृतिको अभिव्यञ्जना मुखरित भएको पाइन्छ। नन्दन नेपाली साहित्य जगत्मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनबाट प्रभावित भएर काव्यनिर्माण गर्ने व्यक्तित्त्व हुन्। नेपाली लोककला र संस्कृतिको नजिक रहेर काव्यरचना गर्नु नन्दनको काव्य वैशिष्ट्य हो। अतीतबाट शिक्षा वा प्रेरणा लिएर भविष्यको सुन्दर मार्गनिर्माणमा उनको कलम सबल क्रियाशील रहेको देखापर्दछ। जीवनलाई प्रेमपूर्वक जिउनुपर्छ, आशा एवं विश्वासले त्यसलाई सिँगार्नुपर्छ भन्दै कर्ममय सुवास छरेर त्यसलाई अर्थपूर्ण बनाउनुपर्छ भन्ने उनको विचार सदा माननीय र कालजयी छ। उनका कृतिहरूमा सत्यता, शिवत्व र सुन्दरत्वको सम्मिश्रण पाइनुका साथै साहित्य, सङ्गीत र कलासिर्जनामा ती साधक बनेका छन्। प्रेमविनोद नन्दनका ''*झटारो*'' (गीतसङ्ग्रह, २०११), ''*अञ्जलि*'' (कवितासङ्ग्रह, २०१५), ''*सपनीबाट व्यूँझेर*'' (कवितासङ्ग्रह, २०२३), ''*विपनीका पाइलाहरू*'' (कवितासङ्ग्रह, २०५२), ''*भीडमा एक्लै एक्लै*'' (गजलसङ्ग्रह, २०६३), ''*ऐनाभित्रको आकाश*'' (गीतसङ्ग्रह, २०६३), ''सिद्धार्थको गृहत्याग'' (लघुकाव्यसङ्ग्रह, २०७४), ''पत्रम् पुष्पम्'' (कवितासङ्ग्रह, २०७७) जस्ता कृतिहरू प्रकाशित छन्। ''सिद्धार्थको गृहत्याग'' लघुकाव्यसङ्ग्रह नन्दनका प्रकाशित आठ ओटा कृतिहरू मध्येको सातौँ कृति हो। कवि नन्दन यथाशक्ति शास्त्रीय काव्यमान्यताको अवलम्वन गर्ने स्रष्टा हुन्। सूक्ष्मतामा पनि पूर्णता खोज्नु उनको काव्यगत वैशिष्ट्य र काव्यमान्यता हो। नन्दनको 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा ''सिद्धार्थको गृहत्याग'', ''मेनकाको मन'', ''आमाको सपना'' र ''विद्रोहिणी आमा'' शीर्षकका लघुकाव्यहरू सङ्कलित छन् जसमा ''सिद्धार्थको गृहत्याग'', ''मेनकाको मन'' र ''विद्रोहिणी आमा'' लघुकाव्यहरू शास्त्रीय अनुष्टुप्छन्दमा रचित छन् भने ''आमाको सपना'' लघुकाव्य झ्याउरे लोकलयमा विरचित छ। २०७४ सालमा प्रकाशित समग्र लघुकाव्यसङ्ग्रहमा ३७८ ओटा पद्यहरू रहेका छन्। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा नन्दनले चैतन्य बोध, शान्तिको खोजी, यशोधराको मनस्थितिजस्ता विभिन्न उपशीर्षकहरू रचना गरेका छन्। उक्त लघुकाव्यसङ्ग्रहअन्तर्गतको ''सिद्धार्थको गृहत्याग'' लघुकाव्यमा शान्तिको खोजीमा निस्केका गौतमबुद्ध सांसारिक मोहबाट टाढा भएर विद्यमान हत्या, हिंसाका खेलबाट समाजलाई मुक्त पारी शान्त र समुन्नत समाजनिर्माणमा निरन्तर लागिरहेको कुरालाई वर्णन गरिएको छ। ''मेनकाको मन'' लघुकाव्य पौराणिक कथामा आधारित लघुकाव्य हो। ''आमाको सपना'' लघुकाव्यमा नेपालीहरूले आफ्नो आधारभूत आवश्यकतालाई पूर्ण गर्नका लागि विदेसिनु परेको सामाजिक स्थितिको चित्रण पाइन्छ। कवि नन्दनले ''विद्रोहिणी आमा'' लघुकाव्यमा दुई छिमेकी राष्ट्रहरूबिच हुने मनमुटाबलाई प्रस्तुत गर्न खोजेका छन्। यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा केही पक्षलाई समेटेर अध्ययन तथा समीक्षा हुनुका साथै टीकाटिप्पणी भएको पाइन्छ तर अलङ्कारविधालाई मुख्य विषय बनाएर सर्वतोभावले अध्ययन एवम् अनुसन्धान गरेको पाइँदैन। अतः यो अनुसन्धेय विषय हो। रसविधान, केन्द्रीय कथ्य, लय, भाषाशैली, अलङ्कारविधान आदि काव्यका तत्त्वहरू हुन् जसविना काव्यले पूर्णता प्राप्त गर्न सक्दैन। काव्यका यी सबै विषयलाई महत्त्व नदिई अलङ्कार विधालाई विशेष महत्त्व दिएर उक्त लघुकाव्यसङ्ग्रहमा के-कस्ता

अलङ्कारहरूको प्रयोग भएको छ भन्ने कुराको अध्ययन गर्ने मनसायले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधान शीर्षक छनोट गरिएको छ।

## १.२ शोधसमस्या

कवि, गजलकार तथा गीतकार प्रेमविनोद नन्दनद्वारा लिखित 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह नेपाली साहित्य जगत्को उत्कृष्ट कृति हो। उक्त काव्यसङ्ग्रहमा अलङ्कारविधाको अध्ययन गर्नु यस शोधपत्रको प्रमुख समस्या रहेको छ। यस शोधकार्यका समस्याहरू निम्नानुसार निर्धारण भएका छन्ः-

क) अलङ्कारविधानको सैद्धान्तिक अवधारणा केकस्तो छ ?

ख) 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधान केकस्तो रहेको छ ?

ग) अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको योगदान कस्तो छ ?

यिनै समस्याहरूको समाधानतर्फ यो शोधकार्य उन्मुख रहेको छ।

## १.३ शोधको उद्देश्य

कवि, गजलकार तथा गीतकार प्रेमविनोद नन्दनद्वारा लिखित 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको अलङ्कारसम्बन्धी अध्ययन गर्ने क्रममा उल्लिखित शोधसमस्याहरूमा केन्द्रित रही 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधाको अध्ययन गर्नु यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ। यस शोधकार्यका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्ः-

क) अलङ्कारविधानको सैद्धान्तिक अवधारणा निक्र्योल गर्नु,

ख) 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधानको अध्ययन गर्नु,

ग) अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको योगदान स्पष्ट पार्नु,

यिनै उद्देश्यहरूतर्फ यो शोधकार्य उन्मुख रहेको छ।

## १.४ पूर्वकार्यको समीक्षा

'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह सामाजिक, पौराणिक र ऐतिहासिक विषयवस्तुलाई आधार मानेर रचना गरिएको छ। यो काव्यसङ्ग्रह चरित्रप्रधान काव्यसङ्ग्रह हो। यसका ''विद्रोहिणी आमा'', ''मेनकाको मन'' काव्यहरूले भने सामाजिक विषयवस्तुलाई विशेष महत्त्व दिएको पाइन्छ। यस काव्यसङ्ग्रहका सम्बन्धमा अध्येताहरूबाट केही चर्चा-परिचर्चा भएको पाइन्छ। त्यसमा पनि विशेष गरी लेख, रचना तथा कृतिसमीक्षाहरू धेरै मात्रामा भएको पाइन्छ र शोधमूलक अनुसन्धानको सन्दर्भमा भने सीमित रूपमा मात्र अध्ययन भएको पाइए तापनि उल्लेख्य अध्ययन भएको पाइँदैन। आजसम्म आइपुग्दा यस काव्यसङ्ग्रहको विषयमा जेजति अध्ययन अनुसन्धान, चिन्तन तथा विमर्श भएका छन् ती पूर्व अध्ययनहरूको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छः-

'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको प्रकाशकीय शीर्षकलेखमा गोविन्दराज विनोदीले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा सङ्ग्रहित यी चारवटै काव्यहरूले द्वन्द्वको पीडालाई मार्मिक रूपमा प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन्। सत्ताप्राप्तिको अभिलाषाले हजारौँ मान्छे मार्ने सन्तानलाई स्वयं आमाले नै मृत्युको मुखमा पुऱ्याई आफूसमेतले आत्महत्या गर्न पुगेको करुणा र विद्रोहमिश्रित घटनालाई जोड्दै विनोदीले यी सम्पूर्ण काव्यहरूले पाठकभावकको हृदयस्पर्श गर्नुका साथै उनीहरूमा वैराग्य, करुणा, विद्रोह र शान्तिका भावहरू जगाउँछन् भन्ने कुरा बताएका छन्  (नन्दन, २०७४ :  पृ. इ,उ)।

नारायणप्रसाद खनालले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको ''काव्यसर्जक नन्दनप्रति भावाभिनन्दन'' शीर्षक दिएर नन्दनको उक्त काव्यसङ्ग्रहमा सङ्ग्रहित काव्यहरूमा प्रसाद, माधुर्य गुणयुक्त पद्यहरू रहेका र ती हृदयस्पर्शी छन् भन्दै भाव, भावना र विचारका सूक्तिहरू यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहभरि छरिएको तथ्य प्रस्तुत गरेका छन् र उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा सङ्ग्रहित सम्पूर्ण काव्यहरूले कतै विरहविछोड, कतै शान्तकरुण र कतै वीरउत्साहका भावहरू प्रकट गरेका छन् भन्दै खनालले सुन्दर अलङ्कारहरूले सम्पूर्ण काव्यहरूलाई सौन्दर्य प्रदान गरेका छन् यी काव्यहरू कतै ध्वनिबाट अभिव्यज्यमान छन्, कतै व्यङ्ग्यभाव तथा आक्रोशका रमणीय छालहरू छताछुल्ल छन् भन्ने कुरा प्रस्तुत गरेका छन्  (नन्दन, २०७४ :  पृ. ब)।

प्रदीप रेग्मीले ''सिद्धार्थको गृहत्याग'' लघुकाव्यको कृतिपरक अध्ययन शीर्षकमार्फत कवि नन्दनको जीवनी, काव्ययात्राको चर्चा-परिचर्चा गर्दै 'सिद्धार्थको गृहत्याग' लघुकाव्यको कृतिपरक अध्ययन गर्ने सन्दर्भमा विधातात्त्विक दृष्टिले उक्त लघुकाव्य उत्कृष्ट रहेको कुरा प्रस्तुत गरेका छन् (रेग्मी, २०७५ : पृ. ४९)।

प्रेमकुमार कँडेलले "प्रेमविनोद नन्दन : जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन" शीर्षक मार्फत् कवि नन्दनको जीवनी, काव्ययात्राको वर्णन गर्दै कृतित्त्व अध्ययन गर्ने सन्दर्भमा विधातात्त्विक दृष्टिले नन्दनका काव्यकृतिहरू उत्कृष्ट रहेको कुरा प्रस्तुत गरेका छन् (कँडेल, २०५५ : पृ. ७२)।

लक्ष्मणप्रसाद गौतमले नन्दनको काव्यिक परिवेश नामक कृतिको "नन्दनको व्यक्तित्त्व तथा कृतित्त्व" शीर्षक दिएर कवि प्रेमविनोद नन्दनको जीवनी र कृतित्त्वअन्तर्गत उनका काव्यकृतिहरूको विश्लेषण गर्ने क्रममा नन्दनका काव्यहरू रस, भाव र अलङ्कारले पूर्ण रहेको कुरा विश्लेषण गरेका छन् (गौतम, २०५२ : पृ. ५-१६)।

सुरेन्द्र अस्तफलले "पत्रम् पुष्पम्" कवितासङ्ग्रहको प्रकाशकीय शीर्षक लेखमा प्रेमविनोद नन्दनका प्रारम्भिक चरणका रचनाहरू व्यङ्ग्य-विद्रोहको चेतले भरिएका, पछिल्ला अवस्थाका "पत्रम् पुष्पम्" कवितासङ्ग्रह, "सिद्धार्थको गृहत्याग" लघुकाव्यसङ्ग्रहहरू पूर्वीय साहित्य मान्यताका काव्यका तत्त्वहरू रस र उपमा, उत्प्रेक्षा, लोकोक्ति, भाविक आदि अलङ्कारहरूले सुसज्जित भएको कुरा प्रस्तुत गरेका छन् (नन्दन, २०७७ : पृ. ङ)।

यसरी विभिन्न विद्वान्हरूले यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहका सम्बन्धमा केही उल्लेख गरेको भए तापनि अलङ्कारका सम्बन्धमा सम्पूर्ण तबरले व्याख्या एवं विश्लेषण भएको पाइँदैन तसर्थ यस लघुकाव्यसङ्ग्रहमा अलङ्कारसम्बन्धी अध्ययन गर्नु उपयोगी साबित हुनुका साथै वाञ्छनीय भएको देखिन्छ। शब्दालङ्कार, अर्थालङ्कारजस्ता विभिन्न अलङ्कारका भेदउपभेदहरूको

मिश्रणबाट नै काव्यहरूमा रोचकता तथा रसिकता आउँने हुनाले पूर्वीय काव्यसिद्धान्तका आधारमा 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको अलङ्कारविधानको अध्ययन शीर्षकमा यो शोधकार्य सम्पन्न भएको छ।

## १.५ शोधको अध्ययन, औचित्य र महत्त्व

काव्यहरू विशेषतः साहित्यशास्त्रीहरूद्वारा निर्दिष्ट विभिन्न तत्त्वहरूद्वारा संरचित हुन्छन्। काव्यनिर्माणका लागि विषयवस्तु, अलङ्कार, भाषाशैली, रस, छन्द, केन्द्रीय कथ्य, पात्र/चरित्र, शीर्षक आदि विविध तत्त्वहरूको आवश्यकता पर्दछ। काव्यहरूमा स्रष्टाहरूले यथाशक्य शास्त्रीयताको अवलम्बन गरेका हुन्छन्। शास्त्रीय अनुष्टुप्छन्द, मन्दाक्रान्ताछन्द र झ्याउरे लोकलयमा लेखिएको उक्त काव्य सामाजिक, पौराणिक विषयवस्तुमा आधारित भएका कारणले यो अनुसन्धेय ग्रन्थ हो। उक्त काव्यसङ्ग्रहको सामान्यतया चर्चा-परिचर्चा गरिए तापनि अलङ्कारविधालाई विशेष आधार मानेर सर्वतोभावले अध्ययन तथा विश्लेषण गरिएको पाइँदैन त्यसैले उक्त काव्यसङ्ग्रहमा अलङ्कारविधालाई आकलन गर्नुलाई मूल उद्देश्य बनाएर प्रस्तुत शोधपत्र तयार पारिएको छ। मुख्यतः यस शोधकार्यद्वारा आफ्नो एउटा लेखनाभ्यासको अभिवृद्धि हुने र तह पार हुने भएका कारणले पनि यसको आवश्यकता देखिन्छ र गौण कार्यका रूपमा यस शोधकार्यले भावी पुस्ताहरूका लागि अलङ्कारको सैद्धान्तिक अवधारणा सम्बन्धी ज्ञान पुऱ्याउने तथा पछिल्लो पुस्ताहरूलाई शोधगर्न समेत नमुनाको कार्य गर्ने भएकाले प्रस्तुत शोधपत्रको अध्ययन र विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ। अतः विभिन्न क्षेत्रका सामग्रीहरूको सङ्कलन, अध्ययन-अनुसन्धान र विश्लेषणद्वारा यस शोधकार्यलाई पूर्णता दिएका कारणले यस विषयमा गरिएको अनुसन्धानको विशेष महत्त्व एवम् मूल्य रहेको छ।

## १.६ शोधको क्षेत्र र सीमाङ्कन

साहित्यको मुख्य विधाअन्तर्गत रहेको काव्यको रचना गर्नु उत्कृष्ट कार्य हो। त्यसमा पनि पूर्वीय साहित्य सिद्धान्तका आधारमा रचना गर्नु अझ महत्त्वपूर्ण कार्य हो। अतः यस शोधपत्रको क्षेत्र 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह हो। अलङ्कारविधाको सैद्धान्तिक अवधारणा निर्क्योल गर्नु, अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको योगदान पत्ता लगाउनु र पूर्वीय अलङ्कारविधानका आधारमा 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कार विधान के-कस्तो रहेको छ ? भन्ने विषयमा केन्द्रित भई अलङ्कारलाई मात्र अध्ययन गर्नु यस शोधकार्यको क्षेत्र रहेको छ भने अलङ्कारभन्दा भिन्न रस आदि पक्षको अध्ययन नगर्नु यस शोधको सीमा रहेको छ।

## १.७ शोधविधि

यस शोधकार्यमा शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषणविधि रहेका छन्।

### सामग्रीसङ्कलनविधि

यस शोधकार्यका मुख्य र सहायक सामग्रीहरू पुस्तकालयीय विधिअनुसार सङ्कलन गरिएका छन् भने शोधनायक तथा विषय विशेषज्ञको सम्पर्कमा रही उचित सामग्रीहरूका सन्दर्भमा विमर्शसमेत गरिएको छ।

### विश्लेषणविधि

द्वितीयक स्रोतबाट प्राप्त सामग्रीलाई व्यवस्थापन गर्दा मूलतः पूर्वीय काव्यसिद्धान्तको अलङ्कारवादलाई प्रयोग गरिएको छ भने आवश्यकताबमोजिम कहीँ वर्णनात्मक, कहीँ विश्लेषणात्मक र कतै व्याख्यात्मक विधिको प्रयोग भएको छ तापनि यो शोधपत्र निगमनात्मक विधिकै परिधिमा रहेर तयार पारिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रको बाह्य तथा आन्तरिक संरचनालाई सुगठित एवं सुव्यवस्थित आकार दिनका लागि शोधपत्र निम्नानुसार परिच्छेदमा विभाजन गरिएको छः-

प्रथम परिच्छेद : शोधपत्रको परिचय

यस परिच्छेदमा शोधको परिचय प्रस्तुत गर्ने क्रममा विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, शोधको क्षेत्र र सीमाङ्कन, शोधविधिअन्तर्गत सामग्रीसङ्कलनविधि र विश्लेषणविधि र अन्तमा शोधपत्रको रूपरेखाजस्ता शीर्षकहरू रहेका छन् ।

द्वितीय परिच्छेद : अलङ्कारको सैद्धान्तिक अवधारणा

यस परिच्छेदमा अलङ्कारको सूत्रपात, अलङ्कारको सैद्धान्तिक चिन्तनको थालनी, अलङ्कारको परिभाषा, अलङ्कारको अन्य काव्यतत्त्वहरूसँगको सम्बन्ध, पाश्चात्य साहित्यमा अलङ्कारसम्बन्धी अवधारणा, काव्यमा अलङ्कारको स्थान, अलङ्कारका भेदहरू र अलङ्कारका भेदहरूको उदाहरणसहित सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ ।

तृतीय परिच्छेद : 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारविधान

यस परिच्छेदमा काव्यकारको परिचयसहित काव्यको परिचय, 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयोग भएका काव्यका तत्त्वहरूको सामान्य परिचय, उक्त काव्यसङ्ग्रहमा प्रयोग भएका शब्दालङ्कार र अर्थालङ्कारका भेदोपभेदहरूको उदाहरणसहित विस्तृत व्याख्या विश्लेषण गरिएको छ । यिनै कुरामा आधारित भएर यस परिच्छेदमा 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको व्याख्या विश्लेषण गरिएको छ ।

चतुर्थ परिच्छेद : अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले उक्त लघुकाव्यसङ्ग्रहको योगदान

यस परिच्छेदमा विषयपरिचय, 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारहरूको संयोजन के-कस्तो रहेको छ र अलङ्कारप्रयोगका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको योगदान के-कस्तो रहेको छ भन्ने विषयमा चर्चा-परिचर्चा गरिएको छ ।

पञ्चम परिच्छेद : उपसंहार तथा निष्कर्ष

यस परिच्छेदमा समग्र शोधपत्रको प्रत्येक परिच्छेदहरूको सारांशका साथ निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी शोधप्रतिवेदनको अग्र, मध्य र अन्त्य भागको उल्लेख गर्नुका साथै सन्दर्भग्रन्थसूची प्रस्तुत गरी शोधप्रतिवेदनका रूपमा यो शोधपत्र तयार गरिएको छ ।

# द्वितीय परिच्छेद

# अलङ्कारको सैद्धान्तिक अवधारणा

# द्वितीय परिच्छेद
# अलङ्कारको सैद्धान्तिक अवधारणा

## २.१ विषयप्रवेश

अलङ्कार काव्यलाई अलङ्कृत पार्ने तत्त्व हो। अलङ्कारका सम्बन्धमा भने वैदिक कालदेखि अहिलेसम्म पनि चर्चा-परिचर्चा भइरहेको देखिन्छ। अलङ्कारको चर्चा गर्ने सन्दर्भमा यस परिच्छेदमा अलङ्कारको व्युत्पत्ति, अलङ्कारको सूत्रपात, अलङ्कार चिन्तनको थालनी, परिभाषा, अलङ्कारको लक्षण र स्वरूप, अलङ्कारहरूको सङ्ख्या, पाश्चात्य साहित्यमा अलङ्कार, काव्यमा अलङ्कारको स्थान, अलङ्कारको विकासक्रम र यसको काव्यकातत्त्वहरू रस, रीति, गुण, ध्वनि र वक्रोक्तिका साथ सम्बन्धको पनि चर्चा गरिएको छ भने यसमा अलङ्कारको भेदको चर्चा गर्दै प्रमुख शब्दालङ्कार र अर्थालङ्कारहरूको लक्षण र उदाहरण पनि प्रस्तुत गरिएको छ।

## २.२ अलङ्कारशब्दको व्युत्पत्ति

'अलम्' पूर्वपदमा 'कार' शब्दको योगपछि 'अलङ्कार' शब्द निष्पन्न हुन्छ। संस्कृत भाषाको पर्याप्त वा पूर्ण अर्थ दिने 'अलम्' र बनाउनु वा गर्नु अर्थ दिने 'कार' शब्दको संयोजन भएर निष्पन्न 'अलङ्कार' शब्दबाट काव्यलाई पर्याप्त अर्थात् पूर्ण, सुन्दर, ग्रहणीय र आस्वाद्य बनाउने कुरा हो भन्ने शाब्दिक अर्थ निस्कन्छ। साहित्यिक ग्रन्थहरूमा अलङ्कार शब्दको पूर्वपद 'अलम्' लाई लिएर नै विस्तृत व्याख्या र परिभाषा गरिएको पाइन्छ। यही 'अलम्' शब्द वाङ्मय जगत्मा सर्वप्रथम ऋग्वेदमा 'अर्' का रूपमा प्रयोग भएको पाइन्छ अर्थात् ऋग्वेदमा 'अलम्' लाई 'अर्' भनेर प्रयोग गरेको पाइन्छ र अलङ्कारका लागि 'अरंकृति' शब्द प्रयोग भएको पाइन्छ (द्विवेदी, १९९८ : पृ. २८)। अलङ्कार शास्त्रका प्रवर्तक भामह, दण्डी, वामन आदि विद्वान्हरूबाट अलङ्कार शब्दकै रूपमा व्यवहृत हुँदै आजसम्म पनि व्युत्पत्तिगत अर्थ नै प्रचलित छ। अलङ्कार शब्दसम्बन्धी तीन व्युत्पत्तिहरू प्रचलित छन्। पहिलो व्युत्पत्तिअनुसार अलङ्क्रियते अनेन इति अलङ्कारः अर्थात् जुन शब्दद्वारा शब्द र अर्थ अलङ्कृत हुन्छन् तिनलाई अलङ्कार भनिन्छ। यो व्युत्पत्ति करण अर्थमा छ। यस व्युत्पत्तिअनुसार अलङ्कार काव्यको साधन, करण वा उपकरण तत्त्व हो भन्न सकिन्छ (श्रेष्ठ, २०५८ : पृ. ३१)। अर्को व्युत्पत्ति अलङ्करोतीति अलङ्कारः अर्थात् जुन शब्दले शब्द र अर्थलाई शोभा दिन्छ त्यो अलङ्कार हो। यो अलङ्कार शब्दको भावपरक व्युत्पत्ति हो। यो 'अलम्' अव्यय उपपदमा भएको संस्कृतको 'कृ' धातुदेखि 'घञ्' प्रत्यय लागेर बनेको हुनाले भावगत व्युत्पत्ति भनिएको हो (त्रिपाठी, १९९८ : पृ. ५६)। यसरी अलङ्कारको व्युत्पत्तिगत अर्थलाई हेर्दा अलङ्कार शब्द र अर्थलाई शोभा दिने काव्यको उपकारक तत्त्व हो भनेर बुझ्न सकिन्छ अर्थात् अलङ्कार काव्यको शोभावर्धक तत्त्व हो भन्न सकिन्छ। अलङ्कारले काव्यमा आएर शब्द र अर्थगत चमत्कृति पैदा गरेको पाइन्छ।

## २.३ अलङ्कारको सूत्रपात

अलङ्कारको शब्दगत र अर्थगत चर्चा वैदिक कालदेखि नै भएको देखिन्छ। आदिम ग्रन्थ ऋग्वेददेखि नै यसको अस्तित्त्व पाउन सकिन्छ (पन्त, २०५६ : पृ. १)। अलङ्कारको आदिम रूप ऋग्वेदको निम्नलिखित दुई मन्त्रमा यसरी देखाउन सकिन्छः-

क) का ते अस्त्वरङ्कृति सूक्तैः (ऋग्वेद, ७/ २८/ ३)

ख) सोमो ह्यरङ्कृता (ऋग्वेद, १/ २ /१)

उपर्युक्त वेदका मन्त्रहरूमा पहिलो मन्त्रमा ईश्वरको स्तुति कुन अलङ्कारले गरौँ भन्ने भाव ध्वनित भएको छ भने दोस्रो मन्त्रमा चन्द्रमा नै अलङ्कार बनेका छन् (पन्त, २०५६ : पृ. २)। यजुर्वेदमा पनि आर्थी, परिसङ्ख्या, विभावना र संसृष्टिजस्ता विभिन्न किसिमका अलङ्कारहरूको प्रयोग भएको पाइन्छ। उदाहरणका रूपमा शुक्लयजुर्वेदको यस मन्त्रलाई लिन सकिन्छ।

सुषारथिरश्वानिवयन्मनुष्यान्नेनीयतेऽभीषुभिर्वाजिनऽइव (यजुर्वेद, अ.३४/म.६)

यस मन्त्रमा एकातिर 'अश्वान्' अर्कोतिर 'वाजिन्' शब्द दोहोरिएकाले पुनरुक्तवदाभास अलङ्कारका साथै 'अश्वान्' शब्दमा 'इव' शब्द उपमान वाचक भएकाले उपमा अलङ्कारको पनि सम्भावना देखिएको छ। असल सारथिले वेगवान् घोडालाई जस्तै मानिसलाई पनि सूर्यका किरणले प्रेरित गरिरहेको छ भन्ने यस मन्त्रको अर्थ रहेको छ (पन्त, २०५६ : पृ. २)। यसबाट के कुरा स्पष्ट हुन्छ भने पौराणिक ग्रन्थहरूमा प्रयोग भएका अलङ्कारहरू, पूर्वीय साहित्यका आचार्य भरतले उल्लेख गरेका अलङ्कारहरू र आचार्य भामहदेखि यता फस्टाएका अलङ्कार शास्त्रहरू जति उल्लेख भए पनि ती सबै वैदिक स्थलहरूमा प्रयोग भएका अलङ्कारहरूको आदिम रूपहरूबाटै उत्पन्न भएको भन्न सकिन्छ।

अलङ्कारसम्बन्धी अनुसन्धानबाट हामी कुन निष्कर्षमा पुग्छौँ भने भामहदेखि जगन्नाथसम्मको काव्यलक्षण ग्रन्थनिर्माणको विशालतम यात्रामा जे-जति अलङ्कारहरू विकसित भए अथवा गणना भए प्रायः ती वैदिक वाङ्मयस्थलहरूमा र पौराणिकस्थलहरूमा प्रयोग भएका आदिम अलङ्कारका रूपहरूबाटै विकसित हुँदै स्थापित हुन पुगेका हुन्। अन्य अर्थहरूमा अलङ्कारशब्दको प्रयोग ऋग्वेद, यास्कको निरुक्त, पाणिनिको अष्टाध्यायीजस्ता प्राचीन ग्रन्थहरूमा हुँदै आए तापनि साहित्य शास्त्रीय ढङ्गले भने त्यहाँ अलङ्कार शब्द प्रयुक्त भएको छैन, काव्यगत तत्त्वका रूपमा ती पौराणिक ग्रन्थहरूको अध्ययन पूर्वीय आचार्य भरतदेखि भए तापनि जानेर वा नजानेर प्रयोग भने वैदिक कालदेखि नै भइरहेको देखिन्छ।

## २.४ अलङ्कारको सैद्धान्तिक चिन्तनको थालनी

भाषा प्रयोग गर्ने सन्दर्भमा विभिन्न उक्तिवैचित्र्यमा ढालेर बोलिने वा व्यक्त गरिने शैली नै अलङ्कार शैली हो। यसकारण भाषाको विकासक्रमसँगै अलङ्कारको उत्पत्ति पनि गाँसिएको पाइन्छ (अधिकारी, २०५६ : पृ. ४४)। ऋक्, यजु, साम र अथर्व यी चारै वेदहरूमा उपमा, रूपक, विभावना, विशेषोक्ति, उत्प्रेक्षाजस्ता विभिन्न अलङ्कारहरूको प्रयोग भएका ऋचाहरू पाइन्छन् अतः अलङ्कारको उत्पत्तिस्थल प्राचीन ग्रन्थ वेद नै हो। (अधिकारी, २०५६ : पृ. ४४)। अलङ्कार वेदको पनि उपकारक तत्त्व हुन पुग्दछ त्यसैले वेदका अङ्गहरूमध्ये सातौँ अङ्गका रूपमा अलङ्कारलाई मान्नुपर्दछ भनेर पौरस्त्य सिद्धान्तका आचार्य राजशेखरले वेदमा प्रयोग भएका अलङ्कारहरूलाई आधार बनाएर आफ्नो मत प्रस्तुत गरेका छन्। यास्कले आफ्नो निरुक्त ग्रन्थमा निपातहरूको विवेचनाका क्रममा उपमा अलङ्कारका स्वरूप र भेदहरूको उल्लेख गर्दै पूर्ववर्ती गार्ग्य आदि आचार्यहरूको आलङ्कारिक धारणाहरूको पनि चर्चा गरेका छन्। यसै गरी सूत्रकार पाणिनि,

वार्तिककार कात्यायन, भाष्यकार पतञ्जलिजस्ता पौरस्त्य सिद्धान्तका वैयाकरणहरूले पनि सादृश्यको विवेचना गर्ने क्रममा उपमा अलङ्कारको परिचय दिएका छन् (उपाध्याय, २०६७ : पृ. ९३)। यसरी विभिन्न कालहरूमा नामतः चर्चा-परिचर्चा हुँदै आएको अलङ्कारलाई काव्यको अङ्ग मानेर काव्यशास्त्रीय दृष्टिले अलङ्कारसम्बन्धी विवेचनाको क्रम पूर्वीय साहित्यका प्रथम शताब्दीका आचार्य भरतमुनिदेखि प्रारम्भ भएको मानिन्छ (उपाध्याय, २०६७ : पृ. ९३)। भरतले आफ्नो 'नाट्यशास्त्रम्'मा उपमा, दीपक, रूपक र यमक गरी चार ओटा अलङ्कारहरूको मात्र चर्चा गरेका छन्। पूर्वीय आचार्य भरतले अलङ्कारको खासै चर्चा गरेनन्। भरतसम्म आइपुग्दा पनि अलङ्कारसिद्धान्त महत्त्वपूर्ण छ भन्ने जग बस्न सकेन। ( भण्डारी र पौडेल, २०६३ : पृ. ६०) तर पनि सर्वप्रथम पूर्वीय संस्कृत साहित्य जगत्मा उदाएको वाद अलङ्कारवाद हो जसको सुरुवात भामह (छैठौँ शताब्दी) देखि भएको हो। यिनले काव्यमा अलङ्कारको सर्वोपरि महत्त्व स्वीकार गर्दै संस्कृत काव्यशास्त्रमा अलङ्कारशास्त्रको महत्त्व बसाल्ने काम गरे। भामहले आफ्नो ग्रन्थ 'काव्यालङ्कार'मा अलङ्कारको विशिष्ट स्वरूपको परिचय दिएका छन्। यसकारण पूर्वीय साहित्यका आचार्य भामहलाई अलङ्कार सम्प्रदायका स्थापनाकर्ता मानिन्छ। यिनले आफ्नो 'काव्यालङ्कार'मा प्रयोग गरेका 'अन्यैः र अपरैः' आदि पदहरूद्वारा उनीभन्दा अघि नै अलङ्कारको प्रशस्त व्याख्या भइसकेको तर यसको वास्तविक सैद्धान्तिक जग बस्न नसकेकाले 'काव्यालङ्कार' ग्रन्थ रच्नुपरेको कुरा ध्वनित हुन्छ। यी आदि प्रमाणहरूबाट भामह र उनको काव्यालङ्कार ग्रन्थबाट पूर्वीय संस्कृत साहित्यमा अलङ्कारको सैद्धान्तिक जगको स्थालनी भएको हो भन्न सकिन्छ। अलङ्कार सम्प्रदायका दोस्रो समीक्षक सातौँ शताब्दीका दण्डी हुन्। उनले भामहले प्रतिपादन गरेको केही अलङ्कारलाई छोडेर केही नयाँ अलङ्कारको समेत कल्पना गरी समस्त अलङ्कारलाई स्वभावोक्ति र वक्रोक्ति नाम गरी दुई भागमा बाँडेर स्वभावोक्तिलाई पनि अलङ्कारका रूपमा मानेका छन् (भण्डारी र पौडेल, २०६३ : पृ. ६९)। पूर्वीय साहित्यका आचार्य दण्डीद्वारा संरचित आलङ्कारिक ग्रन्थ 'काव्यादर्श' हो। दण्डीले उक्त ग्रन्थमा अलङ्कारलाई विशेष महत्त्व दिएका छन्। तापनि उनले गुणलाई काव्यको प्राणतत्त्व मानी रीतिवादको उदयको लागि मार्गनिर्माण गरिदिएका छन् (उपाध्याय, २०६७ : पृ. ९४)। भामहद्वारा अनुप्राणित अलङ्कारको सैद्धान्तिक जगलाई बलियो बनाउने एवं पृष्ठपोषण गर्ने काव्यालङ्कारका टीकाकार उद्भट, रुद्रट तथा पछिल्ला आचार्य जयदेव हुन् (उपाध्याय, २०६७ : पृ. ९४)। रुय्यकले भामह, उद्भट आदिलाई चिरन्तन आलङ्कारिक भनी आफ्नो ग्रन्थ 'अलङ्कार सूत्र'मा उल्लेख गरेका छन् र यी प्राचीन साहित्यका आचार्यहरूको मतमा काव्यहरूमा अलङ्कारको नै विशिष्ट स्थान हुन्छ भनी जनाएका छन्।

यसरी अलङ्कार सम्प्रदायका संस्थापक भामहदेखि यस सम्प्रदायका पृष्ठपोषक दण्डीको 'काव्यादर्श', उद्भट (ई. ७७९-८०९) को 'अलङ्कारसारसङ्ग्रह', वामन (ई. ८०० लगभग) को 'काव्यालङ्कारसूत्रवृत्ति', रुद्रट (ई. ८५०) को 'काव्यालङ्कार', कुन्तक (ई. ९२०-१०२०) को 'वक्रोक्तिजीवितम्', भोजराज (ई. ९८०-१०६५) को 'सरस्वतीकण्ठाभरणम्', रुय्यकको 'अलङ्कारसर्वस्वम्' सम्म आइपुग्दा अलङ्कारले आफूलाई एउटा सैद्धान्तिक जगमा बसाउन सफल भएको देखिन्छ।

## २.५ अलङ्कारको लक्षण र स्वरूप

अलङ्कारको प्रयोग वैदिक कालदेखि नै भएको देखिए तापनि काव्यहरूको तत्त्व विशेषको रूपमा चर्चा भने ई. पू. पहिलो शताब्दीका आचार्य भरतले सुरु गरेको देखिन्छ। उनले आफ्नो 'नाट्यशास्त्रम्'मा ''उपमा दीपकञ्चैव यमकं दीपकस्तथा'' (भरत, सन् १९८३ : पृ. १९९) भनेर उपमा, दीपक आदि अलङ्कारहरूको परिगणना गरेका छन्। त्यसपछिका छैटौँ शताब्दीका अलङ्कारलाई विशेष महत्त्व दिने अलङ्कारवादी आचार्य भामहले काव्यमा अलङ्कारको विशेष महत्ता स्वीकार गरी त्यसको विशिष्ट स्वरूपको परिचय दिँदै अलङ्कारवाद वा अलङ्कार सम्प्रदायको स्थापना गरेका छन्। पूर्वीय आचार्य भामहले आफ्नो साहित्यशास्त्रीय ग्रन्थ 'काव्यालङ्कार'मा ''वक्राभिधेयशब्दोक्तिरिष्टावाचामलङ्कृतिः'' (भामह, २०३८ : पृ. ४५) भनी अलङ्कार भनेको वाणीको सौन्दर्य हो र वक्रोक्ति नै त्यसको मूल विधायक तत्त्व हो भन्ने कुरालाई अघि सारेका छन्। उनले अझ अलङ्कारको महत्त्व स्पष्ट पार्नको लागि ''न कान्तमपि निर्भूषं विभाति वनिताननम्'' (भामह, सन् २०३८ : पृ. ४६) भन्ने कुरा उल्लेख गरेका छन् अर्थात् सुन्दर अनुहार पनि विनाअलङ्कार त्यति शोभादायक नहुने भएकाले अनुहारमा अलङ्कारको आवश्यकता भएझैँ काव्यमा त झन् अलङ्कार अत्यावश्यक हुने विचार प्रस्तुत गरेका छन्। त्यसपछिका पूर्वीय साहित्यका आचार्य दण्डी ''काव्यशोभाकरान्धर्मानलङ्कारान्प्रचक्षते'' (दण्डी, सन् १९८५ : पृ. ९९) अर्थात् काव्यको शोभाकारक तत्त्व नै अलङ्कार हो भन्दछन्। उनी भन्छन्, सबै अलङ्कारहरूले काव्यमा रसको सेचन गर्दछन् तापनि यस कार्यमा अग्राम्यता (वैदग्ध्य) ले महत्त्वपूर्ण भार बोकेको हुन्छ। आठौँ शताब्दीका वामनले आफ्नो ''काव्यलङ्कार'' सूत्र ग्रन्थमा ''काव्यं ग्राह्यमलङ्कारात्, सौन्दर्यमलङ्कारः, अलङ्कृतिरलङ्कारः। करणव्युत्पत्या पुनरलङ्कारशब्दो यमकोपमादिषु वर्त्तते'' (वामन, सन् २०३३ : ३४) अर्थात् काव्य अलङ्कारले गर्दा नै ग्राह्य हुन्छ, विशेष गरेर अलङ्कार नै काव्यको सौन्दर्य हो, अलङ्कार भनेको यमक, उपमा आदि शब्दालङ्कार र अर्थालङ्कार हुन् भनी अलङ्कारद्वारा नै काव्यको ग्राह्यता सिद्ध हुने मत स्थापना गरेका छन्। नवौँ शताब्दीका प्रसिद्ध पौरस्त्य ध्वनिवादी आचार्य आनन्दवर्द्धनले आफ्नो महत्त्वपूर्ण पूर्वीय ग्रन्थ 'ध्वन्यालोक'मा अलङ्कारको लक्षण प्रस्तुत गर्दै ''अलङ्कारो हि बाह्यालङ्कारसाम्यादङ्गिनश्चारुत्वहेतुरुच्यते'' (आनन्दवर्द्धन, सन्. १९८९ : पृ. ८७) भनेका छन्। अर्थात् यिनले अलङ्कार बाह्य आभूषण जस्तै अङ्गीको सौन्दर्य वृद्धि गर्ने साधन हो भन्ने दृष्टिको विकास गरेका छन्। उनले अझ अलङ्कारलाई विशेष जोड दिँदै ''तमर्थमवलम्बन्ते येऽङ्गिनं ते गुणाः स्मृताः। अङ्गाश्रितास्त्वलङ्काराः मन्तव्याः कटकादिवत्''। (आनन्दवर्द्धन, सन् १९८९ : पृ. ९०) अर्थात् जो अङ्गीभूत रसलाई आश्रय बनाएर रहेका हुन्छन्, ती गुण कहिन्छन् र जो अङ्गभूत शब्दार्थलाई आश्रय बनाएर रहेका हुन्छन्, ती कटक, कुण्डल आदि झैँ अलङ्कार मानिन्छन् भनी आफ्नो मतलाई अघि सारेका छन्। एघारौँ शताब्दीका आचार्य मम्मटले आफ्नो प्रसिद्ध ग्रन्थ 'काव्यप्रकाश'मा अलङ्कारका सम्बन्धमा अधिक रूपमा चर्चा-परिचर्चा गरेका छन्। उनले आफ्नो प्रसिद्ध ग्रन्थ 'काव्यप्रकाश'मा अलङ्कारको लक्षण गर्दै ''उपकुर्वन्ति तं सन्तमङ्गद्वारेण जातुचित्। हारादिवदलङ्कारास्तुऽनुप्रासोप्रमादयः'' (मम्मट, सन् १९८९ : पृ. १७०) भनेका छन्। अर्थात् अङ्ग (शब्द र अर्थ) द्वारा रसको उपकार गर्ने अनुप्रास, उपमा, रूपक आदि अलङ्कार हुन् र ती हार आदि जस्तै आभूषण हुन् भन्ने कुरालाई स्पष्ट पारेका छन्। मम्मटले काव्यमा अलङ्कारको वैकल्पिकता स्वीकार गर्दै भनेका छन्ः ''तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापि'' (मम्मट, सन् १९८९ :

पृ. ४७५)। अर्थात् यिनका अनुसार अलङ्कार आभूषण स्थानीय हुने र यसले शब्दार्थ, रूप र अङ्गका माध्यमले रसको उपकार गर्ने र शोभा बढाउने काम गर्दछ। यस पछि अलङ्कारको चर्चा गर्ने अर्का महत्त्वपूर्ण पूर्वीय आचार्य विश्वनाथले आफ्नो उत्कृष्ट साहित्यिक ग्रन्थ 'साहित्यदर्पण'मा मम्मटसँग सहमत हुँदै आफ्नो मतलाई यसरी अघि सारेका छन् ''उपकुर्वन्ति तं सन्तमङ्गद्वारेण जातुचित्। हारादिवदलङ्कारास्ते-ऽनुप्रासोपमादयः'' (विश्वनाथ, सन् १९७० : पृ. ४६०) अर्थात् सामान्य रूपमा अलङ्कारहरू सौन्दर्य बढाउने र रसको उपकार गर्ने शब्दार्थका अस्थिर धर्म हुन्, तिनीहरू अलङ्कार हुन् र बाला आदिझैँ आभूषण पनि हुन्। यस पछिका प्रसिद्ध आचार्य जगन्नाथले भने आफ्नो साहित्यिक ग्रन्थ 'रसगङ्गाधर'मा ''अथास्य प्रागभिहितलक्षणस्य काव्यात्मनो व्यङ्ग्यस्य रमणीयताप्रयोजका अलङ्कारा निरुप्यन्ते'' (जगन्नाथ, सन् १९७० : पृ. १९४) भनेका छन्। यिनले अलङ्कारको छुट्टै परिचय नदिए तापनि रमणीयताका प्रयोजक अलङ्कारहरू हुन् भन्ने भाव व्यक्त गरेका छन्। हिन्दी भाषाका प्रखर विद्वान् गुलाव रायका अनुसार अलङ्कारहरू नितान्त बाहिरी तत्त्व होइनन् बरु ती कवि वा लेखकको हृदयका साथ बाँधिएका हुन्छन् र कवितामा वा काव्यमा चमत्कार उत्पन्न गर्दछन्।

यस प्रकार सम्पूर्ण पूर्वीय साहित्यका आचार्यहरूको लक्षणलाई हेर्दा अलङ्कार सम्बन्धी के निष्कर्ष निकाल्न सकिन्छ भने अलङ्कारहरू काव्यका उपकारक तत्त्वहरू हुन् र यिनले काव्यको शोभा बढाउने कार्य गर्दछन्। यिनीहरूको प्रयोगले काव्यहरू केवल काव्यजस्ता मात्र नभएर उत्कृष्ट काव्यहरू बन्ने भएकाले काव्यहरूमा यी अलङ्कारहरूको महत्त्व अधिक मात्रामा रहेको छ।

## २.६ अलङ्कारको परिभाषा

पूर्वीय साहित्य क्षेत्रमा भरतदेखि सत्रौँ शताब्दीसम्म आइपुग्दा अविरल चिन्तनको कसौटीमा घोटिएको अलङ्कारका बारेमा पूर्वीय साहित्यका आचार्यहरूले आ-आफ्नै ढङ्गले अलङ्कारको परिभाषा र परिचय दिएर अलङ्कार विधालाई चिनाउन खोजेका छन्। संस्कृत काव्यशास्त्रका एवम् अन्य विद्वान्हरूका परिभाषालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः-

१. रूपकादि नै त्यस्ता अलङ्कार हुन् जसबाट काव्यमा शोभाको वृद्धि हुन्छ। अलङ्कारविनाको काव्य शृङ्गाररहित वा आभूषणरहित वनिताको मुखसमान हुन्छ (भामह, सन् २०३८ : पृ. १३)। आचार्य भामहका अनुसार अलङ्कार नै काव्यको सौन्दर्य हो र यो सौन्दर्य विधायक तत्त्व चाँहि विदग्धतापूर्ण उक्ति हो (भामह, सन् २०३८ : पृ. ४५-४६)।

२. काव्यलाई शोभा दिने धर्म अलङ्कार हो (दण्डी, सन् १९८५ : पृ. २)। दण्डीका मतमा अलङ्कार काव्यको सहज गुण हो र यसमाथि काव्यको शोभा वा सौन्दर्य आधारित हुनुका साथै काव्यलाई अलङ्कृत गर्ने कार्य पनि रहन्छ।

३. अलङ्कार भनेको एक किसिमको कथन हो यसमा उक्ति वैचित्र्यको विशेष भूमिका रहन्छ (रुद्रट, सन् १९६६ : पृ. ५६)।

४. सौन्दर्य भन्नु नै अलङ्कार हो र अलङ्कारले युक्त कुनै पनि काव्य ग्रहणयोग्य वा आस्वाद्य हुनुका साथै यसले मानिसलाई आह्लादित बनाउने कार्य पनि गरेको पाइन्छ। (वामन, सन् २०३३ : ७६)।

५. अलङ्कार भनेको लौकिक आभूषण झैँ अङ्गी (रस) को सौन्दर्यको साधन हो। (आनन्दवर्द्धन, सन् १९८९ : पृ. ८७)

६. शब्द र अर्थद्वारा रसको उपकार (सौन्दर्यवर्द्धन) गर्ने उपमा अनुप्रास आदि अलङ्कार हुन् र ती हारजस्तै आभूषण हुन्। (मम्मट, सन् १९८९ : पृ. १७०)।

७. सौन्दर्य बढाउने र रसको उपकार गर्ने शब्दार्थका जुन अस्थिर धर्म हुन् ती अलङ्कार हुन् र त्यसले बाला, गहना आदिझैँ शब्द र अर्थलाई वा काव्यको आत्मा रसलाई आभूषण दिने काम मात्र गर्दछ (विश्वनाथ, सन् १९७० : पृ. ४६०)।

८. मानिसको बोलचालदेखि भिन्न शैलीद्वारा चमत्कारपूर्वक अनौठो ढङ्गले कुनै विषयको वर्णन गर्नु नै अलङ्कार हो (भट्टराई, २०३१ : पृ. ३८१)।

९. अलङ्कारको अर्थ सजावट, सजाउने या अलङ्कृत गर्ने क्रिया आभूषण जसको शब्दगत अर्थ शब्दको अनुसार तीन भेद छन् र काव्यको गुणदोष बनाउने वाला शास्त्र रहेको छ (आप्टे, सन् १९८९ : पृ. ५)।

१०. नेपाली बृहत् शब्दकोशमा अलङ्कार शब्दको अर्थका रूपमा गहना, आभूषण शृङ्गारका सामग्री, श्रृङ्गार सजावट, अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिँगार्ने तत्त्व भएको, साहित्यशास्त्रको एक अङ्ग काव्यको चमत्कारपूर्ण वर्णनशैली हो भनिएको छ (पोखरेल र अन्य, २०४० : पृ. ८०)।

११. नेपाली साहित्य कोशमा अलङ्कारबाट व्यावहारिक अर्थमा अपूर्णतालाई पूर्ण र असमर्थलाई समर्थ तुल्याउन सक्ने काव्यतत्त्व जान्न सकिने कुरा उल्लेख गरेको पाइन्छ (बराल र अन्य, २०५५ : पृ. ४९)।

१२. संस्कृत नेपाली बृहत् शब्दकोशमा अलङ्कारलाई ६ प्रकारले देखाइएको छ। १) अलङ्कार भनेको गहना, शृङ्गार सजावट जसरी कविको प्रसिद्धिले वा उनको प्रौढ कल्पनाले राम्रा शब्द र अर्थको रचना हुँदा अलङ्कार बन्छ, २) अलङ्कारक, ३) अलङ्कृतम्, ४) अलङ्कृत, ५) अलङ्कृति, ६) अलङ्क्रिया भनी विभिन्न विद्वान्हरूले रचेका अलङ्कारको सङ्ख्या बताइएको छ (पाण्डेय, २०५७ : पृ. १०७)।

१३. बृहत् अङ्ग्रेजी शब्दकोशमा फिगर अफ स्पिचको अर्थ भाषामा अलङ्कार जस्तै रूप, अतिशयोक्ति, उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि र सङ्गीतमा एउटाको पछाडि आउने अर्को सुर जसले मिलेर एउटै सुर उत्पन्न गर्दछ, भनी अलङ्कारको बारेमा उल्लेख भएको पाइन्छ (बाबरी, सन् १९६९ : पृ. ७१२)।

१४. इङ्लिस संस्कृत डिस्क्नरीमा फिगर अफ स्पिच भन्नाले व्यञ्जक, ध्वनि, उपलक्षण, लक्षणा, आक्षेप, आरोप, निदर्शना, आज्ञा आदि वस्तुको उल्लेख भएको पाइन्छ (विलियम, सन् १९६४ : पृ. २७९)।

यसरी माथि उल्लिखित परिभाषाहरूलाई केलाएर अन्त्यमा समष्टि परिभाषा गर्न सकिन्छ। काव्य वा साहित्यको अभिव्यक्ति पक्षसँग सम्बन्धित शिल्पसौन्दर्यमा चमत्कृति प्रदान गर्ने तत्त्व अलङ्कार साहित्यका रस, ध्वनिजस्ता आन्तरिक तत्त्वहरूसँग पनि अभेद रूपमा संश्लिष्ट भएर देखापर्दै

काव्य सम्बन्धी आत्माको महत्त्वपूर्ण उपकारक तत्त्व बनेको हुन्छ भनी अलङ्कार सम्बन्धी परिभाषालाई समापन गर्न सकिन्छ। यसका साथै जसरी एउटा वनितालाई सुशोभित पार्न आभूषणादि विभिन्न गहनाहरूको आवश्यकता पर्दछ त्यसरी नै अलङ्कारलाई काव्यमा चमत्कृति पैदा गर्ने पाठकवर्गलाई आह्लादित पार्ने काव्यमा सौन्दर्य प्रदान गर्न नभई नहुने महत्त्वपूर्ण प्राण तत्त्वका रूपमा स्वीकार गर्न सकिन्छ।

## २.७ अलङ्कारको अन्य काव्यतत्त्वहरूसँगको सम्बन्ध

समयको कालखण्ड र विकासक्रममा साहित्य परम्परामा देखापरेका विभिन्न चिन्तक एवम् काव्यशास्त्रीहरूको साहित्य शास्त्रको विकास र अध्ययनमा महत्त्वपूर्ण योगदान देखिन्छ। विभिन्न कालखण्डमा विद्वान्हरूका बिच साहित्यमा कुन तत्त्वको प्राधान्यता रहने, कुन तत्त्व प्राण र कुन गौण भन्ने कुराको पनि विचार विमर्श पाइन्छ। अहिलेसम्मको इतिहास हेर्दा पहिलो शताब्दीका आचार्य भरतले प्रतिपादन गरेको रसवाद, छैटौँ शताब्दीका आचार्य भामहद्वारा प्रतिपादित अलङ्कारवाद, आनन्दवर्द्धनको ध्वनिवाद, वामनद्वारा प्रतिपादित रीतिवाद, कुन्तकको वक्रोक्तिवाद र क्षेमेन्द्रद्वारा प्रतिपादित औचित्यवादजस्ता साहित्यिक तत्त्वहरूको साहित्यशास्त्रमा चर्चा-परिचर्चा भएको पाइन्छ। यी मध्ये रसवाद र ध्वनिवाद भावपक्षलाई प्राधान्य दिन्छन् भने अलङ्कार र रीतिले भने शिल्पपक्षको सन्तुलनमा विशेष विचार गर्छन्। वक्रोक्ति र  औचित्यवादलाई भने समन्वयवादी सम्प्रदाय मानिन्छ।

अलङ्कार र रस

भरतले नाट्यशास्त्रमा रसविना कुनै भावको प्रवर्तन हुँदैन भनेर रसवादको स्थापना गरेपछि रसप्राधान्यवादी सम्प्रदायको उदय भएको हो। त्यसपछिका भामह र दण्डीले भने यसका साथमा अलङ्कार, गुणको पनि चर्चा गरे र आठौँ शताब्दीका वामनले भने रसनिष्पत्ति अरू तत्त्वका साथमा रस र रसनिष्पत्तिको पनि विशेष चर्चा गरेपछि शङ्कुक र भट्टनायकले पनि यसमा निरन्तरता दिए। नवौँ शताब्दीका आनन्दवर्द्धनले ध्वनिवादको स्थापना गर्ने क्रममा रसलाई शीर्षस्थानमा राखे र आत्मतत्त्वका रूपमा स्वीकृति दिए। यस पछिका मम्मट, विश्वनाथ र जगन्नाथले पनि यस रसतत्त्वको प्राधान्यतामा पूर्ण स्वीकृति दिएको पाइन्छ र यसलाई नै काव्यको प्राण, अनिवार्य र महत्त्वपूर्ण तत्त्वका रूपमा व्याख्या गरे। यसरी रस विना कुनै भाव हुँदैन, काव्यको प्राण नै रस हो भनी रसनिष्पत्ति, रससाधारणीकरण जस्ता विषयको प्रतिपादन गर्दै शृङ्गार, वीर आदि नौ ओटा रसको विधान गरिएको छ (उपाध्याय, २०६७ : पृ. १०३)।

अलङ्कारवादीहरूको दृष्टिबाट हेर्दा भने अलङ्कारवादीहरू अलङ्कार र रसमा भिन्नता नभएको मान्दछन्। भामह रसलाई रसवत् अलङ्कारभित्र समेट्छन् भने दण्डी ''काव्यशोभाकरान्धार्मानलङ्कारान्प्रचक्षते'' (दण्डी, सन् १९८५ : पृ. ९९)। भन्दै काव्यशोभाकर धर्मका रूपमा लिन्छन्। आचार्य भोजले अलङ्कारको प्रधानता भएमा वक्रोक्ति, गुणको प्रधानता भएमा स्वभावोक्ति र रसनिष्पत्ति भएमा रसोक्ति अलङ्कार बन्दछ भनी अलङ्कारमा नै सबै तत्त्वहरू समावेश हुने बताउँछन्। रसध्वनिवादीहरूका दृष्टिले हेर्दा भने उनीहरू सबै तत्त्वहरू रसको नियोजनमा हुने कुरा बताउँछन्। अलङ्कार र रस काव्यका भिन्न तत्त्व हुन् भन्ने कुरा पनि उनीहरू प्रमाणित गर्दछन्। आनन्दवर्द्धन भने अलङ्कारलाई काव्यको आत्मा रसको सौन्दर्यको हेतु वा उपकारक मान्दछन्।

मम्मटले अलङ्कार र रसका बिच उपकारक र उपकार्यको सम्बन्ध मानेका छन् (उपाध्याय, २०६७ : पृ. १०४)।

अलङ्कारहरू काव्यका चमत्कृति पैदा गर्ने र सौन्दर्य सम्पादन गर्ने तत्त्वहरू हुन्। यिनले शब्द र अर्थका माध्यमबाट काव्यको प्राणभूत रसतत्त्वमा सौन्दर्यको समावेश गरी काव्यानुभूतिमा आनन्द प्रदान गर्दछन्। यसर्थ अलङ्कार र रस दुवै काव्यका फरक-फरक तत्त्व हुन् भन्न सकिन्छ। अलङ्कार र रसद्वारा काव्यले सौन्दर्य प्राप्त गर्न सक्दछ भन्न सकिन्छ।

अलङ्कार र रीति

रीति पदरचनाको पद्धति हो। यसको विशेष चर्चा-परिचर्चाको सुरुवात भने आचार्य भामहदेखि भएको देखिन्छ। उनले रीतिको स्थानमा मार्ग शब्दको प्रयोग गरेका छन्। आचार्य दण्डीले भने रीतिका बारेमा विशिष्ट विचार प्रस्तुत गर्दै उनले रीतिलाई काव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा स्वीकार गरेका छन्। आठौँ शताब्दीका आचार्य वामनले भने ‘‘रीतिरात्मा काव्यस्य’’ (वामन, २०३३ : पृ. ३५) भन्दै मार्गको स्थानमा रीति शब्दको प्रयोग गरी काव्यको आत्मतत्त्व रीति र रीतिको आत्मा गुण हो भन्दै रीतिवादको स्थापना गरेका छन्।

वामनले वैदर्भी, गौणी र पाञ्चाली गरी तीन प्रकारका रीतिहरूको वर्णन गरेका छन्। त्यसपछि पूर्वीय साहित्य सिद्धान्तमा देखापरेका रुद्रटले भने प्रादेशिकताभन्दा पनि विषयवस्तु र रसको औचित्यको दृष्टिले त्यसको निरूपण गरेका छन् र यिनले लाटी नामको रीतिको पनि चर्चा-परिचर्चा गरेका छन् (उपाध्याय, २०६७ : पृ. १५२)। त्यसपछिका आचार्य जगन्नाथसम्म आइपुग्दा पनि यसको चर्चा भइरहेको देखिन्छ।

अलङ्कारसँग रीति सिद्धान्तको तुलना गर्दा भने रीति गुणमा आश्रित हुन्छ भने अलङ्कार शब्द वा अर्थमा आश्रित हुन्छ। गुण विना अलङ्कारमात्रले काव्यको शोभा वा सौन्दर्य बढ्दैन तर गुणविशिष्टरीतिले मात्र पनि काव्यलाई मनोहर र आकर्षक पार्न सक्छ। अलङ्कार कृत्रिम वा श्रमसाध्य भएमा रसास्वादनमा बाधा उत्पन्न गर्छ त्यसै गुणको उपकारक रीति पनि अनुपयुक्त भएमा अपकार गर्दछ तैपनि मर्यादाक्रमका अनुसार गुण पहिले र त्यसपछि रीति र अलङ्कारको स्थान हुने गर्दछ (उपाध्याय, २०६७ : पृ. १५२)। वस्तुतः अलङ्कार विना पनि काव्य बन्न सक्ने तर गुण विना भने काव्यहरूको निर्माण हुन नसक्ने भएकाले गर्दा गुणको उपकारक रीति र अलङ्कारको पारस्परिक प्रत्यक्ष सम्बन्ध नभए पनि दुवै काव्यका उपकारक र शोभावर्द्धक तत्त्वहरू हुन् भन्न सकिन्छ।

अलङ्कार र गुण

पूर्वीय साहित्य चिन्तन परम्परामा गुण र अलङ्कारको स्वरूप र सम्बन्धका विषयमा आचार्यहरूका बिचमा मतभिन्नता देखापरेको छ। अलङ्कार प्राधान्यवादीहरू अलङ्कार र गुणका बिच अभेद सम्बन्ध मान्दछन् भने अलङ्कार सिद्धान्तका पृष्ठपोषक आचार्य भामहले पनि अलङ्कारभित्रै गुणको समावेश गर्छन्। पछिका अनुयायी उद्भटले भने लौकिक गुण र अलङ्कारमा भेद हुने तर काव्यवत् गुण र अलङ्कारमा भने अभेद हुने विचार प्रकट गर्छन्। दण्डी अलङ्कारलाई काव्यशोभाकर धर्म र गुण काव्यमा निहित हुने विशिष्ट पदरचनाका प्राण हुन्, भन्दछन्। वामन भने अलङ्कार र गुणबिच भिन्नता देखाउँदै गुण काव्यशोभाकर धर्म र अलङ्कार त्यसलाई बढाउने हेतुको

रूपमा प्रस्तुत गर्दछन् । त्यसैगरी उनले गुण, शब्द र अर्थका नित्य धर्म हुन् र अलङ्कार अनित्य धर्म हुन् भन्ने कुरा पनि दर्शाएका छन् ।

आनन्दवर्द्धनले के भनेका छन् भने जो अङ्गीभूत रसलाई आश्रय बनाएर रहेका हुन्छन् ती गुण कहिन्छन् र जो अङ्गभूत शब्दार्थलाई आश्रय बनाएर रहेका हुन्छन् ती कटक, कुण्डल आदिझैँ अलङ्कार मानिन्छन् । जसरी शूरता, वीरता, सौजन्य आदि गुण शरीरभित्र प्रधानरूपमा रहेर उत्कर्ष बढाउँछन् त्यस्तै गुणहरू रसरूपी आत्मामा रहन्छन् । अलङ्कारहरू भने बाला, कुण्डलजस्तै बाहिरी अङ्गमा रहेर शब्दार्थका आश्रयद्वारा रसादिलाई उपकार गर्दछन् । पछिका विश्वनाथ, मम्मटहरूले पनि यो कुरा स्विकारेका छन् (उपाध्याय, २०६७ : पृ. १००-१०१) ।

यसरी काव्यमा गुण र अलङ्कारको आ-आफ्नै महत्त्व छ । दुवै काव्यहरूमा सौन्दर्य थप्ने कार्य गर्दछन् । यी दुवै एक अर्काका विरोधी नभएर परिपूरक हुन् र अमुक रसको निम्ति अमुक अलङ्कार भन्ने त्यस्तो विशेष नियम पनि छैन । अलङ्कारको तुलनामा गुण रसको बढी निकटवर्ती देखापर्छ । गुण अलङ्कारको मुखापेक्षी हुँदैन तर कतिपय शब्दालङ्कार वर्णको योजनाअनुसार रहने हुँदा तिनको निर्माणमा गुण महत्त्वपूर्ण हुन्छ । गुणअन्तर्गत माधुर्य, प्रसाद, ओज आदि पर्दछन् । गुण रसाश्रित भए तापनि अलङ्कारहरू पनि रसका साथ संश्लिष्ट भएर उपकारक बन्दछन् त्यसैले अलङ्कारलाई पनि रसाश्रित हुन्छ भन्दा अत्युक्ति हुँदैन । साथै गुणलाई आन्तरिक र अलङ्कारलाई बाहिरी तत्त्व भन्नुभन्दा आंशिकरूपमा अलङ्कारलाई पनि आंशिक तत्त्वका रूपमा नै स्वीकार गर्दा न्याय हुने मान्न सकिन्छ ।

अलङ्कार र ध्वनि

ध्वनिवादी आनन्दवर्द्धनले आफ्नो प्रसिद्ध पूर्वीय ग्रन्थ ध्वन्यालोक नामक कृतिमा काव्यको आत्मा ध्वनि हो भन्ने मान्यतालाई स्थापना गरेका छन् । ध्वनिको सङ्केत भने पहिले नै भइसकेको बताउँदै यसको विवेचना गर्दै स्थापना गरेको देखिन्छ । यिनले रसादि ध्वनिलाई नै काव्यको आत्मा प्रतिपादन गरी त्यसकै अनुशासनमा रीति, गुण, अलङ्कार आदि तत्त्वहरूको विवेचना गरेका छन् । सामान्य रूपमा भन्दा ध्वनिको अर्थ आवाज हो ।

वास्तवमा ध्वनिको अर्थ आवाज मात्र नभएर त्यस्तो व्यङ्ग्यार्थ हो जसमा वस्तु, रस, रसाभाव, भाव, भावाभास तथा अलङ्कारमध्ये कुनै पक्षको अभिव्यक्ति भएको हुन्छ (उपाध्याय, २०६७ : पृ. १९७) ।

ध्वनि र अलङ्कारको सम्बन्धलाई हेर्दा पूर्वीय साहित्यका आचार्य ध्वनिकार आनन्दवर्द्धनको मत-अनुसार अलङ्कार र ध्वनि (प्रतीयमान अर्थपरक रसादि ध्वनि) का बिच आभूषण र आभूषणधारीका बिचको जस्तो सम्बन्ध छ, भनेका छन् । आभूषण केवल मनुष्यशरीरमा आश्रित भएझैँ अलङ्कार काव्यात्मा रसादि ध्वनिका शरीररूपी शब्दार्थमा आश्रित हुने कुरा स्विकारिएको छ । यसरी अलङ्कार सौन्दर्यका हेतु वा कारण हुन् र ध्वनि अलङ्कार्य हो तर जहाँ अलङ्कार रसादि ध्वनिमा संश्लिष्ट भएर रहेका हुन्छन् त्यहाँ ती तद्रूप पनि हुन्छन् । अतः काव्य असल बन्नको लागि ध्वनि र अलङ्कारको विशेष महत्त्व रहन्छ ।

वक्रोक्ति र अलङ्कार

'वक्र+उक्ति' अर्थात् वक्रोक्ति घुमाउरो कथन भन्ने शाब्दिक अर्थ भए पनि साहित्यमा भने यसलाई चातुर्यपूर्ण सुन्दर भनाइ वा घुमाउरो भनाइ भन्ने अर्थमा लिइएको छ । भामहले वक्रोक्तिलाई

काव्यमा प्रवेश गराएको देखिन्छ। अतिशयोक्तिको वर्णन गर्दा आचार्य भामहले त्यसलाई वक्रोक्ति भनेका छन्।

वास्तवमा वक्रोक्ति असाधारण किसिमको विशिष्ट कथन हो र यो कवि प्रतिभा जनित रचनाकौशलबाट उत्पन्न हुने सौन्दर्यछटामाथि आश्रित छ। अन्य काव्यशास्त्रीहरूले पनि आफ्नै सिद्धान्तमा वक्रोक्तिको अन्तर्भाव गराएका छन्। कसैले यसलाई विस्तृत पारेका छन् भने कसैले खुम्च्याएर परिभाषा गरेका छन् (उपाध्याय, २०६७ : पृ. २२७)।

अलङ्कारसँगको सम्बन्धका आधारमा हेर्दा अलङ्कार र वक्रोक्ति एक अर्काका सहयोगी र सम्बन्धी जस्ता देखिन्छन्। भामहले वक्रोक्तिलाई अतिशयोक्तिमा समावेश गरेको, कुन्तकले पनि अलङ्कारवादीहरूद्वारा वर्णित अनुप्रास, यमक, श्लेष आदि अलङ्कारलाई वर्णविन्यास वक्रता र पदपूर्वार्द्धवक्रतामा समावेश गरेकाले पनि यी दुई सम्बन्धित छन्, भन्न सकिन्छ। कुन्तकका मतमा काव्य अलङ्कार्य हो र अन्य शोभावर्द्धक तत्त्व अलङ्कार हुन् अनि वक्रोक्ति सकल अलङ्कारको मूल आधार हो तर भामहका मतमा वक्रोक्ति अलङ्कारको हेतु हो, वक्रता विना अलङ्कार बन्न सक्दैन। काव्य कविको विशिष्ट कथन हो र त्यो विशिष्टता अतिशयोक्ति हो र अतिशयोक्ति नै वक्रता हो। यसरी अलङ्कार र वक्रोक्ति सम्बन्धित छन्।

यस प्रकार अलङ्कारको अन्य काव्यका सिद्धान्त तथा तत्त्वहरूसँगको सम्बन्धलाई हेर्दा के भन्न सकिन्छ भने अलङ्कार काव्यका अन्य काव्य तत्त्वहरू जस्तै आफैँमा सुन्दर हुनुका साथै काव्यको सौन्दर्यलाई वृद्धि गर्ने नभई नहुने तत्त्व हो। जलले गर्दा काव्यमा चमत्कृति पैदा गर्नुका साथै पाठक वर्गलाई आह्लादित बनाउने कार्य गर्दछ।

## २.८ अलङ्कारहरूको सङ्ख्या

समष्टिमा काव्यशास्त्रको सैद्धान्तिक जग बसाउने आदिम ग्रन्थ पहिलो शताब्दीका पूर्वीय साहित्यका आचार्य भरतको ‘नाट्यशास्त्र’ हो भने काव्यका विभिन्न तत्त्वहरूका आधारमा अलङ्कारको सिद्धान्त प्रतिपादन गर्ने प्रमुख ग्रन्थ छैटौँ शताब्दीका आचार्य भामहको ‘काव्यालङ्कार’ हो। भरतको उक्त नाट्यशास्त्रमा उपमा, रूपक, दीपक र यमक गरी चारवटा अलङ्कारहरूको मात्र उल्लेख भएको देखिन्छ। भरतले यिनै चार ओटा अलङ्कारहरूभित्र सम्पूर्ण अलङ्कारहरूको अन्तर्भाव गराएका छन् (पन्त, २०५६ : पृ. ३)। अग्निपुराणको ३४४ औँ अध्यायमा सोह्र प्रकारका अलङ्कारहरूको निरूपण गरेको पाइन्छ। पूर्वीय काव्यजगत्मा भरतले उल्लेख गरेका चार अलङ्कारहरूबाट अलङ्कारहरूको सङ्ख्या निर्धारण गर्ने चलन छ। वास्तवमा पूर्वीय संस्कृत साहित्यको मूल्याङ्कन गर्न भरत, भामह, दण्डी आदि काव्यका समालोचकहरूदेखि पण्डितराज जगन्नाथसम्मका कृतिहरूलाई विशेष महत्त्वपूर्ण स्थान दिइन्छ (पन्त, २०५६, : पृ. ३)। यिनै पूर्वीय शास्त्रका विद्वान्‌हरूद्वारा प्रणयन गरिएका समीक्षात्मक ग्रन्थहरूबाटै आधुनिक काव्यशास्त्रहरूको मूल्याङ्कन गर्ने परम्परा छ। यसकारण भरतदेखि पण्डितराज जगन्नाथसम्म आइपुग्दा अलङ्कारको सङ्ख्या जम्मा १९१ पुगेको देखिन्छ (पन्त, २०५६ : पृ. ४)। अलङ्कार सङ्ख्या, अलङ्कारका प्रवर्तक, उनको अलङ्कारसम्बन्धी चर्चा-परिचर्चा भएको ग्रन्थ र अलङ्कारसम्बन्धी सङ्ख्यालाई निम्नानुसार (ढकाल, २०६७ : पृ. १८४) देखाउन सकिन्छः-

| अलङ्कारका चिन्तक | ग्रन्थ | अलङ्कारको सङ्ख्या |
| --- | --- | --- |
| भरतमुनि | नाट्यशास्त्र | ४ |
| व्यास | अग्निपुराण | १६ |
| भामह | काव्यालङ्कार | ३९ |
| दण्डी | काव्यादर्श | ३५ |
| उद्भट | काव्यालङ्कारसारसङ्ग्रह | ४० |
| वामन | काव्यालङ्कारसूत्र | ३३ |
| रुद्रट | काव्यालङ्कार | ५२ |
| मम्मट | काव्यप्रकाश | ६७ |
| रुय्यक | अलङ्कारसर्वस्वम् | ८१ |
| जयदेव | चन्द्रलोक | ८६ |
| अप्यय दीक्षित | कुवलयानन्द | १२४ |
| विश्वनाथ | साहित्यदर्पण | १३५ |
| पण्डितराज जगन्नाथ | रसगङ्गाधर | ७० |

यो तालिकाको क्रमलाई  वेणीमाधव ढकालद्वारा रचित काव्यदीपिका नामक कृतिको पृ. १८४ बाट साभार गरिएको हो। पूर्वीय साहित्यका आचार्यहरूले माथिको तालिकाअनुसार अलङ्कारको सङ्ख्या निर्धारण गरेको पाइन्छ।

## २.९ पाश्चात्य साहित्यमा अलङ्कार

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यशास्त्र-परम्परामा पनि काव्य के हो ? भन्ने सन्दर्भमा समय-समयमा चर्चा-परिचर्चा हुँदै आएको पाइन्छ। पाश्चात्य काव्यशास्त्रीहरूले पनि कविता र काव्यका बारेमा छुट्टा-छुट्टै परिभाषा नगरी एउटै सन्दर्भमा परिभाषित गरेका छन्। पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा व्यक्त गरिएको काव्यसम्बन्धी मान्यताहरूमा धेरैजसो आन्तरिक पक्षहरू मिल्दाजुल्दा नै छन् तापनि पाश्चात्य काव्यशास्त्रीहरूको काव्यमान्यतालाई सङ्क्षेपमा चर्चा गर्न सकिन्छ।

काव्यशास्त्रीय परम्पराका लागि पश्चिमी जगत्मा अरस्तुलाई नै पहिलो प्रामाणिक समालोचक व्यक्तित्त्व मानिएको पाइन्छ। उनले स्पष्ट रूपमै के भनेका छन् भने साहित्य भाषाका माध्यमबाट गरिने प्रकृतिको अनुकरण हो। उनका विचारमा काव्य निश्चित रूपले छन्दोबद्ध साहित्य हो जसले जीवनलाई सिर्जनात्मक आख्यानमा प्रतिबिम्बित गर्छ (निरौला, २०६३ : पृ. ३६)। अरस्तुले निश्चित रूपमा एकै स्थानमा काव्यको स्पष्ट परिभाषा त गरेका छैनन् तापनि उनी अनुकरणमा बढी जोड दिन्छन् र अनुकरण कलात्मक हुनुपर्छ भन्ने कुरामा विश्वास राख्दछन्। उनका विचारमा भाषाका माध्यमबाट गरिने कलात्मक अनुकरण नै काव्य हो भन्ने किसिमको अभिव्यक्तिका क्रममा अलङ्कारको सहभागिताबारे पनि स्वतः सङ्केत भएको देखिन्छ किनभने कलात्मकता नै अलङ्कारको वास्तविक पहिचान हो। यति

हुँदाहुँदै पनि अलङ्कार के हो  र काव्यमा यसको स्थान कुन रूपमा रहेको हुन्छ भन्ने कुरामा भने उनको कुनै स्पष्ट अभिव्यक्ति चाहिँ भएको पाइँदैन। अर्का पाश्चात्य विद्वान् फिलिप सिड्नीले पनि अरस्तुको जस्तै अनुकरणको कला नै कविता हो (निरौला, २०६३ : पृ. ३६) भनेका छन्। उनको भनाइबाट पनि अनुकरणमा कलात्मकता हुनुपर्ने आशय व्यक्त हुन्छ तर काव्यमा अलङ्कारबारे स्पष्ट अवधारणाचाँहि व्यक्त भएको पाइँदैन। अर्का पाश्चात्य समालोचक मिल्टनले काव्य वा कविता सरल, रागात्मक र प्रत्यक्षमूलक हुनुपर्ने कुरा औल्याएका छन् (निरौला, २०६३ : पृ. ३६)। मिल्टनको यस किसिमको कविता वा काव्यसम्बन्धी अवधारणाबाट के कुरा स्पष्ट हुन्छ भने उनी सरलता, रागात्मकता र प्रत्यक्षमूलकताजस्ता कुरा प्रति बढी सचेत देखिन्छन्। उनको सरलता, रागात्मकता र प्रत्यक्षमूलकताका लागि अलङ्कारले निश्चय पनि सहयोग गरेकै हुन्छ। वस्तुत: पाश्चात्यमा अलङ्कार भन्नु नै फिगर अफ स्पिच हो अर्थात् भनाइ प्रतिको कलात्मकता हो, जुन कुरा मिल्टनको काव्यपरिभाषामा पनि सङ्केतित रहेको स्पष्ट हुन्छ। सेमुअल जोन्सनको भनाइमा तर्काश्रित कल्पनाद्वारा आनन्दलाई सत्यसँग एकीकृत गर्ने कला नै कविता हो। उनको यस काव्यपरिभाषामा विशेषतः कल्पना, तर्क, आनन्द र सत्य आदिसँग गाँसेर कलालाई हेरिएको हुँदा काव्यकला अनेक पक्षसँग सम्बन्धित रहेको हुनुपर्ने कुरा स्पष्ट हुन्छ। यस काव्यपरिभाषाभित्र काव्यमा अलङ्कारको आवश्यकता सूच्य रूपमा मात्र भएको देखिन्छ र उनी विशेषतः कल्पना र सत्यलाई एकीकृत गर्ने कलाका रूपमा मात्र काव्यलाई हेर्दछन् भन्ने कुरा चाहिँ बढी सशक्त रहेको पाइन्छ। यसप्रकार पाश्चात्य काव्यसमीक्षकहरूद्वारा प्रस्तुत भएका केही काव्य-कवितासम्बन्धी अवधारणाहरूलाई नियालेर हेर्दा स्पष्ट रूपमा अलङ्कारको शाब्दिक उल्लेख भएको नपाइए पनि निश्चय पनि सूच्य रूपमा अलङ्कारको सङ्केत गरिएको देखिन्छ। पाश्चात्यका प्रायः सबैजसो काव्यसमीक्षकहरूको भनाइमा काव्य कला हो जसले आनन्दानुभूति प्रदान गर्दछ भन्ने कुरा रहेको पाइन्छ। वस्तुतः त्यही कलाभित्रै अलङ्कार पनि समाहित हुने हुँदा पाश्चात्य काव्यमनीषीका दृष्टिमा पनि काव्यमा अलङ्कारको स्थान रहने गरेको कुरा व्यक्त हुन्छ नै। अलङ्कार पूर्वीय काव्यशास्त्रमा विकसित भएको शब्द हो र यसले पूर्वीय काव्यपरम्परामा एउटा सिङ्गो वाद वा सम्प्रदायकै रूपमा आफ्नो पहिचान बनाएको हुँदा पनि यसको सम्बन्ध विशेषतः पूर्वीय काव्यशास्त्रपरम्परामै रहेको पाइन्छ। पाश्चात्य साहित्य शास्त्रमा त केवल पूर्वीय काव्यशास्त्रका सापेक्षतामा अलङ्कार शब्दको ‘द फिगर अफ स्पिच्’ का रूपमा अनुदित गरिएको छ। पाश्चात्यमा प्रचलित अलङ्कारहरू सिमिली (उपमा), मेटाफोर (रूपक), एलिट्रेसन (अनुप्रास), रैम (यमक), एक्जाम्प्लीफिकेसन (दृष्टान्त), हाइपर्वल (अतिशयोक्ति), पोयटिकल प्रोबाब्लिटी (उत्प्रेक्षा), द पोयटिकल रिजन (काव्यलिङ्ग) आदि हुन् (निरौला, २०६३ : पृ. ३६)। पाश्चात्यमा प्रयोग भएका सिम्बोल र इमेजजस्ता शब्दहरूलाई पनि पूर्वीय साहित्य परम्पराका निदर्शना र दृष्टान्त आदि अलङ्कारकै परिधिभित्र समेटेर हेर्न सकिन्छ।

यसरी पाश्चात्य साहित्य जगत्मा पनि अलङ्कारको प्रयोग भएको पाइन्छ। संस्कृत काव्यपरम्परामा जस्तै पाश्चात्य साहित्यजगत्मा पनि अलङ्कारलाई काव्यको शोभावर्द्धक वा उपकारक तत्त्वका रूपमा स्वीकार गरेको पाइन्छ।

## २.१० काव्यमा अलङ्कारको स्थान

पूर्वीय र पाश्चात्य साहित्य जगत्मा महत्त्वपूर्ण चर्चा–परिचर्चा बटुलेको अलङ्कारको स्थान भन्नुको तात्पर्य अलङ्कारलाई काव्यमा कुन दृष्टिकोणले हेरिएको छ भन्ने हो। कवि स्वयं सौन्दर्यका

पारखी हुन्छन् त्यसैले उनीहरू आफ्नो सृजना (काव्य) मा सौन्दर्य वा कलाको सम्मिश्रण गर्नका लागि सकेसम्म हरेक कोणबाट प्रयत्न गरिरहेका हुन्छन् । अतः कविद्वारा संरचित काव्यभित्र सौन्दर्यको सञ्चार भएकाले काव्य सौन्दर्यलाई लिएर पूर्वीय साहित्य परम्परामा अनेक किसिमका सिद्धान्तहरूको स्थापना भएको पाइन्छ । यी सिद्धान्तहरूमा अलङ्कार, रस, ध्वनि, रीति, वक्रोक्ति र औचित्य सम्प्रदायहरू मुख्य रूपमा रहेका छन् (निरौला, २०६३ : पृ. २८) । संस्कृत साहित्य जगत्मा काव्यको सौन्दर्यका रूपमा विभिन्न सिद्धान्त वा सम्प्रदायहरूले आ-आफ्नै ढङ्गबाट वाद वा प्रणालीलाई चर्चा गरेका छन् । तिनमा अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई नै काव्यको सौन्दर्य तत्त्वका रूपमा लिए भने रीति, वक्रोक्ति, गुण र औचित्यवादी सम्प्रदायहरूले आ-आफ्नै वादलाई काव्यको सौन्दर्य तत्त्वका आधारमा स्वीकार गरेका छन् । रसवादी र ध्वनिवादी आचार्यहरूले भने पूर्णरूपमा अलङ्कारलाई काव्यको सौन्दर्यका रूपमा नलिएर रस र ध्वनिलाई नै सर्वोपरि तत्त्व ठानेका छन् ।

सबै विद्वान्हरूका मान्यतालाई एकत्र राखी निष्कर्ष निकाल्नुपर्दा अलङ्कार काव्यको आत्मा नभएका कारण यसलाई अनिवार्य तत्त्व मानिँदैन । प्रायः साहित्यहरू अलङ्कारयुक्त नै हुनुपर्छ तथापि यदि कवि प्रतिभावान् छ भने उसको उक्तिमा प्रष्ट रूपमा नदेखिए पनि काव्यत्व हानि हुँदैन । रस प्रधान भएका ठाउँमा अलङ्कार हुनैपर्छ भन्ने हठ पनि रहनुहुँदैन । वास्तवमा काव्यमा अलङ्कारको स्थान काव्यको आत्मा रसलाई सहयोग गर्ने तत्त्वको रूपमा गएर टुङ्गिन्छ । जसरी हिराका हार, सुनका बाला, पाउजु, आदि आभूषणहरूले वनितालाई सुशोभित वा आकर्षक तुल्याउँछ त्यसैगरी अनुप्रास, उपमा आदि अलङ्कारहरू पनि काव्यात्मा रसको आकर्षक तत्त्व हुन् । यस्तो भन्दै गर्दा काव्योक्तिका अङ्ग बनेर आउने अलङ्कारहरू आफैँ महिमामय छन् । यिनलाई माथिबाट जकटिएका आभूषण मात्रै मान्नुभन्दा पनि अलङ्कार स्वयं नै सुन्दर उक्ति हुन्छन् भन्न सकिन्छ ।

यसरी अलङ्कार काव्यको आभूषण हो र यो काव्योक्ति पनि हो । यसलाई सोझै काव्यको बाह्य वा सोझै काव्योक्ति वा सौन्दर्य मान्न पनि सकिँदैन । अलङ्कार स्वयम्-मा सशक्त हुने र तिनको योजनाले काव्यलाई आकर्षक-अनाकर्षक, ग्राह्य-अग्राह्य र उपयोगी-अनुपयोगी तथा उपकारक-अपकारक हुने वा बनाउने भएकाले गर्दा कृत्रिम र आयाससाध्य अलङ्कार काव्यमा हेय मानिन्छ । यसको विपरीत काव्योक्ति बनेर आउने अलङ्कार ग्राह्य र प्रशंसनीय हुन्छन् । ध्वनिवादी आनन्दवर्द्धनले पनि श्रमसाध्य यमक आदि शब्दालङ्कारलाई रसादि ध्वनिका निम्ति बाधक मान्दछन् । मम्मटले पनि काव्यप्रकाशमा अलङ्कारले काव्यको रसाभिव्यक्तिमा रसको सौन्दर्य बढ्ने वा घट्ने कुरालाई दृष्टान्त दिएर विवेचन गर्ने र अलङ्कारको शक्ति र सीमा पनि निर्धारण गर्ने कार्य गरेका छन् (उपाध्याय, २०६७ : पृ. १०९) । शब्दालङ्कारद्वारा रसको अनुपकार स्पष्ट पार्ने सन्दर्भमा केशवप्रसाद उपाध्यायले सोमनाथ शर्माको साहित्यप्रदीपको उदाहरण निम्नानुसार उद्धृत गरेका छन्, जस्तैः-

दलका दल राक्षस खाई महावीरको कडा मार ।

भागे गिरे कति मरे खाए दलमुखसमेतले हार ॥ (उपाध्याय, २०६७ : पृ. १०९)

यहाँ वीर र भयानक रसमा शृङ्गार आदिका निम्ति उपयुक्त भएको रेफमूलक अनुप्रास भएकोले रसको उत्कर्षमा अलङ्कार बाधक भएको छ । त्यसै गरी उपाध्यायले अर्थालङ्कारद्वारा रसको अनुपकार भएको उदाहरण यसरी देखाएका छन्, जस्तैः-

जुन भगवान्ले सुदर्शनचक्रको आघातद्वारा।

राहुग्रहका वधूजनहरूको

प्रेमोत्सवलाई गाढालिङ्गन पारी

चुम्बन मात्र शेष रहन दिए॥ (उपाध्याय, २०६७ : पृ. ११०)

यहाँ शृङ्गार, वीर र करुणयुक्त विष्णुपरक रतिभावना भएकाले रसको अभिव्यक्ति अभिप्रेत भए पनि विष्णुले राहुको टाउको काटिदिए भन्ने कुरो सोझै नभनेर राहुका वधूजनको सम्भोगको चुम्बन मात्र शेष रहन दिए भनेर अभिव्यक्त गरिएकाले रसभन्दा पर्यायोक्ति अलङ्कारले रसको सौन्दर्य वृद्धि गर्ने भन्दा पनि अपकार गरेको छ।

यसरी अलङ्कार जहाँ रसाभिव्यक्तिका साथ संश्लिष्ट भएर आउँछ त्यहाँ अलङ्कार ग्रहणीय हुन्छ र स्वयं अलङ्कार नै सौन्दर्य बन्छ। यसको विपरीत कृत्रिम वा सायस भएमा भने अलङ्कारमै सीमित हुन्छ।

## २.११ अलङ्कारभेद

अलङ्कार दुई प्रकारका छन्। शब्दमा आश्रित हुने अलङ्कार शब्दालङ्कार हो र अर्थमा आश्रित हुने अलङ्कार अर्थालङ्कार हो। दुवै अलङ्कार एकत्र देखिएमा त्यहाँ उभय अलङ्कार हुने कुराको चर्चा पाइन्छ। दुवै अलङ्कार एकत्र भएमा संसृष्टि र सङ्कर अलङ्कार पनि हुने तर्कले गर्दा कसैले यसलाई अलङ्कारको भेद मानेका छन् भने केहीले चाहिँ संसृष्टि र सङ्करभित्र नै यसलाई पनि अन्तर्भाव गराएका छन् तर शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोगमा मात्र उभयालङ्कार हुने भएकाले गर्दा सङ्कर र संसृष्टिमा समावेश हुन नसक्ने विद्वान्हरूको मत भएकोले गर्दा यहाँ शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कारको चर्चा गरिन्छ।

### २.११.१ शब्दालङ्कार

जसले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार भनिन्छ। शब्दालङ्कारमा प्रायः समध्वनि वर्ण र असमानार्थी पदहरूको आवृत्तिद्वारा श्रुतिसौन्दर्य उत्पन्न गरिन्छ। समध्वनि वर्णहरूको आवृत्ति अनुप्रासमा, असमानार्थीको आवृत्ति यमकमा र पुरै वाक्यको आवृत्ति लाटानुप्रास अलङ्कारमा हुन्छ। यसै गरी दुई अर्थ दिने शब्दहरूको एक पटक मात्र प्रयोग श्लेष अलङ्कारमा हुन्छ। शब्दालङ्कारमा प्रयुक्त पद, वर्ण वा वाक्यहरूलाई परिवर्तन गर्ने हो भने अलङ्कार बिथोलिन जान्छ त्यसैले विशेष गरी यो अलङ्कार शब्दमा निर्भर वा आश्रित हुने भएकाले यसलाई शब्दालङ्कार भनिन्छ। यसले अर्थमा भने त्यति ख्याल राख्दैन। शब्दालङ्कारहरू मुख्यतया अनुप्रास, यमक, पुनरुक्तवदाभास, वक्रोक्ति र श्लेष गरी पाँच प्रकारका रहेका छन् (उपाध्याय, २०६७ : पृ. ११२)। शब्दालङ्कारका लक्षण र स्वरूपका विषयमा सामान्य लक्षण र उदाहरण निम्नानुसार प्रस्तुत गरिन्छः-

अनुप्रास

'अनु+प्र+आस' को संयोजनबाट निर्मित 'अनुप्रास' शब्दले बारम्बार दोहोरिएका वर्णहरूलाई राम्रोसँग राख्नु वा क्रम मिलाउनु भन्ने अर्थ दिन्छ। यसमा वर्णहरूको पुनरावृत्तिका कारण सुनाइका क्रममा आनन्द प्राप्त हुने रसानुकूल वर्णहरूको प्रयोग गरिन्छ। अनुप्रास स्वरवर्णमा विषमता भए पनि

व्यञ्जन वर्णहरूको आवृत्ति भएमा पनि सम्भव हुन्छ भन्ने कुरा विद्वान्हरूले प्रष्ट पारेका छन् (ढकाल, २०६७ : पृ. १७६)। अनुप्रास अलङ्कारका छेक, वृत्ति, श्रुति, अन्त्य र लाटानुप्रास गरी पाँच प्रकारका भेदहरू रहेका छन् तिनीहरूको पनि चर्चा गरिएको छ। तिनीहरूको चर्चा निम्नानुसार गरिन्छः-

छेकानुप्रास

अनेक व्यञ्जन वर्णको उस्तै क्रममा एकपटक मात्र दोहोरिएर चमत्कार प्रकाशन भएमा छेकानुप्रास शब्दालङ्कार बन्दछ। यसमा कुनै अन्य वर्णहरूको व्यवधान भएमा व्यवहित छेकानुप्रास र व्यवधान नभई क्रमशः आएमा अव्यवहित छेकानुप्रास हुन्छ (निरौला, २०७१ : पृ. २७६)। छेकानुप्रास शब्दालङ्कारको उदाहरण निम्नानुसार प्रस्तुत छः-

सत्ता समहृदयले भाव संसार बोक्छ।

अग्ली अग्ला शिखर शिरमा भासको वास रोक्छ।

मेरो सत्ता सकल जनको प्रीत हो जीन्दगानी

तारा बल्छन् तिमिर पथमा खोजमा छन् बिहानी ॥ (अधिकारी, २०७० : पृ. ३०) उपर्युक्त श्लोकको दोस्रो हरफमा अग् र शि स्वरव्यञ्जन समूहको आवृत्ति भएकोले छेकानुप्रास शब्दालङ्कारको उदाहरण बनेको छ।

वृत्त्यनुप्रास

एक व्यञ्जनको एकपटक वा अनेकपटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रम विना एकपटक वा अनेकपटक आवृत्ति भएमा वृत्त्यनुप्रास हुन्छ (निरौला, २०६७ : पृ. २७७)। यसको उदाहरण निम्नानुसार रहेको छः-

साहित्य सङ्गीत कला चुँडाई

संस्कार, शिक्षा पथ ढुन्मुनाई

विचारमा लाग्दछ पालुवा के

सक्ला जित्नै जड पाइला के ॥ (अधिकारी, २०७० : पृ. २)

यसको पहिले र दोस्रो हरफमा स व्यञ्जनको आवृत्ति अनेक पटक आवृत्ति भएकोमा वृत्त्यनुप्रास अलङ्कार देखिन्छ।

अन्त्यानुप्रास

पाउको आधा वा पाउको अन्त्यमा अन्तिम अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास हुन्छ। पद्यमा लेखिएका कवितासङ्ग्रहहरूमा अन्त्यानुप्रास लगभग सबै काव्यहरूका सबै श्लोकमा प्रयोग भएको देखिन्छ (निरौला, २०६७ : पृ. २७६) उदाहरण निम्नानुसार रहेको छः-

विषाद बोकी मनमा निषाद

सडेर गल्छन् पछि हुन्न याद

हराउँछन् गर्जन मेघ काला

जुट्छन् दुवै हात जहाँ छ पाला ॥ (अधिकारी, २०७० : पृ. ५६)

उक्त श्लोकको पहिलो र दोस्रो हरफको अन्त्यमा षाद र याद अनि तेस्रो र चौँथो हरफको अन्त्यमा काला र पाला शब्दमा अन्तिम अक्षर मिलेको देखिएको छ त्यसैले यसमा अन्त्यानुप्रास शब्दालङ्कार प्रयोग भएको छ ।

श्रुत्यनुप्रास

कण्ठ, तालु, दन्त आदि एकै स्थानका वर्णको आवृत्तिले काव्यमा सौन्दर्यको वृद्धि भएमा श्रुत्यनुप्रास अलङ्कार हुन्छ (निरौला, २०६७ : पृ. २७६) । जस्तैः-

कैलाश गौरी शिव उच्च धाम

आस्था यतै छन् जनका प्रणाम

छन् साधनामा तन्त्र मन्त्र ध्यान

विज्ञानभन्दा परको छ ज्ञान ॥ (अधिकारी, २०७० : पृ. १७)

यस श्लोकको पहिलो हरफमा क र ग दुवै कण्ठ स्थानीय र श र उ तालुस्थानीय वर्णहरूको स्थानसाम्यताले गर्दा श्रुत्यनुप्रास अलङ्कार भएको छ । दोस्रो हरफमा भने स र ध दुवै दन्त स्थानीय वर्णको साम्यताले गर्दा श्रुत्यनुप्रास अलङ्कार स्पष्ट देखिन्छ ।

लाटानुप्रास

तात्पर्य फरक भएको एक पाउमा प्रयोग भएको वाक्य पूराको पूरै अर्का पाउमा प्रयोग भएमा वा उही अर्थ भएको शब्दको पुनरुक्ति भएमा लाटानुप्रास हुन्छ । लाट देशका निवासीहरूलाई विशेष प्रिय भएकाले यसको नामकरण लाटानुप्रास भएको हो । (निरौला , २०६७ : पृ. २७६) यसको उदाहरण निम्नानुसार रहेको छः-

कल्ले घिसार्छ अति वेग् गरी रेललाई ?

कल्ले घिसार्छ अति वेग् गरी रेललाई ।

कस्ले बिगार्दछ विशेष फलामलाई ?

कस्ले बिगार्दछ विशेष फलामलाई । (शर्मा, २०५८ : पृ. २१४)

यसमा पहिलो हरफको कल्ले भनेर प्रश्न गरिएको र दोस्रो कल अर्थात इन्जिनले चलाउने भनी समाधान दिइएको त्यस्तै तेस्रो हरफमा कस्ले भनेर प्रश्न सोधिएको र उत्तरमा कस (खिया) ले बिगार्छ भनी समाधान दिंदा चमत्कार उत्पन्न भएर लाटानुप्रास अलङ्कार भएको छ ।

यमक

'यम+क' को योगबाट बनेको 'यमक' शब्दको अर्थ जोर, युग्म वा दुइवटा भन्ने हुन्छ । यसमा भिन्न-भिन्न अर्थ भएका स्वर व्यञ्जनसमूहको आवृत्ति हुने गर्दछ । भिन्न अर्थ भएका तर सुन्नमा उस्तै लाग्ने वर्णहरूको आवृत्तिलाई यमक मान्न सकिन्छ । सार्थक वा निरर्थक जे भए पनि भिन्न अर्थ भएका

स्वरव्यञ्जनको आवृत्तिलाई यमक भन्न सकिन्छ (ढकाल, २०६७ : पृ. १७६)। सार्थक परन्तु भिन्नार्थक अथवा निरर्थक स्वरव्यञ्जनसमूहको त्यसै क्रममा आवृत्ति भएमा यमक अलङ्कार हुन्छ। यसका कतै दुवै पद सार्थक हुन्छन्, कतै एउटा सार्थक अनि अर्को निरर्थक र दुवै निरर्थक हुन्छन्। जसको एउटा उदाहरण निम्नानुसार छः-

उमार्न हो मार्न हुँदैन खेत

उभार हो भार कहाँ छ चेत

उत्थानको तान लगाउनै छ

अकालको काल भगाउनै छ। (अधिकारी, २०७० : पृ. ३३)

यसमा मार्न-मार्न, भार-भार र काल-काल गरी उस्तै स्वरव्यञ्जन समूह भएका शब्दको आवृत्ति भएको छ र पहिलेका शब्द निरर्थक छन् र आवृत्ति भएका चाँहि सार्थक छन्। त्यसैले यसलाई यमक अलङ्कारको उदाहरण मान्न सकिन्छ।

पुनरुक्तवदाभास

एउटै अर्थ भएका तर भिन्न अथवा भिन्न-भिन्न आकारमा पर्यायवाची शब्दहरू दोहोरिएको जस्तो आभास भएमा पुनरुक्तवदाभास अलङ्कार हुन्छ। यसमा पुनरुक्ति भएको जस्तो लाग्छ मात्र, वास्तवमा शब्द मात्र होइन, शब्दार्थ नै फरक हुन्छ (उपाध्याय, २०६७ : पृ. ११५)। जस्तैः-

नगर यो सहरै भरि हुल्लड

कुशल मङ्गलको गर तर्खर,

अमृत यो छ सुधामय वाङ्मय

विहक वेरित त्याज्य अकार्य छ। (भट्टराई, २०३१ : पृ. ३८९)

यहाँ नगर-सहर, कुशल-मङ्गल, अमृत-सुधाजस्ता पर्यायवाची शब्दहरू दोहोरिएको तर गहिरिएर हेर्दा नगरको अर्थ नगर्नू, मङ्गलको अर्थ शुभ कार्य, अमृतको अर्थ अमर भन्ने बुझिन्छ। त्यसैले यहाँ पुनरुक्ति नभएर आभास मात्र छ।

वक्रोक्ति

कुनै अर्थमा प्रयोग भएको वाक्यलाई अर्का व्यक्तिले कुनै अर्कै अर्थमा ग्रहण गर्दछ भने वक्रोक्ति अलङ्कार हुन्छ। यो श्लेषवक्रोक्ति र काकुवक्रोक्ति गरी दुई प्रकारको हुन्छ (उपाध्याय, २०६७ : पृ. ११५)।

श्लेषवक्रोक्ति

श्लेषवक्रोक्तिमा शब्दद्वारा चमत्कार उत्पन्न गरिन्छ। उदाहरणको रूपमा निम्न श्लोकलाई देखाउन सकिन्छ, जस्तैः–

सुन्देउ गाउँछु उमापतिको चरित्र

सुन्छैन मित्र सकियो अवधान दिन्छु,

पाएँ अभीष्ट अब रद्द गर्यौ मलाई

सद्दे छँदै कसरी रद्द भयौ त भाइ। (उपाध्याय, २०६७ : ११५)

यसमा 'सुन्देउ' लाई वक्ताले श्रवण गरिदेउ भन्ने अर्थमा प्रयोग गरेकोमा श्रोताले वङ्ग्याएर सुन देऊ भन्ने अर्थमा बुझेको र वक्ताले फेरि सुन छैन भन्दा अवधान दिन्छु भनी धान दिने कुरा गर्दा वक्ताले ध्यान भन्ने अर्थ लगाएको र आफू प्रसन्न भएको बताएको छ, साथै आफू रद्द (प्रसन्न) भएको बताएको छ। फेरि श्रोताले रद्दी भन्ने अर्थ लगाएर सद्दे छँदै कसरी रद्द भयौ, भनेको छ। यसमा पहिला दुई हरफमा रभङ्ग र पछिल्ला दुई लाइनमा अभङ्ग श्लेष वक्रोक्ति छ।

काकुवक्रोक्ति

यसमा स्वर बिगारेर अर्कै अभिप्राय प्रकट गरिन्छ, जस्तैः-

कोकिलध्वनिले पूर्ण आम्रमञ्जरीशोभित यस याममा

अपराध गरी छोड्यौ, चित्त दुख्दैन तिनको त। (उपाध्याय, २०६७ : पृ. ११५)। यसमा 'दुख्तैन त' बाट नदुख्ने भन्ने अर्थ नदिएर अवश्य दुख्छ भन्ने अभिप्राय प्रकट गरिएको छ। त्यसैले यहाँ काकुवक्रोक्ति अलङ्कार स्पष्ट छ।

शब्दश्लेष

एउटै श्लिष्ट पदबाट अनेक अर्थ निस्केमा शब्दश्लेष अलङ्कार हुन्छ। यसमा कहीँ सिङ्गो शब्दबाट अनेक अर्थ निस्कन्छन् र कहीँ शब्दको एक भागबाट मात्र पनि अनेक अर्थ निस्किन सक्छन्। यस प्रकार यसका अभङ्ग, सभङ्ग र सभङ्गाभङ्ग गरी मुख्यतया तीन थरी भेद हुन्छन् र प्रकृति, पद, वचन, वर्ण, प्रत्यय, लिङ्ग र भाषाका आधारमा यसका आठ प्रकारका भेदहरू हुन्छन् (उपाध्याय, २०६७ : पृ. ११६)। शब्दश्लेष अलङ्कारको एउटा उदाहरण निम्नानुसार देखाउन सकिन्छ, जस्तैः-

लोह क्रमले रोल वंश विनास्ने हुँदा यिनको

वीर निभाउनलाई खड्ग सँधै तत्पर हुन्थे। (भट्टराई, २०३१ : पृ. ३९१)

यहाँ वंश, कुल र बाँस, वीरबहादुर वीरशमसेन र खड्ग हतियार र खड्ग शमसेर जस्ता अर्थमा प्रयुक्त हुन्छन्।

## २.११.२ अर्थालङ्कार

अर्थमा आश्रित अलङ्कार नै अर्थालङ्कार हो। राजा भोजका अनुसार जसले व्युत्पत्तिद्वारा अर्थलाई विभूषित पार्दछन् ती अर्थालङ्कार हुन्, साहित्यमा अलङ्कृति सृजना गर्ने वर्ण वा पदका ठाउँमा अर्कै वर्ण वा पद राखे पनि अर्थात् पर्यायवाची राखे पनि अलङ्कार नखज्मजिने किसिमले बनेको अलङ्कारलाई अर्थालङ्कार भनिन्छ। अतः अर्थका तहमा आश्रित भएर रहने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ (भण्डारी र पौडेल, २०६३ : पृ. ७६)। शब्दालङ्कारले शब्द वा वर्णपरिवर्तन सहन सक्दैनन् तर अर्थालङ्कारमा भने त्यही अर्थ बुझाउने अर्का वर्णपदहरूको प्रयोग भए पनि अर्थालङ्कार कायम रहन्छन्। यसको वर्गीकरणमा भिन्न-भिन्न आचार्यहरूले भिन्न आधार लिएका छन्। रुद्रटले वास्तव, औपम्य, श्लेष, अतिशय गरी चार अलङ्कारको चर्चा–परिचर्चा गरेका छन्। त्यसै गरी रूय्यक लगायतका अन्य आचार्यहरूले पनि अर्थालङ्कारको वर्गीकरण प्रस्तुत गरेका छन्।

पण्डितराज सोमनाथले साहित्यप्रदीपमा मूलतः अलङ्कारको दुई वर्ग मानेको देखिन्छ। स्वभावोक्ति र अतिशयोक्ति। गोविन्दप्रसाद भट्टराईले पूर्वीय काव्यसिद्धान्तमा रुद्रटको वर्गीकरणलाई 'अलङ्कार-मातृका' भन्दै समस्त अलङ्कारहरूलाई यिनै चार आधारमा आठ वर्गमा विभाजित गरेको पाइन्छ (उपाध्याय, २०६७ : ११६)। जस्तैः-

औपम्यमूलक

जुन अलङ्कारको मूल तत्त्व उपमामूलक हुन्छ, त्यस्ता अलङ्कारलाई औपम्यमूलक अलङ्कार भनिन्छ। जस्तैः-

उपमेयोपमा, अनन्वय, असम, स्मरण, रूपक, परिणाम, सन्देह, भ्रान्ति, उल्लेख, अपह्नुति, उत्प्रेक्षा, अतिशयोक्ति, प्रदीप आदि।

औपम्यमूलक (सादृश्य व्यङ्य हुने)

जुन अलङ्कारको मूल तत्त्व उपमामूलक हुनुका साथमा सादृश्य तत्त्व व्यङ्ग्यका रूपमा रहन्छ भने त्यस्ता अलङ्कारलाई औपम्यमूलक भनिन्छ। जस्तैः-

तुल्ययोगिता, दीपक, प्रतिवस्तूपमा, दृष्टान्त, उदाहरण, सहोक्ति, विनोक्ति।

विरोधमूलक

जुन अलङ्कारको मूल विरोध हुन्छ भने त्यस्ता अलङ्कारलाई विरोधमूलक अलङ्कार मानिन्छ। जस्तैः-

विरोध, विभावना, विशेषोक्ति, विचित्र, अधिक, अल्प, असम्भव, असङ्गति, विषम, विशेष, व्याघात, श्लेष।

शृङ्खलामूलक

जुन अलङ्कारको निर्माणमा शृङ्खलाले मूल भूमिका निर्वाह गर्दछ भने त्यस्ता अलङ्कारलाई शृङ्खलामूलक अलङ्कार भनिन्छ। जस्तैः-

कारणमाला, एकावली, मालादीपक।

गूढार्थमूलक

जुन अलङ्कारको मूल गूढ अर्थ हुन्छ भने त्यस्ता अलङ्कार गूढार्थमूलक अलङ्कार हुन्छन्। जस्तैः-

मूल, व्याजोक्ति, सूक्ष्म।

उक्तिचातुर्यमूलक

जुन अलङ्कार उक्तिचातुर्यमा निर्भर रहन्छ भने त्यस्ता अलङ्कारलाई उक्तिचातुर्यमूलक अलङ्कार भन्न सकिन्छ। जस्तैः-

गूढोक्ति, छेकोक्ति, परिकर।

संसर्गमूलक

जुन अलङ्कारमा संसर्ग वा मिलनले विशिष्ट भूमिका खेल्दछ भने त्यस्ता अलङ्कारलाई संसर्गमूलक अलङ्कार मानिन्छ। जस्तैः-

मिलित, उल्लास, प्रौढोक्ति।

प्रकीर्णक

साना साना वस्तु, स्वभाव, प्रकृतिको वर्णनमा बन्ने अलङ्कार नै प्रकीर्णक अलङ्कार हुन्। जस्तैः-

स्वभावोक्ति, भाविक, कारकादीपक, अत्युक्ति, अन्योन्य, उदात्त आदि।

## २.११.३ प्रमुख अर्थालङ्कारहरू

अर्थालङ्कार के हो ? भन्ने सन्दर्भमा माथि चर्चा–परिचर्चा भइसकेको सन्दर्भमा यहाँ केही प्रमुख अर्थालङ्कारहरू पूर्वीय साहित्य आचार्यका आधारमा सामान्य लक्षण र उदाहरण यहाँ प्रस्तुत गरिएको छ।

उपमा

उपमेय र उपमानका बिच रूप, गुण, क्रिया, आदिको समानता देखाइको अवस्था छ भने उपमा अलङ्कार हुन्छ। यसमा उपमेय, उपमान, वाचक र धर्म मुख्य तत्त्वका रूपमा रहेका हुन्छन्। यसका पनि पूर्णोपमा, लुप्तोपमा, उमपेयोपमा, रसनोपमा र मालापमा गरी पाँच प्रकारका भेदहरू रहेका छन् (निरौला, २०७१ : पृ. १)।

पूर्णोपमा

उपमाका चारै तत्त्व उपमेय, उपमान, साधारणधर्म र वाचक शब्दको प्रस्तुति देखिएमा पूर्णोपमा हुन्छ। जस्तैः-

हिमालजस्तै शिर सान पाए,
अनन्त झर्नासित छम्छमाए।
नसा–नसा रक्त उभार छाए,
उत्सर्गका सर्गहरू सजाए॥ (अधिकारी, २०७० : पृ. १)

यसको पहिलो हरफमा उपमेय शिर, उपमान हिमाल, धर्म सान र उपमावाचक शब्द जस्तैको प्रयोगले यहाँ पूर्णोपमा अलङ्कार भएको देखिन्छ। यसले हिमाल जस्तै उच्च अर्थ दिएको छ।

लुप्तोपमा

उपमाका तत्त्वहरूमध्ये कुनै तत्त्वको कमी भएर पनि उपमान दिने काव्यिक सौन्दर्यमा कमी नआएमा लुप्तोपमा अलङ्कार बन्दछ (निरौला, २०७१ : पृ. १)। जस्तैः-

करोड तारायण आसपास, शशी छ बेग्लै ममता प्रकाश।
असङ्ख्य यी मानव माथ माझ, छौ दीपझैँ एक ललाट साँझ॥
(अधिकारी, २०७० : पृ. १२)।

यसमा उपमान दीप, साधारणधर्म प्रकाश (प्रकाशित हुनु) र उपमेय (तिमी अथवा आफूँ) लुप्त छ भने उपमावाचक शब्दको रूपमा झैँ छ र यसमा प्रत्येक व्यक्तिभित्र दीप जस्तै उज्यालो हुने र हुनुपर्ने कुरा व्यक्त छ।

उपमेयोपमा

उपमेय र उपमानका परस्परमा समानता देखाइएमा उमपेयोपमा हुन्छ (निरौला, २०७१ : पृ. ५)। जस्तैः-

मुख सुन्दर देखिन्छ, पद्म झैँ नित्य उज्ज्वल

पद्म देखिन्छ मुख झैँ नेत्राञ्चल अचञ्चल॥ (उपाध्याय, २०६७ : पृ. ११८)। यसमा मुखलाई पद्मझैँ पद्मलाई मुखझैँ भनी उपमेय र उपमानमा समानता देखाइएको छ। त्यसकारण यहाँ उपमेयोपमा अलङ्कार भएको छ।

रसनोपमा

उपमेय र उपमानलाई शृङ्खलाका रूपमा प्रस्तुत गर्दै लगिएमा रसनोपमा अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. ६)। जस्तैः-

पानी जस्तै छ त्यो ऐना ऐना जस्तो छ चन्द्रमा।

चन्द्रजस्तो वदन नित्य निर्मल सुन्दर॥ (उपाध्याय, २०६७ : पृ. ११८) यहाँ पानीलाई ऐनाको उपमान, ऐनालाई चन्द्रमाको उपमान तथा चन्द्रमालाई वदनको उपमान शृङ्खलाबद्ध रूपमा बनाउँदै लगिएको छ त्यसकारण उक्त श्लोकमा रसनोपमा अलङ्कार स्पष्टरूपमा देखिन्छ।

मालोपमा

एउटै उपमेयका साथ अनेक उपमानहरूको समानता देखाइएमा मालोपमा हुन्छ (निरौला, २०७१ : पृ. ७) जस्तैः-

सरोजले तलाउझैँ चन्द्रले रातझैँ सदा।

बैँसले वनिताझैँ नै नीतिले श्री मनोहरा॥ (उपाध्याय, २०६७ : पृ. ११८)। यसमा एक उपमेयको तलाउ, रात, वनिताका साथ समानता देखाइएकाले मालोपमा अलङ्कार भएको छ।

भाविक

भाविक अलङ्कारको सर्वोपरितालाई पूर्वीय साहित्यका सम्पूर्ण आचार्यहरूले वर्णन गरेको पाइन्छ। यसलाई वेणीमाधव ढकालले काव्यदीपिकामा निम्नानुसार वर्णन गरेका छन्। यस अलङ्कारको लक्षण निम्नानुसार रहेको छः-

अद्भुतस्य पदार्थस्य भूतस्याथ भविष्यतः।

यत् प्रत्यक्षायमाणत्वं तद् भाविकमुदाहृतम्॥ (ढकाल, २०६७ : पृ. २५५)

भूतकालको (बितेको समयको) वा भविष्यत्कालको (आउने समयको) अद्भुतवस्तुको प्रत्यक्षमा भएझैँ गरेर वर्णन गर्नु नै भाविक अलङ्कार हो। अथवा भूतकालमा भएका र भविष्यत्कालमा हुने अद्भुतवस्तुहरूको प्रत्यक्षकालमा भए सरह वर्णन गर्दा भाविक अलङ्कार निष्पन्न हुन्छ। उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा कवि नन्दनले भाविक अलङ्कारको प्रयोग निम्नानुसार गरेका छन्ः-

भोलिको द्वन्द्व सम्झेर आज सिद्धार्थ खिन्न छन्।

मनुष्यजातिका भाग्य स्वयम्बाट विनस्ट छन्॥ (नन्दन, २०७४ : पृ. १२)

द्वन्द्वका दुन्दुभि बज्लान् शहर गाँउ माझमा।

पिटिएर कडा झ्याली हाहाकार समाजमा॥ (नन्दन, २०७४ : पृ. १२)

माथिका श्लोकहरूमध्ये पहिलो श्लोकमा सिद्धार्थले पछि हुने युद्धलाई सम्झेको कुरालाई कविले वर्तमानको स्वरूपमा वर्णन गरेका छन्। मनुष्य जातिहरूले विनासित्तिकै युद्ध गर्ने बाहानाले आफूलाई आफै विनस्ट गर्न खोजेको कुरालाई वर्तमान स्वरूप वर्णन गरेका छन् तर यसमा युद्ध पछि हुने वाला छ अहिलेको अवस्थामा नै युद्ध भइसकेको अवस्था छैन तर पनि वर्तमान झैँ वर्णन गर्न खोजिएको छ। अतः यहाँ भाविक अलङ्कार स्पष्टरूपमा देखिन्छ। त्यसै गरी दोस्रो कवितामा पछि हुने युद्धमा विभिन्न किसिमका बाजा-गाजा, शङ्खध्वनि, घण्टानाद आदि भएर शहरमा गाँउमा द्वन्द्वको झ्याली पिट्ने कुरालाई पनि कविले प्रस्तुत गर्न खोजेका छन्। द्वन्द्व हुने वा नहुने भन्ने कुरामा केही टुङ्गो लागेको छैन तर पनि कविले यसमा भएको झैँ गरी प्रस्तुत गर्न खोजेका छैन अतः यसमा भाविक अलङ्कार स्पष्ट रूपमा देखिन्छ।

अपह्नुति

उपमेयको निषेध नगरी उपमानको आरोप गर्दा रूपक हुन्छ भने उपमेयको निषेध गरेर आरोप गर्दा अपह्नुति अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. २३०) जस्तैः-

चन्द्रको पेटको कालो पिएको अन्धकार हो।

खरायो वा मृग भनी भनेको छल मात्र हो। (शर्म्मा, २०५८ : पृ. २२६)

यहाँ चन्द्रको पेटको कालोको निषेध गरी अन्धकारजस्तो उपमानको आरोप गरिएको छ त्यसकारण उक्त श्लोकमा अपह्नुति अलङ्कार स्पष्टरूपमा देखिन्छ।

उत्प्रेक्षा

उपमेयमा उपमान आदिको सम्भावना कल्पित गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ। (उपाध्याय, २०६७ : पृ. ११९) जस्तैः-

नीलो सारी सागर, धर्के तट चोलो

खोला नाला कम्बरबन्दी चहकिलो।

ढाका-बुट्टे चादर ओढी वन भारी

ठान्थे यात्री पल्टिरहेकी क्षिति-नारी॥ (शर्म्मा, २०५८ : पृ. २२७)

यहाँ नीलो सारीमा सागरको, धर्के चोलोमा तटको, कम्बरबन्दीमा खोलानालाको र चादरमा वनको सम्भावना देखाइएकाले उत्प्रेक्षा अलङ्कार बनेको छ ।

अतिशयोक्ति

अतिव्यक्तिलाई प्रभावशाली पार्न लोकप्रसिद्ध उक्तिलाई उछिन्दै बढाई-चढाईकन कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति हो। अभेदातिशयोक्ति, भेदातिशयोक्ति, सम्बन्धातिशयोक्ति, असम्बन्धातिशयोक्ति, अक्रमातिशयोक्ति गरी अतिशयोक्ति अलङ्कार पाँच प्रकारको रहेको छ (निरौला, २०७१ : पृ. ३) । जस्तैः-

वीणाका जति छन् तार ऊ सबै तार बज्दथ्यो ।

ओठमा धूप सल्काई भारती ध्यान गर्दथ्यो ॥

दृश्य बोल्दा कुरा सुन्थ्यो स्वप्नलाई समाउँथ्यो ।

अग्ला पहाडका सामु सधैँ माथ चढाउँथ्यो ॥ (अधिकारी, २०७० : पृ. ३)

यसमा वीणाका सबै तार बज्नु, ओठमा धूप सल्काउनु, दृश्य बोल्नु, स्वप्न समाउनु जस्ता असम्भव कुरा व्यक्त गरिएको हुँदा उक्त श्लोकमा अतिशयोक्ति अलङ्कार भएको छ ।

दीपक

अप्रस्तुत र प्रस्तुत सबै विषयहरूमा एक धर्मसम्बन्ध देखाएमा वा एक कारकको अनेक क्रियासंग सम्बन्ध देखाएमा दीपक अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. २६९) ।

बिजुली, लहरी मेघ मञ्जरी, स्वप्न यौवन ।

कुनै छैनन् चिरस्थायी यी छन् क्षणिक-शोभन ॥ (शर्म्मा, २०५८ : पृ. २२१)

यसमा बिजुली, आदि सबैमा एउटै क्षणिक शोभन छन् भन्ने धर्म सम्बन्ध देखाइएको छ त्यस कारण यहाँ दीपक अलङ्कार प्रयोग भएको पाइन्छ ।

रूपक

सामान्यतया रूपसाम्य वा कार्यसाम्यताले गर्दा उपमेयको निषेध नगरी उपमेय र उपमानका बिच अभेदमूलक आरोप गरिएमा रूपक अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. ९६) ।

माझी कतै रूप कतै छु माली, सत्कर्म मेरो कर छैन खाली ।

म स्वप्नमै देख्दछु पाठशाला, उता उनै छन् तन लालवाला ॥

(अधिकारी, २०७० : पृ. २१) ।

यसमा उपमेय शिक्षकलाई उपमान माझी र मालीको साथमा अभेद आरोप गरिएकाले रूपक अलङ्कार बनेको छ ।

मालारूपक

एउटै उपमेयमा अनेक उपमानको अभेद आरोप गरिएमा मालारूपक अलङ्कार हुन्छ (उपाध्याय, २०६७ : पृ. १२१) । जस्तैः-

उनै कर्द, खुर्पी, चुलेसी, कटारी सनासो हुँदै चक्र बन्ने मदारी।

रूपौला शतच्छिद्र घेला बनेर सुधाविन्दु वर्षाउँछन् चन्द्र हेर ॥

(शर्म्मा, २०५८ : पृ. २२५)।

यसमा एउटा चन्द्र कर्द, खुर्पी, चुलेसी, चक्र, घेला बन्दा एउटामा नानारूप देखिएकोले मालारूपक अलङ्कार बनेको छ।

अर्थान्तरन्यास

सामान्यलाई विशेषद्वारा, विशेषलाई सामान्यद्वारा, कार्यलाई कारणद्वारा, कारणलाई कार्यद्वारा समानता र असमानताका दुई आधारमा समर्थन गरिएको छ भने अर्थान्तरन्यास अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. १६६)।

धरा हो रसको धारा वीर प्यूँछन् सधैँभरि

काकाकुल कहाँ पाऊन् इन्द्रेणी जल निर्झरी

मुहूर्त जन्मको जस्तै जन्मेको भ्रममा परे

हुँदैन जन्मको सार कतै भेटिन्न मिर्मिरे ॥ (अधिकारी, २०७० : पृ. २८)

यसमा धरा सधैँ वीरले भोग्ने भन्ने विशेष कथनलाई काकाकुलले निर्झर जल पिउँन नपाउने सामान्य कथनको समावेश गरी आफ्नो कथ्यलाई स्पष्ट पारेका छन्। अतः उक्त श्लोकलाई अर्थान्तरन्यास अलङ्कारको उदाहरण मान्न सकिन्छ।

अर्थश्लेष

शब्द बदलिए पनि एक शब्दबाट अनेक प्रासङ्गिक अर्थ बुझिने भएमा अर्थश्लेष अलङ्कार हुन्छ (उपाध्याय, २०६७ : पृ. २१)।

थोरैले माथि उक्लन्छ थोरैले तल गिर्दछ।

समान वृत्तिमा नित्य तुला र खल पर्दछ। (भट्टराई, २०३१ : पृ. २१५)

यहाँ थोरै, माथि, तल, समान, वृत्ति, नित्यजस्ता शब्दहरूका ठाउँमा अल्प, उपर, मुनि, तुल्यधर्म, सधैँजस्ता शब्द राखिदिने हो भने पनि तराजु र खल भन्ने अर्थ निस्कन्छ (उपाध्याय, २०६७ : पृ. १२४)। अतः उक्त श्लोकलाई अर्थश्लेष अलङ्कारको उदाहरण मान्न सकिन्छ।

निदर्शना

निदर्शना अलङ्कारको लक्षण आचार्य वेणीमाधव ढकालले आफ्नो काव्यदीपिका नामक कृतिमा निम्नानुसार प्रस्तुत गरेका छन्:-

अभवन् वस्तुसम्बन्ध उपमा परिकल्पकः।

निदर्शना भवेत् सेयं मम्मटेन यथोदितः॥ (ढकाल, २०६७ : पृ. १९७)

वाक्यका अर्थहरूको र पदका अर्थहरूको परस्परमा (एक-आपसमा) आपसी सम्बन्ध हुन नसके पछि अथवा असङ्गत भए पछि त्यो बाधित सम्बन्ध जहाँ बिम्बप्रतिबिम्बभाव (गम्यसादृश्य) मा परिणत

भई उपमाको बोधक हुन्छ, त्यहाँ निदर्शना अलङ्कार निष्पन्न हुन्छ भन्ने कुरा मम्मटद्वारा बताइएको छ। उक्त निदर्शना अलङ्कारको लक्षण आचार्य विश्वनाथले आफ्नो साहित्यदर्पण नामक कृतिमा निम्नानुसार प्रस्तुत गरेका छन्ः-

सम्भवन् वस्तुसम्बन्धोऽसम्भवन् वाऽपि कुत्रचित्।

यत्र बिम्बानुविम्बत्त्वं बोधयत्सा निदर्शना ॥ (विश्वनाथ, सन् : २०१५ पृ. ७६५)

निदर्शना त्यो अलङ्कार हो जसले सम्भव अथवा असम्भव (उपपन्न अथवा अनुपपन्न) वस्तुसम्बन्ध दुई ओटा वाक्यार्थको एक आपसमा बिम्बप्रतिबिम्ब झल्काउँछ। निदर्शना अलङ्कार एकवाक्यता र अनेकवाक्यताका भेदले दुई प्रकारको हुन्छ (विश्वनाथ, सन् २०१५ : पृ. ७६६)

राजाको पहरे छाती हिमाद्रिसरि पग्लियो।

शक्तिको सिन्धुमा आज विरक्ति छाल उर्लियो ॥ (नन्दन, २०७४ : पृ. २३)

छोराको बात यी सुन्दा आमाको दिल छल्कियो।

आउँला कहिले सन्ते निभेको दीप सल्कियो ॥ (नन्दन, २०७४ : पृ. ४८)

माथिका श्लोकहरूमध्ये पहिलो श्लोकमा राजाको पहरे छाती र शक्तिको सिन्धुमा गम्यागम्य भावको अभाव देखिन्छ। यस श्लोकको पहिलो हरफमा राजाको छाती हिमाद्रि सरि पग्लिएको उपमा देखाउन खोजिएको छ र एक आपसमा गम्यागम्य भावको पनि अभाव देखाइएको छ अतः यहाँ निदर्शना अलङ्कार स्पष्ट देखिन्छ। त्यसै गरी दोस्रो श्लोकमा पनि आमाको दिल छल्किनु र निभेको दीप सल्किनुमा गम्यागम्यको अभाव देखिन्छ र यसमा उपमाको रूपमा निभेको दीप सल्केको कुरालाई देखाउन खोजिएको छ। अतः यहाँ निदर्शना अलङ्कार स्पष्ट भएको छ। निदर्शना अलङ्कारको काव्यमा अति नै महत्त्व रहेको पाइन्छ।

दृष्टान्त

समान धर्म भएका विभिन्न वस्तुहरूको बिम्बप्रतिबिम्ब भाव व्यक्त गरिएमा दृष्टान्त अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. १२८)।

भमरा रसमा झुल्छन्, झुल्दैनन् शुष्कपत्रमा

वसन्त गानकी क्वैली अल्पिन्छे ग्रीष्मचक्रमा।

मीठा फल भएसम्म बोटमा सब धाउँछन्

रित्तिँदा फलका दाना बोटको सुम्सुम्याउँछन् ॥ (अधिकारी, २०७० : पृ. २५)

यसमा रस हुँदासम्म रसमा डुल्ने भमरा र वसन्तमा मात्र स्वर निकाल्ने क्वैलीमा बिच बिम्बप्रतिबिम्ब भाव छ। जसले गर्दा यसमा दृष्टान्त अलङ्कार बनेको छ। अतः उक्त श्लोकलाई दृष्टान्त अलङ्कारको उदाहरण मान्न सकिन्छ।

समासोक्ति

प्रस्तुत वस्तुमा लिङ्ग, विशेषण र कार्यको समानताद्वारा अप्रस्तुत वस्तुको आरोप गरिएमा समासोक्ति अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. १३४)। जस्तैः-

कलिलो लहरालाई रसिलो नव वृक्षले ।

प्रेमले देहमा बाँधी अँगालेर उठाउँछ ।। (शर्मा, २०५८ : पृ. २२९)

यसमा वृक्षले लहरालाई उठाएको प्रकृत कुरा कुनै नायिकालाई प्रेमीले प्रेममा बाँधी अँगालेर उठाएको भन्ने अर्को व्यवहारको साँचोमा ढाली देखाएको हुनाले समासोक्ति अर्थालङ्कार प्रयोग भएको देखिन्छ ।

कारणमाला

कारण र कार्य क्रमबद्ध रूपमा शृङ्खला पारेर प्रस्तुत गरिएमा कारणमाला अलङ्कार हुन्छ। (उपाध्याय, २०६७ : पृ. १२६) जस्तैः-

कवि हाँसे गला खोल्दै दुनियाँ मुस्कुराउँछ

कवि भक्कानिँदै रोए दुनियाँ आँसु झार्दछ ।।

विधाता कविको छुट्टै स्वप्न संसार सार छ

सृष्टि अनन्तमा बल्ने अर्कै हृदय तार छ ।। (अधिकारी, २०७० : पृ. ५)

यसमा कवि हाँसे दुनियाँ मुस्कुराउँने र कवि रोए दुनियाँ आँसु झार्ने भन्दा कारण र कार्यको शृङ्खला बनेकोले कारणमाला अलङ्कार बनेको छ। कारणमाला अलङ्कारको काव्यमा अति नै महत्त्व रहेको पाइन्छ ।

प्रौढोक्ति

उत्कर्षमा कारण नभएको वस्तुलाई पनि कारण बनाएर देखाइएमा पौढोक्ति अलङ्कार हुन्छ (उपाध्याय, २०६७ : पृ. १२७) । जस्तैः-

धोएको दूधमा मोतीजस्तो श्वेत स्मितप्रभा (शर्म्मा, २०५८ : पृ. ४२) ।

यहाँ श्वेत स्मितप्रभाको उपमानमा आएको मोती स्वतः सेतो हुनाले त्यसलाई दुधमा धोएको भन्ने हेतु दिनु व्यर्थ छ ।

स्वभावोक्ति

कुनै वस्तु, व्यक्ति वा दृश्य आदिको यथार्थपरक चित्रात्मक वर्णन गरिएमा स्वभावोक्ति अलङ्कार हुन्छ। स्वभावोक्ति अलङ्कारको लक्षण तीर्थराज अधिकारीले निम्नानुसार प्रस्तुत गरेका छन्ः-

लहराबाट उर्लेर पहरामा दगुर्दछन्,

ठाडा चट्टानका डाँडा यिनका निम्ति सम्म छन् ।

नदीका छालमा पस्तै छालछालै रमाउँछन्,

राखेर पातमा खुट्टा पात अर्कै समाउँछन् । (अधिकारी, २०७० : पृ. १८) ।

यसमा वानरको प्रवृत्ति र हाउभाउको वर्णन गरिएकोले स्वभावोक्ति अलङ्कार बनेको छ। स्वभावोक्ति अलङ्कारमा कुनै प्राणी विशेषको मात्र नभएर मानव समुदायको बालापनको या वृद्धपनको

स्वभावको पनि वर्णन गरिएको हुन्छ। स्वभावोक्ति अलङ्कारको काव्यमा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ।

अत्युक्ति

कसैको शूरता, उदारता, रूप आदिको अतिमात्रामा वर्णन गरिएमा अत्युक्ति अलङ्कार हुन्छ (उपाध्याय, २०६७ : पृ. १२९)। अतिशय उक्ति नै अत्युक्ति हो। अथवा कुनै कुरालाई बढाई-चढाई गरेर वर्णन गर्नुलाई पनि अत्युक्ति भनिन्छ। अत्युक्ति अलङ्कारको उदाहरण निम्नानुसार रहेको छः-

हुरी चली पल्लव वस्त्र तानोस्, आकाश गर्जी जति वज्र हानोस्।

कडा-कडा शीत र ताप आओस्, दाह्रा गढी वल्कल नै उतारोस्॥ (अधिकारी, २०७० : पृ. १४)।

यसमा हुरीले पल्लवरूपी वस्त्र तान्नु, आकाश गर्जेर वस्त्र हान्नु, दाह्रा गाढेर वल्कल नै उतार्नु भन्दा अत्युक्ति अलङ्कार बनेको छ। अत्युक्ति अलङ्कारको काव्यमा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ। अत्युक्ति अलङ्कारको प्रयोगले काव्यमा चमत्कृति पैदा भएको पाइन्छ।

विषम

विषम भनेको असमानता वा बेमेल हो। विषम अलङ्कारमा नमिल्ने दुई पदार्थका बिच आपसमा मिलाउने प्रयास भएको हुन्छ। सर्वप्रथम आचार्य रुद्रटद्वारा वास्तव र अतिशय वर्गअन्तर्गत निरूपित यस अलङ्कारका सम्बन्धमा चर्चा गरे तापनि मम्मटद्वारा व्यवस्थित चर्चा भएको देखिन्छ। विश्वनाथले मम्मटको समर्थन गर्दै विषम अलङ्कारको लक्षण निम्नानुसार प्रस्तुत गरेका छन्ः-

गुणक्रिये वा यत् स्यातां विरुद्धे हेतुकार्ययोः।

यद्वाऽऽरब्धस्य वैफल्यमनर्थस्य च सम्भवः।

विरूपयोः सङ्घटना या च तद् विषमं मतम्।

अर्थात् कारण र कार्यको बिचमा गुणमा विपरीत, कार्यमा विपरीत, आरम्भ गरिएको कार्य निष्फल मात्र नभएर अनर्थको कारण र दुई पदार्थका बिच सम्बन्ध उपयुक्त नभए पनि सम्बन्ध देखाइनु गरी चार प्रकारका विषम अलङ्कारका लक्षण देखिन्छन् (ढकाल, २०६७ : पृ. २२४)। अन्य विद्वान् जयदेव, अप्पय दीक्षित, जगन्नाथले पनि यसलाई दुई असमान वस्तुको मिलनलाई नै विषम अलङ्कारका रूपमा स्वीकार गरेका छन्। यस काव्यसङ्ग्रहमा प्रयुक्त विषम अलङ्कारलाई निम्नानुसार प्रस्तुत गरिन्छः-

कहाँको यो इन्द्र महल कहाँको त्यो छाप्रो।

तिमीलाई सुहाउँदो छैन गाउँ राम्रो॥ (नन्दन, २०७४ : पृ. ३७)

माथिको श्लोकमा इन्द्रको महल र पृथिवी तलका मानवहरूले बसोबास गर्ने छाप्रोको वेमेल देखाइएको छ तर पनि काव्यको प्रसङ्ग अनुसार उर्वशीले इन्द्रले पृथिवी तलमा नजाउ भन्दा पनि उनी आएकी छिन् र इन्द्रको स्वर्गभन्दा पृथिवी अति नै सुन्दर भएको कुरा बताएकी छिन्। यहाँ कविले इन्द्रको महल र मानवको छाप्रोको मेल हुनुपर्ने कुरा देखाउँदै राज दरबार र जङ्गलको पनि समानता हुनुपर्ने कुरालाई प्रस्तुत गरेका छन्। अतः यहा विषम अलङ्कार छ भन्न सकिन्छ।

विनोक्ति

यदि विनार्थक पदद्वारा कुनै वर्णनीय वस्तुलाई तुच्छ बनाएर वर्णन गरियो भने विनोक्ति अलङ्कार हुन्छ। विनोक्ति अलङ्कारको लक्षण वेणीमाधव ढकालले आफ्नो काव्यदीपिका नामक ग्रन्थमा निम्नानुसार प्रस्तुत गरेका छन्ः-

विनोक्तिश्चेद्विना किञ्चित् प्रस्तुतं हीनमुच्यते। (ढकाल, २०६७ : पृ. २५६)

यदि कुनै वस्तु नहुँदा वर्णनीय विषयलाई तुच्छ बनाइन्छ भने त्यहाँ विनोक्ति अलङ्कार हुन्छ। वृत्तिकारको लक्षणमा भने यस विनोक्ति अलङ्कारको केही फरक लक्षण देखापरेको छ। यदि विना भन्ने अर्थ लाग्ने पदद्वारा अथवा विना भन्ने अर्थ लाग्ने पदका साथ कुनै वस्तुलाई तुच्छ बनाएर वर्णन गरिन्छ भने त्यहाँ पनि विनोक्ति अलङ्कार हुन्छ (ढकाल, २०६७ : पृ. २५६)। विनोक्ति अलङ्कारलाई स्पष्ट पार्ने क्रममा पूर्वीय साहित्यका आचार्य विश्वनाथले आफ्नो साहित्यदर्पण नामक कृतिमा उक्त अलङ्कारको सर्वोपरितालाई निम्नानुसार वर्णन गरेका छन्ः-

विनयेन विना का श्रीः का निशा शशिना विना।

रहिता सत्कवित्वेन कीदृशी वाग्विदग्धता॥ (विश्वनाथ, सन् २०१५ : पृ. ७७६) जसरी सुशीलता वा विनय विना श्रीको अथवा ऐश्वर्यको कुनै पनि अस्तित्व हुँदैन त्यसै गरी शशी रहित रात्रिको पनि कुनै पनि अस्तित्व रहदैँन। त्यसरी नै विनय भएन भने श्रीको शोभा पनि रहदैँन जहाँ विनय हुन्छ त्यहाँ नै श्री हुन्छ भन्ने भावना प्रस्तुत भएको छ। अतः विना उक्तिको पनि विशेष अस्तित्व रहेको पाइन्छ। अर्थात् विनय भयो भने श्री, ऐश्वर्य, सुन्दरता सबै कुरा हुने बताइएको छ। विनोक्ति अलङ्कारको उदाहरण ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा कवि नन्दनले निम्नानुसार प्रयोग गरेका छन्ः-

धरती फाट्न लागेझैँ काँप्न लाग्यो शनैः शनैः।

भो मान्छे बलिको बोको न्यायान्याय विना कुनै॥ (नन्दन, २०७४ : पृ.५८)

उक्त कवितामा मानिसलाई बलिको बोकोको रूपमा तुच्छ स्वरूपले वर्णन गरिएको छ। मान्छे भनेको सामान्यतया चेतनशील प्राणी हो। अन्य प्राणीहरूभन्दा श्रेष्ठ र सर्वगुणसम्पन्न प्राणी हो। यस्तो चेतनशील प्राणीलाई बलिको बोकोको रूपमा न्यायान्याय नभएर सम्पूर्ण मानिसहरू होमिनु परेको कुरा उक्त श्लोकमा व्यक्त भएको छ। अतः उक्त श्लोकलाई विनोक्ति अलङ्कारको उदाहरण मान्न सकिन्छ।

काव्यलिङ्ग

वाक्यार्थको र पदार्थको अथवा पद र वाक्यार्थको कारकरूपले उपस्थिति भएको अवस्थामा काव्यलिङ्ग अलङ्कार हुन्छ। काव्यलिङ्ग अलङ्कारको लक्षण वेणीमाधव ढकालले निम्नानुसार गरेका छन्ः-

हेतोर्वाक्यपदार्थत्वे काव्यलिङ्गमुदाहृतम्॥ (ढकाल, २०६७ : पृ. २१९)

अर्थात् कुनै पनि युक्तिलाई सापेक्षरूपमा बोध गराउनको लागि वाक्यार्थलाई हेतुरूपले स्थापना गरिन्छ भने काव्यलिङ्ग अलङ्कार हुन्छ। अथवा वाक्यको अर्थबोध गर्नका लागि पदलाई हेतुरूपले स्थापना गरिन्छ भने त्यहाँ पनि काव्यलिङ्ग अलङ्कार हुन्छ त्यसै गरी पद र वाक्य दुवैको अर्थलाई

कारणको रूपमा स्थापित गरिन्छ भने पनि काव्यलिङ्ग अलङ्कार हुन्छ। जहाँ वाक्यार्थ वा पदार्थको कुनै वस्तुप्रति कारणरूपले कथन हुन्छ त्यहाँ पनि काव्यलिङ्ग अलङ्कार हुन्छ। काव्यलिङ्ग अलङ्कारमा वर्णन गरिएको हेतु विशेष गरी ज्ञापक हेतु, निष्पादक हेतु र समर्थक हेतु गरी तीन प्रकारको हुन्छ (विश्वनाथ, सन् २०१५ : पृ. ८०३)। यी तीन प्रकारका भेदहरू मध्येमा ज्ञापनरूप हेतु अनुमान अलङ्कारको विषय हो। जसलाई निष्पादकरूप हेतु भनिन्छ त्यो काव्यलिङ्ग अलङ्कारको विषय हो। त्यसै गरी जसलाई समर्थकरूप हेतु भनिन्छ त्यो अर्थान्तरन्यास अलङ्कारको विषय हो। काव्यलिङ्ग अलङ्कारको लक्षणलाई निम्नानुसार देखाउन सकिन्छः-

अरूको मृत्युमा हाँसिस् अब मृत्यु स्वयम् बरिस्।

खनेको गर्तमा आफैँ आफ्नै कुकर्मले परिस्॥ (नन्दन, २०७४ : पृ.६६)

उक्त पद्यमा आफ्नो मृत्युको कारण अर्काको मृत्युमा हाँस्नु रहेको कुरा भन्ने माथिल्लो पङ्क्तिमा देखाउन खोजिएको छ भने दोस्रो पङ्क्तिमा भने आफ्ना विभिन्न किसिमका अत्याचारी, दुराचारी जस्ता कुकार्य वा कुप्रवृत्तिले गर्दा आफैँले खनेको खाल्डोमा आफैँ हाम फालेको कुरालाई देखाउन खोजेको छ यसमा यदि कुकर्म नगरेको भए गर्तमा हाम फाल्ने अवस्था न आउने र अर्काको दुःखमा नहाँसेको भए आफूपनि दुःखित हुनु नपर्ने कुरा भित्री रूपमा प्रकट भएको छ। अतः उक्त श्लोकलाई काव्यलिङ्ग अलङ्कारको लक्षण मान्न सकिन्छ।

## २.११.३ उभयालङ्कार

शब्दालङ्कारअन्तर्गतका अलङ्कारहरूको र अर्थालङ्कारअन्तर्गतका भेदहरूको एउटै स्थानमा उपस्थिति जहाँ हुन्छ, त्यहाँ उभयालङ्कार हुन्छ। दुवै खाले अलङ्कार प्रत्येक अलग-अलग आफ्नो पहिचान सहित हुने र नछुट्टिने गरी मिश्रित पनि हुन सक्छन्। यस्तोमा अघिल्लोलाई सङ्कर अलङ्कार मानिन्छ (दाहाल, २०७३ : ३०२)। उभयालङ्कारको उदाहरण निम्नानुसार रहेको छः-

संसृष्टि

नजाने मौरी वा मनुज कुन हो सञ्चय गुरु

गर्यो होला पैले मफत किन यो झन्झट सुरु।

यही सत्यानाशी कठिन सरुवा रोगवश भै,

सडेका छन्, लाखौ विकल विचरा मानिस सबै॥

(पौड्याल, २०६६ : पृ. ६२)

यहाँ न, म, क, स (श) दोहोरिएर वृत्त्यनुप्रास भएको छ भने गुरु, सुरु, भै, बै जस्ता अन्त्य वर्णहरूको समानताले गर्दा अन्त्यानुप्रास पनि उक्त श्लोकमा प्रयोग भएको छ। त्यस्तै सञ्चय कर्ता को हो भन्नेमा अनिर्णय देखाइएकाले गर्दा अर्थालङ्कार अन्तर्गतको सन्देह अलङ्कार पनि उक्त श्लोकमा स्पष्ट देखिन्छ। सञ्चय गर्ने प्रवृत्तिलाई सरुवा रोग भन्नेमा आरोप गरिएकोले गर्दा अर्थालङ्कारको भेद रूपक अलङ्कार पनि देखापरेको छ। अतः उक्त श्लोकमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग भएको पाइनुका साथै यसमा सबै अलङ्कार छुट्टिने स्वरूप म आएकोले गर्दा संसृष्टि अलङ्कारको उदाहरण स्पष्ट रूपमा बनेको छ।

सङ्कर

अहा त्यै बेलामा तरुण घन-लीला-वश परी
परीजस्ती गोरी चपल बिजुली त्यो अघि सरी।
उसैको छातीमा लुटुपुटु गरी निर्भय ढली
मजा मानी मानू प्रणयसित हाँसी हिलिहिलि ॥

(पौड्याल, २०६६ : पृ. १०८)

यहाँ परी-सरी, ढली-हिली आदि अन्त्यमा मिलेकाले अन्त्यानुप्रास अलङ्कार स्पष्ट छ। अन्त्यानुप्रास बाहेकै मानू प्रणयसितले उत्प्रेक्षा अलङ्कार र गोरी चपल बिजुलीलाई परीसँग गरिएको तुलनाले उपमा अलङ्कार बनेको छ। साथै देखिन नआएको अप्रस्तुत कुरा प्रेमीद्वारा प्रस्तुत आरोप भएकले रूपक अलङ्कार बनेको छ। यसरी शब्दालङ्कार र अर्थालङ्कार दुवै अलङ्कारमा सम्मिलित भएकाले गर्दा सङ्कर उभयालङ्कार भएको छ।

## २.१२ निष्कर्ष

यस शोधपत्रको द्वितीय परिच्छेदअन्तर्गत यस परिच्छेदमा अलङ्कारको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ। यस परिच्छेदमा विषयप्रवेश, अलङ्कारशब्दको व्युत्पत्ति, अलङ्कारको सूत्रपात, अलङ्कारको सैद्धान्तिक चिन्तनको थालनी, अलङ्कारको लक्षण र स्वरूप, अलङ्कारको परिभाषा, अलङ्कारको अन्य काव्यतत्त्वहरूसँगको सम्बन्ध, अलङ्कारको सङ्ख्या, पाश्चात्य साहित्यमा अलङ्कारसम्बन्धी अवधारणा, काव्यमा अलङ्कारको स्थान, अलङ्कारभेदअन्तर्गत शब्दालङ्कारमध्ये अनुप्रास अलङ्कारका पाँच ओटा भेदहरूको चर्चा श्लेष र यमक अलङ्कारको सामान्य चर्चा तिनीहरूका भेदोपभेदको उदाहरण सहित चर्चा-परिचर्चा गर्नुका साथै अर्थालङ्कारअन्तर्गत उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि २० ओटा अर्थालङ्कारको लक्षण र उदाहरण सहित सामान्य व्याख्या प्रस्तुत गरिएको छ।

# तृतीय परिच्छेद

# 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारको अध्ययन

# तृतीय परिच्छेद
# 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारको अध्ययन

## ३.१ परिचय

नेपाली साहित्य जगत्मा गीतकार, गजलकार र कविका रूपमा प्रसिद्धि कमाएका प्रेमविनोद नन्दनको जन्म १९९२ साल जेठ १९ गते भएको थियो। उनी पिता मोतिलाल र आमा नन्दकुमारी श्रेष्ठका चार जना छोराहरूमध्ये कान्छा छोरा थिए। शिक्षित पिताका कान्छा छोरा भएकाले प्रेमविनोद नन्दनले शिक्षादीक्षा पिताबाट नै अनौपचारिक रूपमा ग्रहण गरेका थिए किनभने त्यतिबेला उनी जन्मेको स्थान तनहुँको बन्दीपुरमा प्राथमिक तहभन्दा माथिल्लो वा उच्चशिक्षा हासिल गर्ने व्यवस्था थिएन। २००२ सालमा पिताको मृत्युका कारण र आर्थिक विपन्नताका कारण उनको उच्च शिक्षा हासिल गर्ने धोको अधुरो र अपुरो नै रह्यो। सानै उमेरदेखि सौम्य, चञ्चल र निर्भीक स्वभावका बालक नन्दन आफ्नो गाउँ, समाज र राष्ट्रप्रति आफूलाई जिम्मेवारी सम्झन्थे। उनीमा समाज र राष्ट्रलाई केही गर्न सकूँ भन्ने भावना सल्वलाई रहन्थ्यो। बाल्यकालदेखि नै अध्ययनमा अधिक रुचि राख्ने नन्दनको विशेष गरी अध्यात्ममा अनुराग थियो। उनी गीत, रामायण, स्वस्थानी आदिका कथाहरू चाख मानेर सुन्थे (शोधनायकद्वारा प्राप्त जानकारी अनुसार)। कृषि पेशामा बढी संलग्न भएका नन्दनले केही समय तनहुँस्थित भगवती प्राथमिक पाठशालामा प्रधानाध्यापक भएर अध्यापन गराए पनि पुनः कृषि व्यवसायमा नै संलग्न रहे। नन्दन विशेषरूपमा चितवन बसाइ सरेपछि भने विभिन्न साहित्यिक क्षेत्रमा संलग्न भएको कुरा बताए। उनले चितवन साहित्य परिषद्, नारायणी वाङ्मय प्रतिष्ठान वीरगञ्ज, त्रिवेणी साहित्य परिषद् नवलपरासी, चितवन वाङ्मय प्रतिष्ठान आदिमा सेवा गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी)। महाकवि देवकोटाको ''मुनामदन'' र ''पहाडी पुकार'' कविताबाट प्रभावित भएर साहित्य लेखनको प्रेरणा पाएका नन्दनले २००४ सालको ''ताराबाजी'' कविताबाट साहित्य लेखनको प्रारम्भ गरेका हुन् (कँडेल, २०५५ : पृ. ३३)। बाल्यकालदेखि नै विभिन्न साहित्यिक कार्यक्रमहरूमा प्रथम, द्वितीय स्थान प्राप्त गर्ने गरेका नन्दन नारायणी वाङ्मय पुरस्कार, छिन्नलता पुरस्कारद्वारा पुरस्कृत हुनुका साथै विभिन्न प्रतिष्ठानहरूले पनि अभिनन्दन गरी दोसल्ला ओढाएर सम्मान गरेका छन् भने पछिल्लो अवस्थामा गीतकार संघ नेपालबाट राष्ट्रिय स्रष्टा सम्मान २०७६ बाट पनि पुरस्कृत भएका छन्। २०५९ सालमा देवकोटा स्मृतिसभा कलैयाले वेदव्यास उपाध्यायको तत्परतामा तारानाथ शर्मा, श्यामप्रसाद शर्मा, भीम विरागलगायत आठ जनाको रथयात्रा तथा अभिनन्दन कार्यक्रममा नन्दनलाई पनि सहभागी गराइएको थियो (भूमिकाखण्ड, पृ. ऋ)। प्रेमविनोद नन्दनले २०६० सालमा चलचित्र पत्रकार सङ्घबाट गीतकारका रूपमा सम्मान पाएका थिए। उनी विशेष गरी कवि, गीतकार, गजलकार, सामाजिक व्यक्तित्व र व्यवसायिक व्यक्तित्वका रूपमा चिनिन्छन्। कवि प्रेमविनोद नन्दनको उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह प्रकाशित कृतिहरूमध्येको सातौँ कृति हो। उक्त कृतिमा 'सिद्धार्थको गृहत्याग', 'मेनकाकाको मन', 'आमाको सपना' र 'विद्रोहिणी आमा' गरी चार ओटा लघुकाव्यहरू सङ्ग्रहित छन्।

कथावस्तु

प्रेमविनोद नन्दनको 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा चार ओटा कृतिहरू सङ्ग्रहित छन् तिनीहरूमध्येको पहिलो लघुकाव्य 'सिद्धार्थको गृहत्याग'को प्रारम्भ कवि नन्दनको मन्तव्यबाट भएको छ। काव्यको दोस्रो अभिव्यक्ति चैतन्यबोधबाट भएको छ। यसमा सिद्धार्थलाई वैराग्यबोध भइसकेको छ र उनी राज्य, पत्नी-पुत्र, र पिताबाट अलग भई स्वतन्त्र बाँच्न चाहन्छन्। यस काव्यको तेस्रो अभिव्यक्ति हो शान्तिको खोजीः- यसमा कवि विनोदीले सिद्धार्थभित्र युद्ध विभीषिकाको अन्तर्द्वन्द्व खडा भएको देखाइएको छ र शान्तिको खोजी गर्नु नै सिद्धार्थको प्रमुख उपाय रहेको छ। चौँथो शीर्षक यशोधराको मनस्थितिमा शान्तिको खोजीमा लागेका सिद्धार्थलाई नभेटेपछि यशोधराको मानसिक धरातलमा विविध द्वन्द्वात्मक अवस्थालाई वर्णन गर्न खोजिएको छ भने स्वप्नभङ्गमा गोपाले सिद्धार्थलाई टाढा नजाऊँ, मेरो नजिक बस, तिमीविना मेरो संसार शून्य छ भन्ने गोपाको मानसिकतालाई वर्णन गर्न खोजिएको छ। यसरी 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहअन्तर्गतको ''सिद्धार्थको गृहत्याग'' लघुकाव्य विविध विषयवस्तुमा आधारित आदि, मध्य र अन्त्य भागले मूर्तरूप लिएको कथावस्तु प्रयोगका दृष्टिले उत्कृष्ट लघुकाव्य हो।

कवि प्रेमविनोद नन्दनको उक्त लघुकाव्यसङ्ग्रहभित्र सङ्कलित 'मेनकाको मन' एक पौराणिक मिथकका विषयवस्तुमा रचित दोस्रो लघुकाव्य हो (नन्दन, २०७४ : पृ. ड)। यसमा नारी अस्मिताको प्रश्न मेनकाका मुखबाट यसरी गुञ्जिएको छः-

> के नारीको आफ्नो कुनै अस्तित्व नै छैन ?
>
> मेरो आफ्नो अस्मिताको कुनै मूल्य छैन ?

यहाँ मेनकालाई स्वर्गकी अप्सराका रूपमा वर्णन गरिएको भए तापनि मेनकालाई इन्द्रको सभा भवनकी नर्तकी, मनोरञ्जिका आदिका रूपमा वर्णन गरिएको छ। यस काव्यको अर्को मेनकाको मनस्थिति शीर्षकको अभिव्यक्तिमा कविले  स्वर्गीय अप्सराहरूको महिमा सुनेको हुनाले ती सदावहार स्वप्न सुन्दरीका प्रतिनिधि स्वरूप मेनकाको मनबारे काव्यमा वर्णन गरेका छन्। यस लघुकाव्यमा कथानक उत्कृष्ट छ र आदि, मध्य र अन्त्यको शिलशिलामा अघि बढेको छ।

कवि नन्दनको तेस्रो लघुकाव्य 'आमाको सपना' मा जम्मा पचपन्न ओटा पद्यहरू अनुष्टुप्-छन्दमा विरचित छन्। उक्त काव्य कविले सामाजिक विषयवस्तुलाई आधार बनाएर रचना गरेको पाइन्छ । यसमा कविले आमालाई र घरको गरिबीलाई चटक्क छोडेर विदेसिएको छोराको यथार्थ घटनालाई प्रस्तुत गरेका छन्।

त्यसै गरी चौँथो वा अन्तिम क्रममा रहेको लघुकाव्य 'विद्रोहिणी आमा'मा कवि नन्दनले द्वन्द्वको पीडालाई मार्मिकरूपमा प्रस्तुत गर्दै सत्ताप्राप्तिको अभिलाषाले हजारौँ मान्छे मार्ने सन्तानलाई स्वयं आमाले नै मृत्युको मुखमा पुऱ्याई आफूसमेत आत्महन्ता बन्न पुगेको करुण र विद्रोह मिश्रित घटनालाई जोड्नुभएको छ। यसमा आमाले विद्रोह गरेको कथावस्तुको एक झलक प्रस्तुत भएको छ। यसको घटनाक्रम आदि, मध्य र अन्त्यको शिलशिलामा बगेको छ।

पात्र/चरित्र

उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहअन्तर्गतको ''सिद्धार्थको गृहत्याग'' लघुकाव्यमा पात्रहरूको कम मात्रामा प्रयोग भएको पाइन्छ। यस काव्यमा मुख्यपात्रका रूपमा सिद्धार्थलाई नै उभ्याइएको छ। नारी पात्रको रूपमा यशोधराको चरित्र चित्रण गर्न सकिन्छ। सहायक पात्रका रूपमा राजा शुद्धोधन र मन्त्री अमात्य देखापरेका छन्। साथै सिद्धार्थको छोरो राहुल, छन्द र कन्थ, सेनापति, अन्य सुसारेहरू पनि यहाँ देखापरेका चरित्रहरू हुन्। यस काव्यका प्रमुख पात्र  सिद्धार्थ गतिहीन, बद्ध पात्रका रूपमा प्रस्तुत भएका छन्। पात्र/चरित्र प्रयोगका दृष्टिले यो लघुकाव्य अन्य लघुकाव्यहरूभन्दा सबल देखिन्छ।

''मेनकाको मन'' लघुकाव्यमा कवि प्रेमविनोद नन्दनले मेनका (उर्वशी) लाई मुख्य स्त्रीपात्रका रूपमा उभ्याएका छन् भने इन्द्रलाई मुख्य पुरुष पात्रका रूपमा प्रयोग गरेका छन्। त्यसैगरी अन्य स्वर्गकी अप्सरा, उर्वशीहरू, तेत्तीसकोटि देउता, गुरु, चेला आदिलाई पनि गौण पात्रको रूपमा प्रयोग गरेको पाइन्छ।

तृतीय सङ्कलित खण्डकाव्य ''आमाको सपना''मा प्रमुख पात्रका रूपमा स्त्रीपात्र आमालाई उभ्याइएको छ। पुरुष पात्रका रूपमा आमाको छोरा सन्तेको मुख्य भूमिका रहेको छ। त्यसै गरी गौण पात्रका रूपमा भने साहू, प्रहरी, मलामीहरूको प्रयोग भएको पाइन्छ। यस लघुकाव्यमा पात्रहरूको थोरै मात्रामा प्रयोग भएको पाइन्छ।

चतुर्थ खण्डकाव्य ''विद्रोहिणी आमा''मा प्रमुख पात्रका रूपमा विद्रोहिणी आमाको भूमिका महत्त्वपूर्ण रहेको छ भने अन्य पात्रका रूपमा पहरेदार, छोरा, छोराका अन्य साथीहरू आदिको प्रयोग भएको पाइन्छ। यसरी कवि प्रेमविनोद नन्दनद्वारा रचित उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह पात्र/चरित्र प्रयोगका दृष्टिले उत्कृष्ट लघुकाव्यसङ्ग्रह मान्न सकिन्छ। उक्त लघुकाव्यसङ्ग्रहको चतुर्थ लघुकाव्य ''विद्रोहिणी आमा'' मा पात्रहरूको कम मात्रामा प्रयोग भएको पाइन्छ।

संवाद

प्रेमविनोद नन्दनद्वारा विरचित उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा ''सिद्धार्थको गृहत्याग'', ''मेनकाको मन'', ''आमाको सपना'' र ''विद्रोहिणी आमा'' गरी चार ओटा लघुकाव्यहरू सङ्कलित छन्। जसअन्तर्गतको प्रथम लघुकाव्य ''सिद्धार्थको गृहत्याग''मा कवि विनोदीले प्रमुख पात्र सिद्धार्थलाई वैराग्यबोध भइसकेको छ र उनी राज्य, पत्नी-पुत्र, र पिताबाट अलग भई स्वतन्त्र शान्त वातावरणमा बाँच्न चाहन्छन्, उनलाई राजकीय सुख, ऐश्वर्य, पुत्र-पत्नीमोह, अन्त:पुरको आनन्द आदि सबै तुच्छ लाग्छन् र उनी शान्ति प्राप्तिको लागि निस्किने क्रममा सिद्धार्थ र यशोधराको संवादलाई कविले प्रस्तुत गरेका छन्। संवाद प्रस्तुत गर्ने क्रममा सिद्धार्थ मार्फत् समाजमा विद्यमान हत्याहिंसाका खेलबाट मुक्त भई शान्तदान्त समाजको परिकल्पनामा निरन्तर लागिरहेको कुरा बताएका छन्।

''मेनकाको मन'' लघुकाव्यमा कवि नन्दनले विशेष रूपमा मेनकाले आफ्नो अस्तित्व खोजी गरेको कुरा बताएका छन्। उनलाई स्वर्गका कृत्रिम भेषभूषा र शृङ्गारका कुराहरूमात्र होइन स्वर्गका सारा क्रियाकलापहरू नक्कली लाग्छन्। त्यसैले उनी इन्द्रसँग नृत्यको भाषासँग स्वर्गीय सुखसुविधायुक्त बन्दीगृहको बन्धनबाट मुक्त हुन खोज्दै त्यस्तो स्वर्गमा भन्दा स्वतन्त्रतापूर्वक बाँच्न पाइने पृथिवीलाई

वासस्थान रोज्ने योजना बनाउँदै छिन्। यस विषयमा इन्द्र र मेनकाको ठूलो संवाद भएको छ। मेनकाले पृथिवी नै रोज्दा इन्द्रले बहुलाएकी वा मनोरोगले ग्रस्त भएकी भन्दै पृथ्वीको मोहमा नफस्न आग्रह गर्छन्। अन्ततः आफ्नो जिद्दीबाट पछि नहटेर मेनका स्वर्गबाट पृथिवीमा आएको कुरा कवि नन्दनले बताएका छन्। यसमा स्वर्गभन्दा धर्ती अति सुन्दर र त्यहाँको जनजीवन अझ सुन्दर भएको देखाउनुका साथै ऐश्वर्यको तृष्णालाई होइन तृप्तिलाई नै सुन्दर मानेका छन्।

''आमाको सपना'' लघुकाव्यमा कवि नन्दनले साहुको ऋणमुक्तिका लागि विदेसिएको छोराको लास घरमा आँउदाको पुत्रवत्सल जननीको हृदयविदारक पीडा प्रस्तुत गर्दै वैदेशिक रोजगारीका वार्तमानिक समस्याहरूको उद्घाटन गर्नुभएको छ।

चतुर्थ लघुकाव्य ''विद्रोहिणी आमा''मा कविले कुकर्ममा लागेको आफ्नो छोराको युद्ध विभीषिकाबाट डराएका मानिसहरूको घाउमा मलम लगाउनको लागि छोराको अन्त्य गर्नु पर्ने निष्कर्ष निकालेर छोरालाई खोज्ने क्रममा एक जना छोराको साथीसँग भेट भएको प्रसङ्ग देखाएको छ र उससँग आमाको संवाद भएको छ अन्त्यमा छोरालाई त्यही भेटेर विषादी प्रयोग गरेर मारेको हृदयविदारक घटनालाई प्रस्तुत गरेका छन्।

विचार/मूलभाव

'सिद्धार्थको गृहत्याग' एउटा गहन भाव बोकेको लघुकाव्यसङ्ग्रह हो। यस काव्यसङ्ग्रहको भाषा सरल, सहज र शैली आलङ्कारिक भएकाले यसले जुनसुकै पाठक या भावक वर्गहरूको हृदय सजिलै छुन सक्छ। मानिसले सिद्धार्थ भन्ने नाम सुन्ने बित्तिकै श्रद्धा र आस्थाको नजरले हेर्छ। यो आस्थामा कत्ति पनि कमी नआउने गरी यस काव्यको रचना भएको पाइन्छ। मानव सम्पूर्ण प्राणीभन्दा श्रेष्ठ र बुद्धिमान् प्राणी हो किनभने मानिसमा कर्तव्याकर्तव्य विवेचन गर्न सक्ने सामर्थ्य हुन्छ। समाजको बागडोर यही मानवको हातमा हुन्छ। समाजलाई प्रगतिपथमा दौडाउने हो या यथास्थितिमा राख्ने हो अथवा अवनतिको पथमा लैजाने हो, त्यो सबै मानिसकै हातमा हुन्छ। अतः यस्ता विवेकशील प्राणी मानवले हत्या-हिंसा, अशान्ति अर्थात् युद्धको बाटो अपनाउनु उचित हुँदैन। मानिसले त शान्तिपूर्वक आपसमा मिलेर काम गर्नुपर्छ। शान्तिपूर्वक समस्याको समाधान निकाल्नुपर्छ भन्ने कुराको बोध कवि नन्दनले गराएका छन्।

द्वितीय काव्य ''मेनकाको मन''मा स्वर्गीय आनन्दभन्दा पृथिवीको हरियाली नै महत्त्वपूर्ण भएको र यसबाट मानिसले आफ्नो जीवनलाई सुन्दर पार्नुका साथसाथै सुगन्धमय बनाउनुपर्ने कुरालाई देखाएका छन्।

तृतीय सङ्कलित लघुकाव्य ''आमाको सपना''मा उनले साहुँहरूको ऋण तिर्न र आफ्नो जीवनलाई सुखमय बनाउनको निमित्त विदेसिएको छोराको लासलाई बाकसमा देख्नु परको दर्दनाक स्थितिलाई देखाई धन कमाउनको लागि नेपालीहरू विदेसिनु पर्ने घटनालाई देखाउन खोजेका छन्।

त्यसै गरी चतुर्थ लघुकाव्य ''विद्रोहिणी आमा''मा कुकृत्य गर्न तत्पर आफ्नो छोरालाई समेत मार्न तयार भएकी आमाको मनस्थितिलाई देखाउँदै अन्ततः आमा पनि आत्महत्या गर्न पुगेको कुरालाई देखाएका छन्। यसबाट कविले द्वन्द्वको वेदनामा छटपटिएका नागरिकलाई निर्द्वन्द्व भएर जिउने अवसर प्रदान गर्दै कुनै आमा र छोराको आत्महन्ता कोही नहोस् भन्दै वसुधैव कुटुम्बकम्को स्वच्छ भावना जगाउँनु पर्ने सन्देश दिएका छन्।

परिवेश

यस काव्यसङ्ग्रहमा कथानक सर्सर्ती अगाडि बढ्ने क्रममा परिवेश चित्रणमा विशेष महत्त्व दिइएको पाइन्छ । यस काव्यको सम्पूर्ण घटना कपिलवस्तुको लुम्बिनीको वातावरणमा घटेको हो । उक्त लघुकाव्यसङ्ग्रहमा लुम्बिनीमात्र नभएर लुम्बिनीको वरपरको वातावरण पनि काव्यको परिवेशको रूपमा आएको छ । अतः सिद्धार्थको जन्मभूमिका रूपमा लुम्बिनीलाई उभ्याइएको छ ।

कपिलदेव सम्पूज्य यो पवित्र तपोवन ।

बुद्धको जन्मधर्ती हो लुम्बिनीग्राम पावन ॥ (नन्दन, २०७४ : पृ.२)

राजा शुद्धोधनको राजदरबार भित्र र त्यहाँ अर्थात् कपिलवस्तु वरपरको परिवेशमा यसका सारा घटना घटेका छन् । सिद्धार्थलाई अनुमा नदीको तटमा छोडेर आएको घटना पनि प्रस्तुत छ । त्यसैले दरबार भित्रको वातावरण, दरबारदेखि अनुमा नदीसम्मको वातावरण, अन्य साहूहरूको प्रसङ्ग, युवाहरू विदेसिएको प्रसङ्ग, इन्द्र र उर्वशीको सम्वाद आदि प्रसङ्गलाई पनि देखाइएकाले त्यहाँ वरपरको गाउँले परिवेशलाई पनि यस काव्यसङ्ग्रहले समेटेको छ ।

उद्देश्य

राष्ट्रमा आउन लागेको अशान्ति र बढ्दो हिंसालाई रोक्नको लागि उनले आफ्नो साहित्यको सिर्जना गरेका हुन् । उनको उक्त लघुकाव्यसङ्ग्रहको उद्देश्य नै हत्या-हिंसालाई रोक्नु रहेको छ । यसले राष्ट्रमा हुने हानिलाई रोकेर देशमा सहिष्णुता, प्रेम, मित्रता, भाइचारा तथा शान्ति कायम गर्नु पर्ने कुरालाई कविले आफ्नो कवितामा प्रस्तुत गर्नुले पनि उनको उद्देश्य स्पष्ट हुन्छ ।

सुरक्षाका निम्ति खटिएका सेनाहरू नतमस्तक भई राजा शुद्धोधन सामु छिमेकीले पुऱ्याएको क्षतिका बारेका बताउँछन् । अमात्यले पनि सिमाना मिचेको, मिलौँ भन्दा युद्ध गर्न चाहेको कुरा गर्छन् र राष्ट्र जोगाउन केही गर्नुपर्ने धारणा राख्छन् ।

गणनायक हे राजा ! अब आदेश चाहियो ।

प्रतिरोध नभै हुन्न राष्ट्र उद्घोष चाहियो ॥ (नन्दन, २०७४ : पृ. ८)

राज्यमा आउन लागेको समस्या वा अनिष्ट प्रति पहिले नै सजग भएर आपसी छलफलमा जुट्नु नै आफ्नो देशप्रतिको प्रेम हो । देशद्रोहीहरूले युद्धको अपेक्षा गरेको बेलामा हामीले तिनीहरूलाई युद्ध गरेर परास्त गर्नुपर्छ, अरू उपायले हुँदैन । यदि कोही यसबाट विमुख हुन्छ र लाचार हुन्छ भने त्यस्ताका लागि यो भूमि कदापि होइन । वीरभोग्या वसुन्धरा अर्थात् यो धर्तीको भोग गर्ने अधिकार त्यसलाई मात्र छ, जो वीर छ, भन्दै अमात्यले देशप्रति अगाध श्रद्धा र प्रेम प्रकट गरेका छन् । मेनकाले पनि उक्त काव्यसङ्ग्रहमा स्वर्गको भन्दा धरतीलाई सुन्दर मानेकी छिन् । उनले भनेकी छिन्;- स्वर्गभन्दा धर्ती अति सुन्दर र त्यहाँको जनजीवन अझ सुन्दर छ । त्यहाँ स्वर्गका भन्दा राम्रा प्रकृतिका पुजारी देखिन्छन् (नन्दन, वि.सं. २०७४ : पृ. ण) । चतुर्थ सङ्कलित काव्यमा पनि आफ्नो देशमाथि खेलवाड गर्ने आफ्नै छोरालाई पनि मृत्युवरण गर्नमा तत्पर भएको प्रसङ्ग देखाएर देशलाई माया गर्नु पर्ने भाव कविले प्रकट गरेका छन् । मानिसहरूको हत्या-हिँसाको बाटोलाई त्यागेर शान्तिलाई अँगाल्नु पर्छ भन्ने उद्देश्य उक्त लघुकाव्यसङ्ग्रहको रहेको छ ।

लयविधान

स्वरलहरीको आरोह, अवरोह नै लय हो। काव्यमा माधुर्य पैदा गर्नका लागि लयले पनि एकदमै ठूलो भूमिका खेलेको हुन्छ। लयभित्र सङ्गीत लुकेको हुन्छ। अतः लयले चित्तलाई आकर्षण गर्छ, कवितासँग श्रोता र पाठकको मन-मस्तिष्कलाई एकाकार गरिदिन्छ। फरक-फरक लयमा रचिएको साहित्यिक रचनाले श्रोता या पाठकमा फरक-फरक किसिमको साहित्यिक रस पैदा गरिदिन्छ। लयलाई सामान्यतया बद्ध र मुक्त गरी दुई भागमा विभाजन गर्न सकिन्छ। साथै शास्त्रीय र लोकलय गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न पनि सकिन्छ। शास्त्रमा प्रयुक्त लय अर्थात् छन्दलाई शास्त्रीय लय भनिन्छ, भने लोकमा गाइने गीत, गजल, चुड्का आदिको लय या भाकालाई लोकलय भनिन्छ। शास्त्रीय लय गद्य र पद्य गरी दुई भागमा विभक्त हुन्छ। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहअन्तर्गतको प्रथम लघुकाव्य ''सिद्धार्थको गृहत्याग''मा शास्त्रीय अनुष्टप्छन्दको प्रयोग हुनुका साथै मन्दाक्रान्ता छन्दको पनि प्रयोग भएको लघुकाव्य छ। यस काव्यमा १४५ ओटा पद्यहरू शास्त्रीय अनुष्टुप्छन्दमा रचित छन् भने अन्तिमका चार ओटा पद्यहरू मन्दाक्रान्ता छन्दमा रचित छन्।

द्वितीय लघुकाव्य ''मेनकाको मन''मा कतै-कतै शास्त्रीय अनुष्टुप्छन्द र अन्यत्र झ्याउरे लोकलयको प्रयोग भएको पाइन्छ। झ्याउरे लोकलयको प्रयोग भए तापनि अन्त्यानुप्रास अलङ्कारको कुशल संयोजनले उक्त ''मेनकाको मन'' लघुकाव्यलाई रमणीयता प्रदान गरेको छ। छन्दमा नलेखिएता पनि अन्त्यानुप्रास मिलाउनु कविको काव्य वैशिष्ट्य हो। लयविधानका दृष्टिले ''मेनकाको मन'' लघुकाव्य उत्कृष्ट छ।

तृतीय लघुकाव्य ''आमाको सपना''मा भने शास्त्रीय अनुष्टुप्छन्दमा विरचित ५५ ओटा श्लोकहरू रहेका छन्। यसमा लघुकाव्यकार प्रेमविनोद नन्दनले केवल शास्त्रीय अनुष्टप्छन्दको मात्र प्रयोग गरेका छन्।

यसै गरी उक्त लघुकाव्यसङ्ग्रहको अन्तिम लघुकाव्य ''विद्रोहिणी आमा''मा पनि शास्त्रीय अनुष्टुप्-छन्दमा विरचित ६९ ओटा श्लोकहरू रहेको पाइन्छ। यसरी नन्दनले सकेसम्म शास्त्रीय लयलाई नै अवलम्बन गरेको पाइन्छ। अतः उनको उक्त लघुकाव्यसङ्ग्रह लयविधानका दृष्टिले उत्कृष्ट रहेको पाइन्छ। यसमा कविले झ्याउरे लोकलयलाई पनि प्रश्रय दिएका कारण लघुकाव्यसङ्ग्रह सबै पाठकहरूका मनमस्तिष्कमा बस्न सफल भएको छ।

रसविधान

लय जस्तै काव्यमा आनन्द बढाउने अर्को तत्त्व हो रस। काव्यमा भएको रसास्वादन गरेर नै श्रोता या पाठकले यथेष्ट आनन्द लिन्छ। आनन्द पदवाच्य परमात्मालाई नै रसो वै सः भनेर रस नाम दिइएको छ। त्यसैले पनि रसले आनन्द दिन्छ भन्न अनुचित नहोला। रस विना कुनै पनि साहित्य साहित्य बन्न सक्दैन त्यसैले एउटा सुन्दर साहित्य निर्माणको लागि त्यसमा रसको आवश्यकता देखिन्छ वा रस हुनु नै पर्ने हुन्छ। पूर्वीय साहित्य जगत्मा होस् या नेपाली साहित्य जगत्मा होस् रसहरू शृङ्गार, वीर, करुण, अद्भुत, हास्य, भयानक, बीभत्स, रौद्र, शान्त गरी नौ ओटा रहेका छन्। यिनै रसहरू अनुसार मानिसको भावना बन्दछन्। पूर्वीय साहित्य परम्परामा रससिद्धान्तका प्रवर्तक प्रथम शताब्दीका आचार्य भरत हुन्। उनले विभावानुभावव्यभिचारीभाव- संयोगातरसनिष्पत्तिः भनेर रससूत्रको नै प्रवर्तन गरेका छन्। यस रससूत्रको बारेमा पूर्वीय साहित्य जगत्का आचार्यहरूले आ-आफ्नो मत प्रस्तुत गरेका छन्।

यी नौ ओटा रसहरूका नौ ओटा नै स्थायीभावहरू हुन्छन्। वीररसले मानिसमा उत्साह, जोसजाँगर, हिम्मत पैदा गर्छ, शृङ्गाररसले रति पैदा गर्छ, हास्यरसले मनोरञ्जन पैदा गर्छ, भयानक रसले डर पैदा गर्छ। त्यसैले वीर रसको स्थायीभाव उत्साह हो। शृङ्गारको रति या प्रीति, वीर रसको उत्साह स्थायीभाव हो। यस्तै गरी हरेक रसले मानिसभित्र आ-आफ्नै किसिमका भाव पैदा गराउँछन्। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह पनि विभिन्न रसपूर्ण पद्यांशहरूको सङ्गालो हो। यसमा शृङ्गारादि नौ ओटै रसहरूको प्रयोग भएको पाइन्छ। विशेष रूपमा पहिलो लघुकाव्य 'सिद्धार्थको गृहत्याग' मा शान्त रसको प्रधानता रहेको छ, दोस्रो लघुकाव्य 'मेनकाको मन' मा करुण रसको प्रधानता रहेको छ, तेस्रो लघुकाव्य 'आमाको सपना' मा करुण र वीभत्स रसको नै प्राधान्य देखिएको छ र 'विद्रोहिणी आमा' लघुकाव्यमा रौद्र र वीर रसको प्रधानका देखिएको छ। उक्त लघुकाव्यसङ्ग्रहका विभिन्न काव्यहरूमा भिन्न-भिन्न रसको प्रधानता भए तापनि शृङ्गार, वीर, करुण, अद्भुत, हास्य, भयानक, बीभत्स, रौद्र र शान्त रसहरूको पनि राम्रो प्रयोग भएको पाइन्छ। अतः रसप्रयोगका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह उत्कृष्ट मानिन्छ।

उक्त लघुकाव्यसङ्ग्रहको शीर्षक सरल, सहज, प्रतीकात्मक र छोटो रहेको छ। शीर्षक चयन गर्ने क्रममा कवि नन्दनले उक्त लघुकाव्यसङ्ग्रहकै पहिलो लघुकाव्यको शीर्षक चयन गरेका छन्। चारवटा लघुकाव्यहरूको सँगालो उक्त लघुकाव्यसङ्ग्रहको पहिलो लघुकाव्यसङ्ग्रह हो 'सिद्धार्थको गृहत्याग'। यसमा सिद्धार्थ भन्नाले शुद्धोधनका छोरा, शान्तिका प्रतीक, एशियाका तारा, गौतमबुद्धलाई लिन खोजिएको छ। उनले विश्वलाई हत्याहिंसा, शोषण, उत्पीडन, दमन आदिबाट मुक्त पार्नको लागि शान्तिलाई अँगालेका छन्। बुद्धले आफ्नो राज्यको सुख-सुविधा, ऐस-आराम, पुत्र, पत्नी सबैलाई त्यागेर तपस्या गर्न गई बुद्धत्व प्राप्त गरी शान्तिका अग्रदूतका रूपमा चिनाउन सफल भएका छन्। उक्त लघुकाव्यसङ्ग्रहको 'सिद्धार्थको गृहत्याग' लघुकाव्यको पहिलो लघुकाव्य र यसको उक्त काव्यसङ्ग्रहमा विशेष भूमिका भएका कारण 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह शीर्षक सार्थक देखिन्छ।

'सिद्धार्थको गृहत्याग' काव्यसङ्ग्रहको अर्को महत्त्वपूर्ण कुरा हो अध्यात्मदर्शन। उक्त लघुकाव्यसङ्ग्रहमा कविले अध्यात्म दर्शनको सुरुवात निम्नानुसार गरेका छन्ः-

> समाधि किन भत्किन्छ किन बन्छ स्वयम् त्यहाँ।
>
> चित्त चैतन्य झल्किन्छ बलेको दीपझैँ यहाँ।। (नन्दन, २०७४ : पृ. ३)

आत्मा स्वयं प्रकाश छ। मानवजीवन एउटा बटुवाको जीवन जस्तो हो। बटुवा जब यात्रामा निस्कन्छ त्यसपछि बाटोमा ऊसँग अरू बटुवाहरू भेटिन्छन्। ऊ जबसम्म लक्ष्यमा पुग्दैन, तबसम्म उसले धेरैसँग यात्रा गर्नुपर्ने हुन्छ। यो आउने जाने क्रमलाई बुझेर हामीले यसबाट उन्मुक्तिको बाटो खोज्नुपर्छ। कस्त्वं कोऽहं कुत आयात:। का मे जननी को मे तात:।

अर्थात् मेरो यात्रा कहाँबाट सुरु भयो ? यो यात्रा कहाँ सम्मको हो ? म को हूँ ? मैले यो यात्राको क्रममा गर्नुपर्ने के हो ? भन्ने विचार गर्नु नै अध्यात्म हो। अर्थात् आफूलाई अन्तरात्मादेखि नै चिन्नु भनेको अध्यात्म हो। मानिसले सम्पूर्ण एषणाहरूलाई अर्थात् आफ्ना इच्छा, चाहनाहरू त्यागेर अनवरत आनन्दको सागर परमात्मामा लाग्नु नै मानव जीवनको सफलता हो, किनभने यो काम मानव जीवन

बाहेकका जीवनमा सम्भव छैन । यस काव्यले हामीलाई दिन खोजेको आध्यात्मिक चेतना पनि यही नै हो ।

'सिद्धार्थको गृहत्याग' काव्यसङ्ग्रहको अर्को महत्त्वपूर्ण पक्ष शान्तिको खोज हो। सिद्धार्थले क्रान्तिबाट नभई शान्तिको समझदारीबाट प्राप्त भएको शान्तिको चाहना गरेका छन्। उनको विचारमा क्रान्तिबाट प्राप्त भएको शान्ति कहिल्यै पनि स्थायी नहुने रहेको छ। उनी शान्तिकै लागि घर, पत्नी-पुर, राज्यवैभव आदि सम्पूर्ण कुराहरू त्यागेर हिंडेका छन्। युद्धले आफ्नै दाजुभाइका बिच वैमनस्यता पैदा गर्छ। मानिसमा क्रोधमात्र बढाउँछ। आपसी समझदारी र वार्तालापबाट नै शान्तिको बाटो समाउनु पर्छ भन्ने विचार कविले व्यक्त गरेका छन्। आजसम्म जति पनि युद्ध भए, ती युद्धहरूको परिणाम कदापि राम्रो देखिएको छैन। महाभारतको युद्ध भयो जसमा आफ्नै दाजुभाइ बत्तिका पुतलीझैँ मारिए। पहिलो र दोस्रो विश्वयुद्ध भयो। त्यसको परिणाम अझ भयानक भयो, किनकी जहाँ वम पट्कियो त्यो स्थान नै मरुभूमि बन्न पुग्यो। यस्तो अवस्था देख्दा-देख्दै पनि आज शक्तिशाली राज्यहरू आपसमा युद्धकै तयारीमा छन्। यसरी कदापि सोचेको जस्तो शान्ति मिल्दैन। मानिसहरूले स्थायीरूपको शान्तिको चाहना गरेका हुन् भने त्यसको लागि समझदारी आवश्यक हुन्छ भन्ने भावना सिद्धार्थको रहेको छ।

अतः उनी विश्व शान्तिका लागि आफ्नो राज्यको सुख, सुविधा र ऐश्वर्यलाई त्यागेर तपस्या गर्न हिडेका छन्। आज विश्वमा जताततै अशान्ति, हत्या, हिंसा फैलिएको छ। मानिसहरूमा राक्षसी प्रवृत्तिको वृद्धि हुनुका साथै अहम् भावनाको अत्यधिक मात्रामा वृद्धि भएको पाइन्छ। अहिलेको समयमा मानिसले मानिसलाई चिन्न छोडेको छ। सिद्धार्थ यसको अन्त्य चाहन्छन्। परोपकारी भावनाको वृद्धि गर्न चाहन्छन्। मानिसले मानवताको व्यवहार देखाउनु पर्ने भावना उनको रहेको छ। त्यसैले सिद्धार्थ र उनले दिएको विश्वशान्तिको उपदेश आज पनि उत्तिकै महत्त्वपूर्ण हुनुका साथै औचित्यपूर्ण देखिन्छ। त्यही शान्तिको उपदेशलाई कविले सन्देशका रूपमा उक्त लघुकाव्यसङ्ग्रहमा निम्नानुसार प्रस्तुत गरेका छन्ः-

सके बचाउने बाँच्ने जिन्दगीको महानता।

नसके शान्तिको मार्ग खोज्नुपर्थ्यो पवित्रता॥ (नन्दन, २०७४ : पृ. १२)

अर्थात् सकेसम्म परोपकारी भावना गर्ने आफू पनि बाँच्ने र अरूलाई पनि बाँच्न सिकाउने त्यो नै सबैभन्दा ठूलो महान् कार्य हो। त्यति पनि गर्न सकिदैँन भने शान्तिलाई अगाल्ने आफूले मात्र भए पनि शान्त भएर बस्ने भन्ने भावना उनको रहेको छ। सिद्धार्थले सर्वे भवन्तु सुखिनः भन्ने भावनालाई पनि उजागर गरेका छन्। उनी सबै प्राणी सुखी होऊन्, रोगी कोही नहून्, सम्पूर्ण प्राणीवर्गहरू सत्यको पछि लागून् भन्छन्। कवि नन्दनले यही कुरालाई उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रस्तुत गर्न खोजेका छन्।

यसरी 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह विषयवस्तु, पात्र/चरित्र, संवाद, मूलभाव, भाषाशैली, छन्द, प्रतीक, बिम्ब आदिको प्रयोगले उत्कृष्ट लघुकाव्यसङ्ग्रह मानिन्छ।

## ३.२ 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयुक्त अलङ्कारहरूको अध्ययन

### ३.२.१ पृष्ठभूमि

कवि नन्दनद्वारा लिखित 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा ''सिद्धार्थको गृहत्याग'', ''मेनकाको मन'', ''आमाको सपना'' र ''विद्रोहिणी आमा'' गरी चार ओटा काव्यहरू सङ्कलित छन्। शास्त्रीय अनुष्टुप् र झ्याउरे लोकलयमा विरचित नन्दनको उक्त खण्डकाव्य २०७४ सालमा प्रकाशित भएको हो। यसमा अलङ्कारको अध्ययन गर्ने क्रममा अलङ्कारका भेदहरू शब्दालङ्कार र अर्थालङ्कारका भेदोपभेदहरूको पनि चर्चा गरिएको छ। यस कृतिमा सर्वाधिक प्रयुक्त अलङ्कारलाई पहिले त्यसपछि अन्य अलङ्कारहरूको उल्लेख क्रमशः गरिएको छ। उक्त कृतिका सम्पूर्ण काव्यहरूका श्लोकहरूमा अन्त्यानुप्रास देखिएका कारण अरू पनि अलङ्कारको प्रयोग एकत्र भएको हुँदा उभयालङ्कार हुने र सबै श्लोकहरू उभयालङ्कारको पोल्टामा पर्ने भएकाले गर्दा यसमा उभयालङ्कारको अध्ययनभन्दा पनि शब्दालङ्कार र अर्थालङ्कारका दृष्टिबाट अलङ्कारको छुट्टा-छुट्टै अध्ययन गरिएको छ। जसले गर्दा अलङ्कारलाई प्रस्तुत गर्न र बुझ्न सजिलो हुने देखिन्छ।

अलङ्कारलाई वर्गीकरण गर्ने सन्दर्भमा विद्वान्हरूले शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कारको चर्चा-परिचर्चा गरेका छन्। यस काव्यसङ्ग्रहमा प्रयुक्त अलङ्कारहरूको अध्ययन गर्ने क्रममा धेरै प्रयुक्त अलङ्कारहरूको पहिले र कम प्रयोग भएका अलङ्कारहरू त्यसपछि गरी क्रमशः अध्ययन गरिएको छ।

### ३.२.२ 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयुक्त शब्दालङ्कार

संस्कृत काव्यशास्त्रमा शब्दालङ्कारअन्तर्गत अनुप्रास, यमक, श्लेष, पुनरुक्तवदाभास, वक्रोक्तिजस्ता अलङ्कारहरूको चर्चा गरिएको छ। तिनको लक्षण र यस सिद्धार्थको गृहत्याग लघुकाव्यसङ्ग्रहमा प्रयुक्त शब्दालङ्कारहरूलाई यसरी प्रस्तुत गरिन्छ।

अनुप्रास

'अनु+प्र+आस'को संयोजनबाट निर्मित 'अनुप्रास' शब्दले बारम्बार वर्णहरूलाई राम्रोसँग राख्नु वा क्रम मिलाउनु भन्ने अर्थ दिन्छ। यसमा वर्णहरूको पुनरावृत्तिका कारण सुनाइका क्रममा आनन्द प्राप्त हुने रसानुकूल वर्णहरूको प्रयोग गरिन्छ। भामहले सरूप वर्णविन्यासमा जोड दिन्छन् भने मम्मटले चाँहि व्यञ्जन वर्णको समता र मात्राहरूको विषमतातिर जोड दिन्छन् (निरौला, २०७१ : पृ. २७६)। विश्वनाथले अनुप्रासः शब्दसाम्यं वैषम्येऽपि स्वरस्य यत् (विश्वनाथ, ई. १९७० : पृ. ६७१) भनेर अनुप्रासलाई स्वरवर्णमा विषमता भए पनि व्यञ्जन वर्णहरूको आवृत्ति भएमा पनि अनुप्रास हुन्छ भन्ने प्रष्ट पारेका छन् (ढकाल, २०६७ : पृ. १७६)। अनुप्रास अलङ्कारका अन्त्य, वृत्ति, श्रुति, छेक र लाटानुप्रास गरी पाँच भेदको चर्चा गरिएको छ। यस सिद्धार्थको गृहत्याग काव्यसङ्ग्रहमा अनुप्रास अलङ्कारका चार ओटा भेदको प्रयोग भएको छ। जसलाई निम्नानुसार देखाउन सकिन्छः-

अन्त्यानुप्रास

पाउको आधा वा पाउको अन्त्यमा अन्तिम अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास अलङ्कार हुन्छ (निरौला, २०६७ : पृ. २७६)। उक्त लघुकाव्यसङ्ग्रहका तीन ओटा काव्यहरू शास्त्रीय अनुष्टुप्छन्द र मन्दाक्रान्ता छन्दमा रचिएका र मेनकाको मन नामक खण्डकाव्यमा कतै-कतै झ्याउरे छन्दको पनि प्रयोग भएकाले काव्यसङ्ग्रहका सम्पूर्ण श्लोकहरूमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको देखिन्छ, जस्तैः-

पीडितहरूकै लागि पूज्य हुन्छन् उपासक ।

शोषितहरूकै लागि हुनुपर्थ्यो प्रशासक ।। (पृ. ६/२१)

घटाकाश पटाकाश कैयौं आकाश छन् यहाँ ।

धरा आकाशको मेल कैयौं आभास छन् यहाँ ।। (पृ. ३१/६)

म चाँडै आउँला भन्थ्यो वर्षौंवर्ष बिती सक्यो ।

भेट कैले हुने होला वेदनाले जिती सक्यो ।। (पृ. ४६/६)

कुरु क्षेत्र पनि हैन तर कुकर्मले डस्यो ।

छिद्रान्वेषी भए मान्छे विषालु साँपले डस्यो ।। (पृ. ५७/५)

माथिका पद्यहरूमध्ये पहिलो पद्यको पहिलो र दोस्रो हरफमा स र कको, दोस्रो श्लोकमा यहाँ यहाँ शब्दको तेस्रो र चौँथो श्लोकमा सक्यो र डस्यो शब्दको मेल भएको देखिएको छ। त्यसैले यसमा अन्त्यानुप्रास रहेको छ। शास्त्रीय छन्दमा रचना गरिएको काव्यसङ्ग्रह भएकाले गर्दा अन्त्यानुप्रास यसको प्रमुख शोभाप्रदायक तत्त्व भएको छ । यसमा नन्दनले कुनै पनि कसुर बाँकी नराखीकन चार ओटा काव्यका लगभग सम्पूर्ण श्लोकमा अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग गरेका छन् ।

वृत्यनुप्रास

एक व्यञ्जनको एक पटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनको उसै क्रममा वा क्रमविना एक पटक वा अनेक पटक आवृत्ति भएमा वृत्यनुप्रास हुन्छ (निरौला, २०६७ : पृ. २७७)। जस्तैः-

कोही भन्छन् भयो उर्दी नबोल्नू भन्नु कोसित ।

कुन बेला कहाँ जान्छु नभन्नू है कसैसित ! (पृ. २१/१३)

सीमा रक्षक हे सेना, सेनानी, राष्ट्र-सेवक !

सभासद्हरू हो ! भन्नोस् जुटौं लौ अब बेधक ।। (पृ. ८/८)

माथिका पद्यहरूमध्ये पहिलोमा क र दोस्रोमा सको बारम्बार आवृत्ति भएकाले तिनीहरूमा वृत्यनुप्रास अलङ्कारको प्रयोग भएको देखिन्छ। यस आवृत्तिले गर्दा काव्यसङ्ग्रहको सौन्दर्यमा झन् वृद्धि भएको देखिन्छ। कुनै वर्ण मात्र नभएर शब्द पनि स्वरसाम्य वा वैषम्यका साथ दोहोरिएर आएमा मात्र वृत्त्यनुप्रास हुने भएकोले गर्दा काव्यसङ्ग्रहका लगभग सबै श्लोकहरूमा वृत्त्यनुप्रास अलङ्कार देखिन्छ।

श्रुत्यनुप्रास

कण्ठ, तालु, दन्त, मूर्धा आदि एउटै उच्चारण स्थानबाट उच्चरित हुने एक वा अनेक व्यञ्जनवर्णहरूको आवृत्तिले काव्यमा सौन्दर्य वृद्धि भएमा श्रुत्यनुप्रास अलङ्कार हुन्छ (निरौला, २०६७ : पृ. २७६) । जस्तैः-

समस्या साथमै हुन्छ समाधान पनि सँगै ।

आत्तिनु पात्तिनु हुन्न धैर्यशाली बनौँ अझै ।। (पृ. ९/१९)

यहाँ उही स-वर्ण शब्दको सुरुमा आएका छन् र त, न, ध जस्ता दन्तस्थानीय वर्णहरूको आवृत्ति पनि भएको छ । कुनै दुई वर्णको मात्र स्थानसाम्यले पनि यो अलङ्कार बन्न सक्ने भएकाले गर्दा यस लघुकाव्यसङ्ग्रहका चार ओटै काव्यहरूमा उक्त श्रुत्यनुप्रास अलङ्कार देखापरेको छ ।

छेकानुप्रास

अनेक व्यञ्जन वर्णको उस्तै क्रममा एक पटक मात्र दोहोरिएर चमत्कार प्रकाशन भएमा छेकानुप्रास अलङ्कार बन्दछ । यसको क्रमशः आवृत्ति वा दोहोरिए अव्यवहित र व्यवधानसहित आवृत्ति हुँदा व्यवहित छेकानुप्रास हुन्छ (निरौला, २०७१ : पृ. २७६) । जस्तैः-

कालचक्रसँगै बाँच्ने परिवर्तन नर्तन ।

जिजीविषा पिई बाँच्ने कति आसक्त जीवन ।। (पृ. ३/२)

साँढे जुधेपछि बाच्छा-बाच्छीको के हुने गति ।

लालाबाला कहाँ जालान् शरणार्थी बनी कति ? ।। (पृ. १०/१४)

माथिका पद्यहरूमध्ये पहिलोमा वर्तन र नर्तनमा र, त र नकारको तथा दोस्रोमा लाला, बाला र जालामा लवर्णको उही क्रममा एकपटक मात्र आवृत्ति भएकाले छेकानुप्रास अलङ्कार बनेको छ । यसले काव्यको सौन्दर्यमा चमत्कार थपेको देखिन्छ । उक्त काव्यसङ्ग्रहका सम्पूर्ण लघुकाव्यहरूमा छेकानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

यमक

'यम+क' को योगबाट बनेको 'यमक' शब्दको अर्थ जोर, युग्म, वा दुइटा भन्ने हुन्छ । यसमा भिन्न भिन्न अर्थ भएका स्वर र व्यञ्जनसमूहको आवृत्ति हुने गर्दछ । भामहले भिन्न अर्थ भएका तर सुन्नमा उस्तै लाग्ने वर्णहरूको आवृत्तिलाई यमक मानेका छन् । वामनले यसको विशेष चर्चा-परिचर्चा गर्दै सम्पूर्ण पाउ वा अनेक पाउका आदि, मध्य र अन्त्य आदि भागहरूमा आवृत्ति भएमा यमक अलङ्कार हुन्छ भनेका छन् । यिनले शृङ्खला, चूर्ण र परिवर्तक जस्ता भेदको पनि उल्लेख गरेका छन् । मम्मटको परिभाषा भने भामहको परिभाषासँग मिल्दोजुल्दो नै देखिन्छ (निरौला, २०७१ : पृ. २८८) । पूर्वीय काव्यकार विश्वनाथले परिभाषा गर्दै भनेका छन्ः-

सत्यर्थे पृथगर्थायाः स्वरव्यञ्जनसंहतेः ।

क्रमेण तेनैवाऽऽवृत्तिर्यमकं विनिगद्यते ।। (विश्वनाथ, ई. १९७०, पृ. ६७४)

अर्थात् सार्थक वा निरर्थक जे भए पनि भिन्न अर्थ भएका स्वरव्यञ्जनहरूको आवृत्तिलाई यमक अलङ्कार मान्न सकिन्छ (ढकाल, २०६७ : पृ. १७६) ।

अतः समग्रमा भन्दा भिन्ना-भिन्नै अर्थ प्रदान गर्ने सार्थक वर्णसमुदाय वा निरर्थक वर्णहरूको समुदाय त्यसै क्रममा आदि, मध्य र अन्त्यको क्रममा दोहोरिएर चमत्कार पैदा हुनुलाई यमक अलङ्कार भनिन्छ । यस लघुकाव्यसङ्ग्रहमा प्रयुक्त यमक अलङ्कारहरू निम्नानुसार रहेका छन् ।

सम्बुद्ध बुद्धता प्राप्त लोक आलोकका धनी ।
नेपाली धरतीको यो गरिमामय जीवनी ॥ (पृ. २/५)

मुक्त आकाश उघ्रन्छ उन्मुक्त धमनी बनी ।
प्रकृतिभित्र प्राप्तिको बन्छ स्वीकृति जीवनी ॥ (पृ. ४/८)

धर्मको नाउँमा लाखौँ अधर्मी जन जन्मिए ।
स्वधर्महरू कुल्चेर ताण्डवी नृत्य झैँ भए ॥ (पृ. ६/२३)

संसारी सुख चाहेनन् न त भोग अभोगको ।
न त आशा अपेक्षा छ वासना छ न वासको ॥ (पृ. २२/२१)

माथिका श्लोकहरूमध्ये पहिलो श्लोकमा बुद्ध शब्दको आवृत्ति, दोस्रो श्लोकमा मुक्त, तेस्रो श्लोकमा धर्म र चौँथो श्लोकमा भोग र वास शब्दको आवृत्तिले चमत्कार पैदा गरेको छ यी दोहोरीएका सम्पूर्ण शब्दहरूको आफ्नै विशेष प्रकारको अर्थ रहेको छ र यिनीहरूले भिन्न-भिन्न अर्थलाई बुझाउन खोजेका छन् । अतः उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहलाई यमक अलङ्कार प्रयोगका दृष्टिले उत्कृष्ट मान्न सकिन्छ ।

श्लेष

एउटै श्लिष्ट पदबाट अनेक अर्थ निस्केमा शब्दश्लेष अलङ्कार हुन्छ र यसमा कहीँ सिङ्गो शब्दबाट अनेक अर्थ निस्कन्छन् र कहीँ शब्दको एक भागबाट । यस प्रकार यस श्लेष अलङ्कारका अभङ्ग, सभङ्ग, सभङ्गाभङ्ग गरी मुख्यतया तीन प्रकारका भेदहरू हुन्छन् । यसको पहिलेदेखि नै चर्चा-परिचर्चा हुँदै आइरहेको पाइन्छ । यसको स्पष्ट चर्चा गर्दै विश्वनाथले साहित्यदर्पणमा परिभाषा गरेका छन् । उनले एउटा शब्दबाट अनेक अर्थ निस्केर अभिव्यक्तिमा चमत्कार देखिनु नै श्लेषको लक्षण हो भनेका छन् (निरौला, २०७१ : पृ. २७०) यस लघुकाव्यसङ्ग्रहमा उक्त अलङ्कारको प्रयोग निम्नानुसार रहेको छः-

शिव हुन्छन् सधैँ पूज्य शक्ति गर्छिन् परिक्रमा ।
विना शिव कहाँ शक्ति ? अच्युत हुन्न च्युतमा ॥ (पृ. १०/३८)

सनातनी यही श्रद्धा यही विश्वास व्याप्त छ ।
आफ्ना पूर्वजको बाटो माटामा अझ शेष छ ॥ (पृ. ५१/३२)

माथिका श्लोकहरूमा पहिलो हरफको शिव शब्दले भगवान् शिव र कल्याण अर्थ दिएको छ । दोस्रो हरफको शक्ति शब्दले बल र भगवती पार्वतीको अर्थ दिएको छ र अच्युत शब्दले च्युत नहुने र

भगवान् नारायणको अर्थ दिएको हुँदा दुइटा अर्थ देखापरेका छन् । एउटा शिव सदैव पूज्य हुने र पार्वतीले उनलाई परिक्रमा गर्ने अर्थ छ भने कल्याण अर्थात् अरूको भलो गर्ने काममा शक्ति सदैव साथमा हुने अर्को अर्थ पनि छ । त्यसै गरी अच्युत अर्थात् नारायण भगवान् च्युत नहुने कुरालाई जनाउन खोजेको छ भने अर्को तर्फ नगिरेको मान्छे कहिल्यै पनि नझुक्ने कुरा पनि यसैबाट व्यक्त भएको छ । यसबाट उक्त काव्यसङ्ग्रहमा श्लेष अलङ्कारको प्रयोग भएको देखिन्छ र यस अलङ्कारको प्रयोगले गर्दा काव्यले पाठक वर्गहरूमा चमत्कार पैदा गरेको छ ।

## ३.२.३ 'सिद्धार्थको गृहत्याग' काव्यसङ्ग्रहमा प्रयुक्त अर्थालङ्कार

कुनै श्लोक वा पङ्क्तिमा आएको शब्दमा आधारित नभई त्यस शब्दले दिने अर्थमा आधारित अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । शब्दालङ्कारमा एउटा शब्दको सट्टा उही अर्थ दिने अर्को (पर्यायवाची) शब्द राख्दा अलङ्कार मिल्दैन तर अर्थालङ्कारमा पर्यायवाची शब्द राख्दा पनि मिल्छ किनकि अर्थालङ्कारमा शब्दको नभई अर्थको महत्त्व हुन्छ । शब्दले दिने अर्थगत चमत्कारबाट साहित्य वा कुनै भनाइलाई सौन्दर्यपूर्ण बनाउँदा अर्थालङ्कार हुन्छ । अर्थालङ्कारहरूको सङ्ख्याको बारेमा विभिन्न साहित्यकारहरूले आ-आफ्नै मत राखेका छन् । यस काव्यसङ्ग्रहमा प्रयुक्त अर्थालङ्कारहरूको सामान्य लक्षण र अलङ्कारको उदाहरणका रूपमा काव्यमा नै प्रयुक्त श्लोकलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

उपमा

मापन गर्नु वा तौलनु भन्ने अर्थ दिने आधार पदमा समीप अर्थ दिने उप उपसर्गको योगबाट उपमा शब्द बनेको छ (निरौला, २०७१ : पृ. ३८) । अर्थात् पदार्थका बिच सामीप्यताका आधारमा समानता दाँज्नु भन्ने अर्थ हुन्छ । भामहले देश, काल, क्रिया आदिका आधारमा सर्वथा भिन्नाभिन्नै हुँदाहुँदै पनि कदाचित् गुणलेश मात्रले दुवैमा समानता भएमा उपमा हुन्छ भनेका छन् । मम्मटले पनि त्यसलाई स्विकारेका छन् । विश्वनाथले सबै पूर्वीय साहित्यका काव्यशास्त्रीहरूको चिन्तनलाई समेटेर निम्नानुसारको लक्षण गरेका छन्ः-

साम्यवाच्यमवैधर्म्यं वाक्यैक्यमुपमाद्वयोः

अर्थात् वैधर्म्य रहित उपमान र उपमेयका बिचको सादृश्यका माध्यमबाट एउटै वाक्यमा व्यक्त गर्नु उपमा हो भनेका छन् (विश्वनाथ, ई. १९७० : पृ. ६९२) । उपमा अलङ्कारमा उपमेय, उपमान, वाचक र समानधर्म गरी चार पक्ष रहन्छन् । जसको प्रयोगले उपमा अलङ्कार बन्दछ । यी मध्ये कुनै तत्त्वको कमी भएमा पनि सुन्दर सादृश्यका कारण चमत्कार भएमा लुप्तोपमा अलङ्कार हुन्छ । उपमेय र उपमानमा परस्परमा समानता देखाइएमा उपमेयोपमा अलङ्कार हुन्छ । त्यसै गरी उपमेय र उपमानलाई शृङ्खलाका रूपमा प्रस्तुत गर्दै लगेमा रसनोपमा र एउटै उपमेयका साथ अनेक उपमानहरूको समानता देखाइएमा मालोपमा हुन्छ (उपाध्याय, २०६७ : पृ. ११८) । अतः दुई पदार्थको बिचको सादृश्यमा प्राथमिकता दिइने हुँदा उपमेय र उपमानमा समानता हुनु आवश्यक मानिन्छ । उक्त सिद्धार्थको गृहत्याग लघुकाव्यसङ्ग्रहमा प्रयुक्त उपमा अलङ्कारलाई निम्नानुसार अध्ययन गरिन्छः-

समाधि किन भत्किन्छ किन बन्छ स्वयम् यहाँ ।

चित्त चैतन्य झल्किन्छ बलेको दीपझैँ यहाँ ।। (पृ. ३/१ )

यस श्लोकमा आएका उपमेय चैतन्य र उपमान दीप दुवै स्वप्रकाश भएकाले झल्कनु रूप धर्म दुवैमा बराबर नै रहन्छ। यहाँ पनि उपमेय चैतन्यको उपमान दीपसँग सादृश्य खोजिएको छ। अतः यो उपमा अलङ्कारको उदाहरण हो।

सिद्धार्थबाट यो उर्दी भएको भन्दछन् सबै।

“भयौँ लाचार ढुङ्गाको मूर्तिझैँ उभियौँ सबै !” (पृ. २२/१४ )

यहाँ दरबारमा काम गर्ने सुसारेहरू उपमेय र ढुङ्गाको मूर्ति उपमानका रूपमा आएका छन्। जसरी ढुङ्गाको मूर्ति अवाक् र लाचार हुन्छ, त्यसैगरी सुसारेहरू पनि सिद्धार्थको आज्ञा पालन गरेर अवाक् भएर बस्दछन्। यी दुवैमा आएको जडता व्यवहारलाई लिएर यिनीहरू बिचको सादृश्य देखाइएकाले यो श्लोक उपमाको नमुना हो। उपमा अलङ्कारका अन्य उदाहरणहरू निम्नानुसार रहोका छन्ः-

आसुरी अङ्गमा देख्छु यी ज्यूँदा साससझैँ कतै।

रूप लावण्यमा देख्छु चिताको लासझैँ कठै ॥ (पृ. ५/१४)

यो अन्तः पुर नै मेरो यन्त्रणा कालकुण्ड भो।

रनिवास पनि मेरो महाकाल समान भो ॥ (पृ. ५/१५)

गोपाको त्यो कमलदलझैँ हातमा हात राखी।

सिद्धार्थैले शशिवदनको खोल्दछन् केशराशी ॥

त्यै बेलामा शशि-सुवदना मन्द मुस्कान छर्छिन्।

सिद्धार्थैको मदिरमुखको प्यारमा छक्क पर्छिन् ॥ (पृ. १५/२)

तर यो राज्यको भार बिसाऊँ कसरी कहाँ ?।

हरायो शक्ति सामर्थ्य ढलेको वृक्षझैँ यहाँ ॥ (पृ. २३/२७)

यसरी ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्य सङ्ग्रहमा नेपाली समाज विशेष गरी एक प्रकारको जात, धर्म, भाषा र भेषभूषाको साझा फूलबारी भएकाले यस राज्यको संरक्षण गर्नुपर्छ भन्ने कुरा व्यक्त गरेका छन्। माथिका श्लोकहरूमा झैँ जस्तै आदि शब्दको प्रयोग भएकाले उपमा अलङ्कार स्पष्ट रूपमा देखिन्छ। अतः उपमा अलङ्कार प्रयोगका दृष्टिले उक्त काव्यसङ्ग्रह उत्कृष्ट हुनुका साथै पाठक वर्गहरूमा अझ सौन्दर्य थपेको महसुस गर्न सकिन्छ।

स्वभावोक्ति

स्वभाव सम्बन्धी उक्ति नै स्वभावोक्ति हो। यसमा कुनै पनि पदार्थको जाति, गुण, स्वरूप र क्रियासम्बन्धी कुराको जस्ताको तस्तै वर्णन गरिन्छ। मम्मटले उक्त अलङ्कारको बारेमा निम्नानुसारको लक्षण बताएका छन्ः-

स्वभावोक्तिस्तु डिम्भादेः स्वक्रियारूपवर्णनम् (मम्मट, ई. १९८९ : पृ. ५४२)। अर्थात् यसमा विशेषतः बालक, पशुपक्षी आदिको चेष्टाको वर्णन गरिन्छ (निरौला, २०७१ : पृ. ११४)। यस अलङ्कारका सम्बन्धमा केहीले फरक विचार राखेपनि कुनै न कुनै रूपमा अस्तित्व भने सबैले स्वीकार गरेका छन्। काव्यदीपिकाका रचयिता आचार्य वेणीमाधव ढकालले परिभाषा उद्धृत गर्दै

स्वभावोक्तिरसौ चारुयथावद्वस्तुवर्णनम्

अर्थात् कुनै पनि वस्तुको चेष्टा र स्वभाव अनुसार गरिने आकर्षक वर्णन विशेषलाई नै स्वभावोक्ति अलङ्कार हो भनेका छन् (ढकाल, २०६७ : पृ. १८१)। यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयोग भएको स्वभावोक्ति अलङ्कारलाई निम्नानुसार अध्ययन गरिन्छः-

शिशु राहुल रोएको सुनेर चल्मलाउँदा।
अँगालोबाट फुत्किन्छिन् मायाले थुम्थुम्याउँदा॥ (पृ.२०/२)
कारुण्य स्वरले रोयो शिशु रावल यो दिन।
ब्यूँझेर हेर्दछिन् आफ्नै त्यो न्यानो काखमा लिन॥ (पृ. २०/३)

माथिका श्लोकहरूमा शिशु रावलको बालापनको स्वभाव अर्थात् शिशु अवस्थामा रुने स्वभाव विशेषलाई देखाउन खोजेको छ। अतः यी श्लोकहरू स्वभावोक्ति अलङ्कारका उदाहरणहरू हुन्। यस्तै उक्त काव्यसङ्ग्रहमा स्वभावोक्ति अलङ्कार प्रयुक्त अन्य श्लोकहरू निम्नानुसार रहेका छन्ः-

क्रान्तदर्शी महात्यागी अहिंसा परिपालक।
करुणामय चैतन्य महामानव नायक॥
श्रद्धा सन्मार्ग सम्बोधि-प्रज्ञामा रथ-सारथि।
मनीषी र तपस्वी भै स्वयं सिद्ध महारथि॥ (पृ. २/३,४)

यसरी माथिका श्लोकहरूमा सिद्धार्थको स्वभावको यथार्थ वर्णन गरिएकाले यी स्वभावोक्ति अलङ्कारका उदाहरणहरू हुन्। स्वभावोक्ति अलङ्कार प्रयोगका दृष्टिले नन्दनको उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्र उत्कृष्ट रहेको पाइन्छ।

रूपक

'रूप' शब्दमा क-प्रत्यय लागेर 'रूपक' शब्दको उत्पत्ति भएको छ। यसको अर्थ आरोप गर्नु हो। एउटा पदार्थको अर्को पदार्थसँग अभेद सम्बन्ध देखाउनु नै रूपक हो। भामहले गुणसाम्यताका आधारमा अभेद आरोपमा रूपक अलङ्कारलाई स्वीकार गरेका छन् (निरौला, २०७१ : पृ. ९५)। मम्मटले रूपक अलङ्कारको लक्षण निम्नानुसार गरेका छन्ः-

तद्रूपकमभेदो य उपमानोपमेययोः (मम्मट, ई. १९८९ पृ. : ४९१)।

भन्दै उपमान र उपमेय बिचको अभेद आरोप नै रूपक अलङ्कार भएको कुरा स्विकार्दछन्। त्यसै गरी विश्वनाथ पनि कुनै निषेध विना विषयमाथि विषयीको अभेद आरोप रूपक अलङ्कार स्विकार्दछन् (निरौला, २०७१ : पृ.९५)। यसरी वर्णन गरिने उपमान र उपमेयबिचको सादृश्यलाई

अभिन्न मान्दै वर्ण्य विषयमा नै उपमानको अभेद आरोप गर्नु रूपक अलङ्कार हो भन्न सकिन्छ। उक्त लघुकाव्यमा प्रयुक्त रूपक अलङ्कारलाई निम्नानुसार अध्ययन गर्न सकिन्छः-

सम्झाऊँ कसरी मैले बिचरी ती यशोधरा।

शिशु 'राहुल' भन्ने छन् कलिला गुँडका चरा॥ (पृ. ४/११)

हत्या-हिंसाको आगोमा खलिखेल्नु निरर्थक।

खरानीमा कहाँ देख्नु शान्तिको रूप सार्थक॥ (पृ. ५/२०)

यहाँ पहिलो श्लोकमा उपमेय राहुल छोरालाई उपमान गुँडको चरासँग अभेद बताइएको छ, भने दोस्रो श्लोकमा उपमेय हत्याहिंसालाई उपमान आगोसँग अभेद बताइएको छ। त्यसैले माथिका श्लोकहरू रूपक अलङ्कारका उदाहरणहरू हुन्। उक्त काव्य सङ्ग्रहमा प्रयुक्त अन्य रूपक अलङ्कारहरू निम्नानुसार छन्ः-

क्रान्तदर्शी महात्यागी अहिंसा परिपालक।

करुणामय चैतन्य महामानव नायक॥ (पृ. २/३)

श्रद्धा सन्मार्ग सम्बोधी प्रज्ञाका रथ सारथि।

मनीषी र तपस्वी भै स्वयं सिद्ध महारथि॥ (पृ. २/४)

यसरी माथिका कविताहरू मध्येको पहिलो कवितांशमा अहिंसा र शान्ति नै हाम्रो पहिचान र सबैभन्दा ठूलो संस्कार भएको कुरा व्यक्त छ भने दोस्रो कवितामा श्रद्धा र ज्ञान नै महत्त्वपूर्ण कुरा भएको भाव प्रस्फुटन गर्नको लागि रूपक अलङ्कारको प्रयोग गरिएको देखिन्छ। रूपक अलङ्कारको प्रयोगले गर्दा लघुकाव्यसङ्ग्रहमा सौन्दर्य थपिएको देखिन्छ।

उत्प्रेक्षा

भवेत्संभावनोत्प्रेक्षा प्रकृतस्य परात्मना।

वाच्या प्रतीयमाना सा प्रथमं द्विविधा मता॥

वाच्येवादिप्रयोगे स्यादप्रयोगे परा पुनः। (दण्डी, सन् १९८५ : पृ. ७३९)

उपमेयको उपमानका रूपमा सम्भावना (सम्भव छ भन्ने भावना) गर्नु नै उत्प्रेक्षा हो। त्यो उत्प्रेक्षा अलङ्कार वाच्योत्प्रेक्षा र प्रतीयमानोत्प्रेक्षा गरी दुई प्रकारको छ। उपमेयको उपमानसँग सम्भावना भन्नुको तात्पर्य उच्चकोटीको सन्देह नै हो। यस्तो सन्देहमा कुनै एक पक्षको प्रवलता रहेको हुन्छ। अप्रस्तुतपक्षको (उपमान पक्षको) उत्कटता नै उत्प्रेक्षा अलङ्कारको विशेषता हो। किनकि त्यो उत्कटता उपमेय पक्षलाई निगरण (दबाउनु, निल्नु) गरेर मात्र निष्पन्न हुन्छ। निगरणको लक्षण साहित्याचार्य दण्डीले निम्नानुसार गरेका छन्ः-

विषयस्यानुपादानेऽप्युपादाने च सूरयः।

अधः करणमात्रेण निर्गीणत्वं प्रचक्षते॥(दण्डी, सन् १९८५ : पृ. ७४०)

अर्थात् उपमेयको उल्लेख नगरेर अथवा उल्लेख गरे तापनि त्यसको चमत्कारको अपकर्षणद्वारा निगरण हुन्छ। त्यो निगरण कहीँ उपमेयको नामै नलिएर पनि हुन्छ र कहीँ त्यसको वास्तविक स्वरूपतालाई दबाएर पनि हुन्छ। वास्तवमा भन्नु पर्दा उत्प्रेक्षा अलङ्कारमा निगरण उपमेयको स्वरूपतालाई दबाउँदा नै हुन्छ। यस लघुकाव्यसङ्ग्रहमा निम्नानुसारको उत्प्रेक्षालङ्कारको प्रयोग भएको पाइन्छः-

एक्सरो वस्त्र ओढेर सिद्धार्थ एकलै गए।

झिस्मिसे प्रातमा सूर्य उदाएसरि भै गए॥ (पृ. १८/२२)

बिताएँ उन्तीसौं वर्ष जिन्दगी भो निरर्थक।

लासले सास फेरेझैँ पिताज्ञा मात्र पालक॥ (पृ. ११/३१)

मिर्मिरेले खोलीदिन्छ बिहानीको रङ्ग।

अतिथिझैँ आइपुग्छन् हर्ष र उमङ्ग॥ (पृ. ३९/३५)

यहाँ पहिलो श्लोकमा सिद्धार्थ (उपमेय) मा झिस्मिसे बिहानको सूर्य (उपमान) को सम्भावना देखाएर उपमेय नै उपमान हो कि भन्ने तर्क गरिएको हुँदा उत्प्रेक्षा अलङ्कारको उदाहरणका रूपमा यो श्लोकलाई मान्न सकिन्छ। दोस्रो श्लोकमा लासले कहिल्यै पनि सास फेर्दैन तर पनि पिताका आज्ञापालक सिद्धार्थको सोझो प्रवृत्तिलाई देखाउनको लागि उपमेयलाई दबाउन खोजेको छ र यहाँ उत्प्रेक्षा अलङ्कार स्पष्ट देखिन्छ। त्यसै गरी तेस्रो श्लोकमा पनि बिहानीको रङ्ग झै उमङ्गलाई पनि देखाउन खोजेकाले उत्प्रेक्षा अलङ्कार स्पष्ट हुन आएको छ। उत्प्रेक्षा अलङ्कार प्रयोगका दृष्टिले उक्त काव्यसङ्ग्रह महत्त्वपूर्ण मानिन्छ। उक्त अलङ्कारले यस काव्यसङ्ग्रहमा चमत्कृति पैदा गरेको पाइन्छ।

अतिशयोक्ति

सामान्य अर्थमा लोकमान्यताको अतिक्रमण वा उल्लङ्घन गरेर भन्नु वा बढाइचढाइ गरेर भन्नु अतिशयोक्ति हो। विषयीद्वारा विषयको अध्यवसान अर्थात् उपमानद्वारा उपमेयको अध्यवसान नै यस अलङ्कारको मूल पहिचान मानिएको छ। भामहदेखि भोजसम्मका सम्पूर्ण आचार्यहरूले यसलाई स्वीकार गरेका छन् तर मम्मटले भने उपमानद्वारा उपमेयलाई पूर्ण रूपमा ढाकेर उसैसँग अभेद सम्बन्ध देखाउनु हो भनेका छन् (निरौला, २०७१ : पृ. ३)। विश्वनाथले अतिशयोक्ति अलङ्कारको लक्षण निम्नानुसारको बताएका छन्:-

सिद्धत्वेऽध्यवसायस्यातिशयोक्तिर्निगद्यते (विश्वनाथ, ई. १९७० : पृ. ७७५)

त्यो साध्यवसाय सिद्ध भएमा अतिशयोक्ति अलङ्कार हुन्छ। अप्पय दीक्षितले स्वभावोक्ति अलङ्कारलाई रूपकातिशयोक्ति, सापह्नवातिशयोक्ति, भेदकातिशयोक्ति, सम्बन्धातिशयोक्ति, असम्बन्धातिशयोक्ति, अक्रमातिशयोक्ति, चपलातिशयोक्ति र अत्यतिशयोक्ति गरी आठ भेदमा वर्गीकरण गरेर अध्ययन गरेका छन् (निरौला, २०७१ : पृ. ३)। जे होस् उपमानद्वारा उपमेयको निगीरण हुनु र लोकको सीमा उल्लङ्घन गरी अलौकिक वर्णन गर्नुलाई अतिशयोक्ति अलङ्कार भनिन्छ। यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयुक्त अतिशयोक्ति अलङ्कारको अध्ययन निम्नानुसार छः-

जता पायो उतै साँढे सिङौरी खेल्न खोज्दछन्।

गरौं वार्ता मिलौं भन्दा बलैले पेल्न खोज्दछन् ॥ (पृ. ७/६)

धारिला यी आँखासित आँखा चार हुन्छन्

स्पन्दनका तारहरू झङ्कार बनी बज्छन् ॥

मेरो स्पर्श पाएपछि चट्टान रसाउँछन् ।

उल्लास र उमङ्गका फूल बर्साउँछन् ॥ (पृ. २९/६)

माथिका श्लोकहरू मध्ये पहिलो श्लोकमा साँढेले जता-ततै सिङौरी खल्ने कुरालाई असम्भव देखाउनुका साथै वार्ता गरौँ भन्ने असम्भव कुरालाई देखाउन खोजिएको छ साँढेसँग वार्ता गर्न असम्भव नै हुन्छ । त्यसै गरी दोस्रो श्लोकमा पनि मेनकाको स्पर्शले चट्टानहरू रसाउने असम्भव कुरालाई वर्णन गर्न खोजिएको छ। मानवको स्पर्शद्वारा चट्टान रसाउनु असम्भव वा असाध्य कुरा हो अतः यो श्लोक अतिशयोक्ति अलङ्कारले पूर्ण छ। यसरी उक्त नन्दनको लघुकाव्यसङ्ग्रहमा प्रयुक्त अतिशयोक्ति अलङ्कारले पाठक वर्गमा सौन्दर्य वृद्धि गरेको छ।

विरोधाभास

आभासत्वे विरोधस्य विरोधाभास इष्यते (खतिवडा, २०७५ : पृ. २६) अर्थात् दुई वा सोभन्दा बढी व्यक्ति वा वस्तुका बिच यथार्थमा विरोध नभएता पनि विरोधको आभास हुँदा उत्पन्न हुने अर्थालङ्कारलाई विरोधाभास अलङ्कार भनिन्छ। विरोधाभास अलङ्कारलाई विरुद्ध अलङ्कार पनि भनिन्छ। विरोधाभास अलङ्कारलाई विरुद्ध अलङ्कार भन्ने क्रममा वेणीमाधव ढकालले निम्नानुसारको मम्मटको लक्षणलाई उद्धृत गरेका छन्ः-

विरोधः सोऽविरोधेऽपि विरुद्धत्वेन यद्वचः । (मम्मट, सन् १९८९ : पृ. १७८)

एउटा आश्रयमा वास्तविक रूपमा विरोध नभए तापनि विरोध जस्तो लाग्ने दुई धर्मको उल्लेख गर्दा विरोध अलङ्कार हुन्छ। यसैलाई विरोधाभास पनि भनिन्छ (ढकाल, २०६७ : पृ. २२२-२२३)। जो धर्म आपाततः भिन्न-भिन्न आधारमा रहेजस्तो देखिन्छ, त्यसलाई एउटै आधारमा रहेको बताउँदा विरोध अलङ्कार हुन्छ। यहाँ धर्मशब्दबाट जाति, गुण, क्रिया र द्रव्यलाई बुझ्नु पर्दछ। कवि नन्दनले उक्त लघुकाव्यसङ्ग्रहमा निम्नानुसार विरोधाभास अलङ्कारको प्रयोग गरेका छन्।

बिताएँ उन्तीसौँ वर्ष जिन्दगी भो निरर्थक।

लासले सास फेरेझैँ पिताज्ञा मात्र पालक ॥ (पृ. ११/३१ )

यहाँ 'लासले सास फेर्नु' भनेर अरुले जे भन्यो त्यही मान्ने भन्ने अर्थमा आएको छ, तर पनि लासले सास नफेर्ने भएकाले लासले सास फेर्नु भनेको सुन्दा विरोधको आभास हुने भएकाले यो श्लोक यस काव्यमा प्रयुक्त विरोधाभास अलङ्कारको एउटा नमुना हो। उक्त विरोधाभास अलङ्कार प्रयोगका दृष्टिले खण्डकाव्यलाई उत्कृष्ट मान्न सकिन्छ।

दृष्टान्त

दृष्टान्तको अर्थ उदाहरण हो तर अलङ्कारका सन्दर्भमा भने यसका केही अन्य सर्तहरू पनि हुन्छन्। यसमा दुई भिन्नाभिन्नै अर्थ भएका वाक्यहरूमा परस्पर बिम्बप्रतिबिम्बभाव हुनु नै दृष्टान्तको लक्षण हो। यसमा एउटा उपमान र एउटा उपमेय वाक्य रहन्छन्। यसको प्रथम प्रयोग उद्भटबाट भएको

देखिन्छ (निरौला, २०७१ : पृ. १२८)। यसको व्यवस्थित परिभाषा चाँहि मम्मटले गरेका छन्। उनले निम्नानुसारको लक्षण गरेका छन्ः-

दृष्टान्तपुनरेतेषां सर्वेषां प्रतिबिम्बनम्

अर्थात् उपमानको उपमेयसँग, उपमानसम्बद्ध विशेषणको उपमेयसम्बद्ध विशेषणसँग र साधारण धर्मसँग बिम्बप्रतिबिम्बभाव हुनुलाई दृष्टान्त अलङ्कार भनेका छन् (मम्मट, ई. १९८९ : पृ. ५१८)। यसका पनि साधर्म्य र वैधर्म्य गरी दुई भेदको चर्चा गरिएको पाइन्छ। उक्त लघुकाव्यमा प्रयुक्त दृष्टान्त अलङ्कारलाई निम्नानुसार अध्ययन गरिन्छः-

परन्तु हे महारानी यो कस्तो दुविधा भयो।

राहुको छत्रछायामा शनिकै दोष झैँ छ यो॥ (पृ. २६/४)

मीठा फल भएसम्म बोटमा सब धाउँछन्।

रित्तिँदा फलको दाना बोटको सुम्सुम्याँउछन्॥ (पृ. ४८/४७)

कवितामा शनि ग्रहले राहुलाई आफ्नो नजिक पर्न नदिने जस्तो वातावरण रहेको छ। त्यस्तै गरी सिद्धार्थको कुण्डली बनाउने क्रममा ज्योतिषीले आफू द्विविधामा परेको कुरालाई लिएर दृष्टान्त दिन खोजिएको छ। त्यसै गरी दोस्रो श्लोकमा पनि भमराहरू पनि जबसम्म कुनै पनि फूलमा रस हुन्छ त्यति बेलासम्म फूलमा झुम्मिने र रस सिद्धिए पछि फललाई सुम्सुम्याएर फर्किने कुरालाई दृष्टान्तका रूपमा प्रस्तुत गरिएको छ। दृष्टान्त अलङ्कार कुनै कुरालाई स्पष्ट रूपमा बोध गराउन पनि काव्यमा प्रयोग भएको पाइन्छ। अतः उक्त काव्यसङ्ग्रह दृष्टान्त अलङ्कारका दृष्टिले महत्त्वपूर्ण मानिन्छ। उक्त अलङ्कारको प्रयोगले काव्यसङ्ग्रहमा सौन्दर्य बढाउने कार्य गरेको छ।

अर्थान्तरन्यास

'अर्थान्तर' र 'न्यास' गरी दुई शब्द मिलेर बनेको 'अर्थान्तरन्यास' शब्दको शाब्दिक अर्थ अर्को अर्थ स्थापना गर्नु भन्ने हुन्छ। त्यसैले यसमा कुनै एउटा अर्थको पुष्टिको लागि अर्को अर्थको स्थापना गरिन्छ (निरौला, २०७१ : पृ.१६६)। पूर्वीय आचार्य भामहकै समयमा प्रचलित यस अर्थान्तरन्यास अलङ्कारको स्पष्ट लक्षण र स्वरूप भने पूर्वीय साहित्यका आचार्य मम्मटले देखाएका छन्। उनले लक्षण गर्दै भनेका छन्ः-

सामान्यं वा विशेषो वा तदन्येन समर्थ्यते।

यत्र सोऽर्थान्तरन्यासः साधर्म्येतरेण वा॥

अर्थात् साधर्म्य वा वैधर्म्य जसरी भए तापनि सामान्यले विशेषलाई वा विशेषले सामान्यलाई समर्थन गर्दा अर्थान्तरन्यास अलङ्कार हुन्छ (मम्मट, ई. १९८९ : पृ. ५३४)। उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा कवि, गीतकार तथा गजलकार नन्दनले निम्नानुसार अर्थान्तरन्यास अलङ्कारको प्रयोग गरेका छन्ः-

राज्य शासनमा बस्ने उसको योग देख्दिन।

राज्यश्री सुखमा रम्ने उसको भोग देख्दिन॥ (पृ. २६/६)

परन्तु देवतातुल्य लोक ख्याति कमाउँछ।

उसको लक्ष्यले सारा विश्वशान्ति जनाउँछ॥ (पृ. २६/७)

ऐले भविष्य वाणी त्यो राजाको मनमा गड्यो।

नियति भोग्नु नै पर्ने परेको सहनै पर्यो॥ (पृ. २६/८)

माथिका श्लोकहरूमध्ये पहिलो श्लोकमा सिद्धार्थ आफू राजा हुन नमानेर शान्ति खोज्न निस्किसके पछि उनका बुवाले राज्यभोग गर्ने योग ज्योतिषीले छैन भनेको सामान्य अर्थलाई बुझाएको छ भने राज्यमा भोग गरेर सुखमा मात्र अलमलिएर बस्नुभन्दा मानवमात्रको शान्तिका लागि लाग्नुपर्ने सिद्धार्थको भावनालाई विशेष अर्थबोध गराउन खोजेको छ। त्यसै गरी दोस्रो र तेस्रो श्लोकहरूमा पनि सिद्धार्थले देवतासमान कृति राख्नको लागि विश्वशान्तिको बाटो रोजेको कुरा पनि देखाउनाले उनले आफू मात्र नभएर मानव कल्याणको लागि पनि राज्य भोग नगरी विश्वशान्तिको बाटो रोजेको विशेष अर्थ बोध हुन्छ। अतः यस काव्यसङ्ग्रहमा अर्थान्तरन्यास अलङ्कारको पनि प्रयोग भएको पाइन्छ। अर्थान्तरन्यास अलङ्कार प्रयोग गर्नमा कवि सिद्ध देखिन्छन्। उक्त अलङ्कारले काव्यका पाठकवर्गहरूलाई थप ऊर्जा मिलेको देखिन्छ।

काव्यलिङ्ग

वाक्यार्थको र पदार्थको अथवा पद र वाक्यार्थको कारकरूपले उपस्थिति भएको अवस्थामा काव्यलिङ्ग अलङ्कार हुन्छ। काव्यलिङ्ग अलङ्कारको लक्षण वेणीमाधव ढकालले निम्नानुसार गरेका छन्ः-

हेतोर्वाक्यपदार्थत्वे काव्यलिङ्गमुदाहृतम्॥ (ढकाल, २०६७ : पृ. २१९)

अर्थात् कुनै पनि युक्तिलाई सापेक्षरूपमा बोध गराउनको लागि वाक्यार्थलाई हेतुरूपले स्थापना गरिन्छ भने काव्यलिङ्ग अलङ्कार हुन्छ। अथवा वाक्यको अर्थबोध गर्नका लागि पदलाई हेतुरूपले स्थापना गरिन्छ भने त्यहाँ पनि काव्यलिङ्ग अलङ्कार हुन्छ त्यसै गरी पद र वाक्य दुवैको अर्थलाई कारणको रूपमा स्थापित गरिन्छ भने पनि काव्यलिङ्ग अलङ्कार हुन्छ। जहाँ वाक्यार्थ वा पदार्थको कुनै वस्तुप्रति कारणरूपले कथन हुन्छ त्यहाँ पनि काव्यलिङ्ग अलङ्कार हुन्छ। काव्यलिङ्ग अलङ्कारमा वर्णन गरिएको हेतु ज्ञापक हेतु, निष्पादक हेतु र समर्थक हेतु गरी तीन प्रकारको हुन्छ (विश्वनाथ, सन् २०१५ : पृ. ८०३)। यी तीन प्रकारका भेदहरू मध्येमा ज्ञापनरूप हेतु अनुमान अलङ्कारको विषय हो। जसलाई निष्पादकरूप हेतु भनिन्छ त्यो काव्यलिङ्ग अलङ्कारको विषय हो। त्यसै गरी जसलाई समर्थकरूप हेतु भनिन्छ त्यो अर्थान्तरन्यास अलङ्कारको विषय हो। उक्त काव्यसङ्ग्रहमा नन्दनले निम्नानुसारको काव्यलिङ्ग अलङ्कारको प्रयोग गरेका छन्ः-

अरूको मृत्युमा हाँसिस् अब मृत्यु स्वयम् बरिस्।

खनेको गर्तमा आफैँ आफ्नै कुकर्मले परिस्॥ (६६/६४)

उक्त पद्यमा आफ्नो मृत्युको कारण अर्काको मृत्युमा हाँस्नु रहेको कुरा भन्ने माथिल्लो पङ्क्तिमा देखाउन खोजिएको छ भने दोस्रो पङ्क्तिमा भने आफ्ना विभिन्न किसिमका अत्याचारी, दुराचारी जस्ता कुकार्य वा कुप्रवृत्तिले गर्दा आफैँले खनेको खाल्डोमा आफैँ हाम फालेको कुरालाई देखाउन खोजेको छ यसमा यदि कुकर्म नगरेको भए गर्तमा हाम फाल्ने अवस्था न आउने र अर्काको दुःखमा नहाँसेको भए

आफू पनि दुःखित हुनु नपर्ने कुरा भित्री रूपमा प्रकट भएको छ। अतः कविले उक्त श्लोक मार्फत् मानिसहरूले अर्काको दुःखमा आफू पनि दुःखी हुनुपर्ने मार्मिक कुरालाई प्रस्तुत गरेका छन्। मानिसमा परोपकारको भावना हुनुपर्छ भन्ने भाव उक्त श्लोकले बोकेको छ। अतः उक्त काव्यलिङ्ग अलङ्कारको प्रयोगले यस काव्यलाई रोमाञ्चक बनाएको छ र काव्यमा चमत्कृति पैदा भएको पाइन्छ।

अपह्नुति

कविको प्रतिभाद्वारा उपमेयलाई निषेध गरेर उपमानको स्थापना गर्नुलाई नै अपह्नुति अलङ्कार भनिन्छ (ढकाल, २०६७ : पृ. २२४)। अपह्नुति अलङ्कारलाई साहित्यदर्पणमा पूर्वीय साहित्यका विशिष्ट आचार्य विश्वनाथले निम्नानुसार प्रस्तुत गरेका छन्ः-

प्रकृतं प्रतिषिध्यान्यस्थापनं स्यादपह्नुति (विश्वनाथ, सन् २०१५ : पृ. ७३५)।

कवि प्रतिभाद्वारा उपमानको स्थापना गर्नु र उपमेयलाई निषेध गर्नु नै अपह्नुति अलङ्कार हो। उक्त अपह्नुति अलङ्कारलाई विश्वनाथले निम्नानुसार दुई प्रकारले चिनाउन खोजेका छन्ः-

''क्वचिदपह्नवपूर्वक आरोपः क्वचिदारोपपूर्वकोऽपह्नव इति'' (विश्वनाथ, सन् २०१५ : पृ. ७३५)। उपमेय प्रतिषेध पूर्वक आरोप अपह्नुति अलङ्कारलाई अपह्नव पूर्वक आरोप अपह्नुति अलङ्कार भनिन्छ यसमा उपमानको व्यवस्थापन हुन्छ। त्यसै गरी आरोप पूर्वक अपह्नव अथवा उपमान स्थापन पूर्वक उपमेय प्रतिषेध अलङ्कारलाई पनि अपह्नुति अलङ्कार भनिन्छ। रेवाप्रसाद द्विवेदीले पुनः दुई प्रकारको अपह्नुति अलङ्कारलाई विभाजन गरेर आचार्यहरूले तीन प्रकारको अपह्नुति अलङ्कारलाई स्विकारेको कुरा बताएका छन्। त्यो तीन प्रकारको अपह्नुति अलङ्कार निम्नानुसार रहेको छः- अपह्नव पूर्वक आरोपः, आरोप पूर्वकोऽ पह्नवः, छलादिशब्दैरसत्यत्त्वप्रतिपादकैर्वापह्नवनिर्देशः। पूर्वोक्त भेदद्वये वाक्यभेदः। तृतीयभेदे तु एकवाक्यत्वम् (द्विवेदी, सन् १९९८ : पृ. ६३)।

यसरी माथि उल्लेख गरिएका भेदमा एउटा भेद छलादिशब्द असत्यत्वप्रतिपादक अपह्नव अलङ्कारलाई थप गरी तीन प्रकारमा अपह्नुति अलङ्कारलाई विभाजन गरेको पाइन्छ। यस तीन प्रकारको अलङ्कारलाई सम्पूर्ण पूर्वीय साहित्यका भरत, भामह, विश्वनाथ आदि सम्पूर्ण आचार्यहरूले स्विकारेका छन्। उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा कवि नन्दनले अपह्नुति अलङ्कारको प्रयोग निम्नानुसार गरेका छन्ः-

मेरै सपूत हुन् प्यारा ती तिम्रा प्रियनायक।

सबै हुन् सन्तति आफ्नै होइनन् खलनायक॥ (पृ. ६१/३१)

उक्त कवितामा कवि विनोदीले विद्रोह गर्ने विद्रोहिणी आमाका आफ्ना पुत्रका सम्पूर्ण प्रियनायकहरू आफ्नै सपूत वा सन्तति हुन् भन्ने कुरालाई माथिको पङ्तिले बताउन खोजेको छ भने दोस्रो पङ्तिमा खलनायक पदलाई छोराजस्तो नभएको कुरा गर्दा उपमेयको निषेध गरेर आफ्नै सन्ततिको रूपमा स्वीकार गर्दा उपमानको स्थापना भएको छ त्यसकारण यहाँ अपह्नुति अलङ्कारको स्पष्ट वर्णन पाइन्छ। अपह्नुति अलङ्कारको प्रयोगले गर्दा उक्त काव्यले पाठक वर्गमा हौसला प्रदान गरेको छ भने काव्यमा चमत्कृति पैदा गरेको छ।

असङ्गति

सङ्गति नमिल्नुलाई नै असङ्गति भनिन्छ। जस्तो कि कार्य र कारणको एक आपसमा मेलमिलाप नहुनु वा परस्परमा सम्बन्धित नहुनु नै असङ्गति हो। असङ्गति अलङ्कारको चर्चा-परिचर्चा पूर्वीय शास्त्रका आचार्य भामहदेखि नै हुँदै आएको पाइन्छ। उक्त असङ्गति अलङ्कारलाई भामह पछिका काव्यशास्त्रीहरूले पनि स्विकारेको पाइन्छ। यस असङ्गति अलङ्कारको लक्षण वेणीमाधव ढकालले निम्नानुसारको उद्धृत गरेका छन्ः-

कार्य्यकारणयोर्भिन्नदेशतायामसङ्गतिः (ढकाल, २०६७ : पृ. २२७)।

निमित्त र नैमित्तिकको भिन्न-भिन्न आधारको आश्रयमा असङ्गति अलङ्कार हुन्छ। अर्थात् कारण र कार्यको आधारगत भिन्नता देखाइएमा असङ्गति अलङ्कार निष्पन्न हुन्छ। उक्त काव्यसङ्ग्रहमा कविले असङ्गति अलङ्कारको निम्नानुसार प्रयोग गरेका छन्ः-

उता चितामा सन्तेको विद्रोही देह जल्दछ।

यता आमाको छातीमा मृत्युको वाण चल्दछ ॥ (पृ. ५४/५४)

यस कविताको पहिलो पङ्तिमा विद्रोही सन्तेको देह जल्नु स्वाभाविक हो तर दोस्रो पङ्तिमा भने आफ्नै छोरा कुकर्ममा लागेका कारण छोरालाई मृत्यु वरण गर्ने आमाको छातीमा मृत्युको वाण चल्ने प्रसङ्गलाई असङ्गतरूपमा वर्णन गर्न खोजिएको छ। अर्थात् यस कवितामा कार्य र कारणको सङ्गत मिलेको छैन किनभने काव्यमा विद्रोही छोरालाई आमा स्वयम्ले नै मृत्युको मुखमा पुर्याएकी छिन्। अतः स्वयं आमाले नै कठोर भएर छोरालाई मृत्यु वरण गरेका कारण आमाको छातीमा मृत्युको वाण नचल्नु पर्ने हो तर यहाँ आमाको मुटुमा पनि मृत्युको वाण चलेको छ अर्थात् आमाले पनि मृत्यु चाहन्छिन्। विद्रोहिणी आमा लघुकाव्यमा आमाले पनि आफै मृत्युवरण गरेकी छिन्। अतः यो प्रसङ्गले यस कवितामा असङ्गति अलङ्कार स्पष्ट रूपमा चित्रित छ। असङ्गति अलङ्कार प्रयोगका दृष्टिले उक्त ‘सिद्धार्थको गृहत्याग’ काव्यसङ्ग्रह उत्कृष्ट रहेको मान्न सकिन्छ। उक्त अलङ्कार प्रयोगले गर्दा काव्यमा सौन्दर्य बढ्नुका साथै काव्यले चमत्कृति पैदा गरेको पाइन्छ।

विनोक्ति

यदि विनार्थक पदद्वारा कुनै वर्णनीय वस्तुलाई तुच्छ बनाएर वर्णन गरियो भने विनोक्ति अलङ्कार हुन्छ। विनोक्ति अलङ्कारको लक्षण वेणीमाधव ढकालले आफ्नो काव्यदीपिका नामक ग्रन्थमा निम्नानुसार प्रस्तुत गरेका छन्ः-

विनोक्तिश्चेद्विना किञ्चित् प्रस्तुतं हीनमुच्यते। (ढकाल, २०६७ : पृ. २५६)

यदि कुनै वस्तु नहुँदा वर्णनीय विषयलाई तुच्छ बनाइन्छ भने त्यहाँ विनोक्ति अलङ्कार हुन्छ। वृत्तिकारको लक्षणमा भने यस विनोक्ति अलङ्कारको केही फरक लक्षण देखापरेको छ। यदि विना भन्ने अर्थ लाग्ने पदद्वारा अथवा विना भन्ने अर्थ लाग्ने पदका साथ कुनै वस्तुलाई तुच्छ बनाएर वर्णन गरिन्छ भने त्यहाँ पनि विनोक्ति अलङ्कार हुन्छ (ढकाल, २०६७ : पृ. २५६)।

विनोक्ति अलङ्कारलाई स्पष्ट पार्ने क्रममा पूर्वीय साहित्यका आचार्य विश्वनाथले आफ्नो साहित्यदर्पण नामक कृतिमा उक्त अलङ्कारको सर्वोपरितालाई निम्नानुसार वर्णन गरेका छन्ः-

विनयेन विना का श्रीः का निशा शशिना विना।

रहिता सत्कवित्वेन कीदृशी वाग्विदग्धता॥ (विश्वनाथ, सन् २०१५ : पृ. ७७६)। जसरी सुशीलता वा विनय विना श्रीको अथवा ऐश्वर्यको कुनै पनि अस्तित्व हुँदैन त्यसै गरी शशी रहित रात्रिको पनि कुनै पनि अस्तित्व रहदैँन। त्यसरी नै विनय भएन भने श्रीको शोभा पनि रहदैँन जहाँ विनय हुन्छ त्यहाँ नै श्री हुन्छ भन्ने भावना प्रस्तुत भएको छ। अतः विना उक्तिको पनि विशेष अस्तित्व रहेको पाइन्छ। अर्थात् विनय भयो भने श्री, ऐश्वर्य, सुन्दरता सबै कुरा हुने बताइएको छ। विनोक्ति अलङ्कारलाई प्रयोग कवि नन्दनले निम्नानुसार प्रयोग गरेका छन्ः-

धरती फाट्न लागेझैँ काँप्न लाग्यो शनैः शनैः।

भो मान्छे बलिको बोको न्यायान्याय विना कुनै॥ (५८/१०)

उक्त कवितामा मानिसलाई बलिको बोकोको रूपमा तुच्छ स्वरूपले वर्णन गरिएको छ। मान्छे भनेको सामान्यतया चेतनशील प्राणी हो। अन्य प्राणीहरूभन्दा श्रेष्ठ र सर्वगुणसम्पन्न प्राणी हो। यस्तो चेतनशील प्राणीलाई बलिको बोकोको रूपमा न्यायान्यायलाई नछुट्याई अर्थात् कसुरविना नै सम्पूर्ण मानिसहरू होमिनु परेको कुरालाई व्यक्त गरेका छन्। विनोक्ति अलङ्कार प्रयोगका दृष्टिले उक्त लघुकाव्यसङ्ग्रहलारलाई उत्कृष्ट मानिन्छ। यस अलङ्कारले काव्यमा चमत्कृति पैदा गरेको छ। पाठक वर्गहरूको मनमस्तिष्कमा बस्न सफल भएको छ।

लोकोक्ति

'लोक+उक्ति'को योगबाट बनेको 'लोकोक्ति' शब्दको शाब्दिक अर्थ लोक वा समाजमा प्रचलित उक्ति वा भनाइ भन्ने हुन्छ। लोकमा प्रचलित उक्तिबाट नै चमत्कार उत्पन्न हुने हुँदा लोकोक्ति भनिएको हो। यसको सर्वप्रथम चर्चा-परिचर्चा गर्दै अप्पय दीक्षित भन्दछन्ः- लोकमा फैलिएको चर्चाको अनुकरणमा लोकोक्ति अलङ्कार हुन्छ (निरौला, २०७१ : पृ. २१६)। लोकोक्ति अलङ्कारको लक्षण अप्पय दीक्षितले आफ्नो कृति कुवलयानन्दमा निम्नानुसार प्रस्तुत गरेका छन्ः-

लोकप्रवादानुकृतिर्लोकोक्तिरिति भण्यते।

सहम्ब कतिचिन्मासान् मीलयित्वा विलोचने॥ (दीक्षित, सन् २०१३ : पृ. २५७)। अर्थात् जहाँ लोक प्रवाद वा लोकोक्तिको अनुकरण गरिन्छ त्यहाँ लोकोक्ति अलङ्कार हुन्छ भनेका छन्। यस लघुकाव्यसङ्ग्रहमा कवि नन्दनले लोकोक्ति अलङ्कारको निम्नानुसार प्रयोग गरेका छन्ः-

अमात्य रिसले भन्छन् विषस्य विषमौषधम्।

उपाय अरू क्यै छैन कण्टकेनैव कण्टकम्॥ (पृ. ८/१३)

सिद्धार्थ शान्त भै बोल्छन् जगत्को शत्रु हो अहम्।

जन्मको सार हो सत्य भवतु सब्ब मंगलम्॥ (पृ. ९/१४)

आगो भर्भराउँदा त्यहाँ पाहुना आउँछ भन्छन्।

आँखा फर्फराउँदा कुनै सुकून् ल्याउँछ भन्छन्॥ (पृ. ३७/४४)

ऐश्वर्यको तृष्णा होइन तृप्ति हो नि सुन्दर ।

तमसो मा ज्योतिर्गमय-को दीप्ति सुन्दर ।। (पृ. ४४/८७)

यहाँ शत्रुहरूको लागि विष प्रयोग गर्नु पर्ने र हात, खुट्टामा बिझेको काडोलाई निकाल्न काडो नै प्रयोग गर्ने लोकोक्ति रहेको छ त्यसैलाई कवि नन्दनले आफ्नो कृतिमा प्रस्तुत गरेका छन्। त्यसै गरी दोस्रो श्लोकमा आगो भर्भरायो भने पाउनाको आगमन हुने र आँखा फर्फराउँदा केही समाचार पाप्त हुने लोकमा उक्ति रहेको छ। त्यसैलाई उनले प्रस्तुत गरेका छन्। उक्त सिद्धार्थको गृहत्याग लघुकाव्यसङ्ग्रहमा यसको प्रयोग बहुल मात्रामा भएको पाइन्छ। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा तमसो मा ज्योतिर्गमय, भवतु सब्बमंगलम् जस्ता लोकोक्तिहरूको अन्यत्र पनि प्रयोग भएको पाइन्छ। यस अलङ्कारले उक्त काव्यलाई सुन्दर बनाएको पाइन्छ।

सन्देह

सन्देहलाई संशय पनि भनिन्छ। यस सन्देह अलङ्कारमा प्रस्तुत वस्तुलाई देखेर अप्रस्तुत वस्तुको सन्देह भएको कुरा वर्णन गरिन्छ। पूर्वीय आचार्य भामहदेखि सुरु भएको प्रस्तुत अलङ्कारलाई मम्मटले उपमेयसँग उपमानको संशय हुनुलाई नै संशय मान्दै यसका उक्ति र अनुक्ति गरी दुई प्रकारका भेद हुन्छन् भनेका छन् (निरौला, २०७१ : पृ. २५४)। त्यसपछि आचार्य विश्वनाथले सन्देह अलङ्कारको लक्षण गर्दै भनेका छन्ः-

सन्देहः प्रकृतऽन्यस्य संशयः प्रतिभोत्थितः ।

भेदोक्तौ तदनुक्तौ च द्विधाऽसौ परिकीर्तितः ।

अर्थात् कविको प्रतिभाद्वारा उत्पन्न प्रकृतमा अप्रकृतको सन्देह हुनु नै यस अलङ्कारको वास्तविक स्वरूप हो। यो अलङ्कार उक्ति र अनुक्ति गरी दुई प्रकारको हुन्छ (विश्वनाथ, ई. १९७० : पृ. ७२८)। यस लघुकाव्यसङ्ग्रहमा सन्देह अलङ्कार निम्नानुसार प्रयोग भएको छः-

यो उन्को बानी नै हो कि अन्यथा यो परिस्थिति ।

मेरै कारणले हो कि एक्लिएको मनःस्थिति ।। (पृ. १४/८)

सामान्य जन भै हिँड्छन् शाहजादा भए पनि ।

अड्कली अड्कली बोल्छन् अल्पभाषी स्वयं बनी ।। (पृ. १४/१०)

कसैको मोहनी लाग्यो कि मोहभङ्ग भै सक्यो ।

या मभन्दा कुनै राम्री प्रेमीमा मन गै सक्यो ।। (पृ. १४/११)

माथिका श्लोकहरू मध्ये पहिलो श्लोकमा सिद्धार्थले राज्यभोग नगरी राज्यलाई छोडेर गएपछि यशोधराको मनस्थितिमा मेरो कारणले होला कि एक्लिएको भन्ने संशय पैदा भएको छ अतः यस श्लोकलाई सन्देह अलङ्कारको उदाहरणका रूपमा लिन सकिन्छ। दोस्रो श्लोकमा भने राजा भएर पनि सामान्य मानिसको जस्तो बानी, व्यवहार गर्ने र बोल्दा पनि थोरै बोल्ने किन होला भन्ने यशोधराको मनस्थितिमा संशय हुन पुगेको छ। त्यसै गरी तेस्रो श्लोकमा कसैले मोहनी लगाएर पो त्यस्तो हुन पुगेको हो वा कुनै आफूभन्दा राम्री प्रेमीका मन पराएर हो भन्ने यशोधराको मनस्थितिमा शङ्का उत्पत्ति भएको छ। अतः यहाँ सन्देह अलङ्कार स्पष्ट छ। जसको प्रयोगले गर्दा काव्यसङ्ग्रहमा सौन्दर्य थपिएको छ।

निदर्शना

निदर्शना अलङ्कारको लक्षण आचार्य वेणीमाधव ढकालले आफ्नो काव्यदीपिका नामक कृतिमा निम्नानुसार प्रस्तुत गरेका छन्ः-

अभवन् वस्तुसम्बन्ध उपमा परिकल्पकः ।

निदर्शना भवेत् सेयं मम्मटेन यथोदितः ॥ (ढकाल, २०६७ : पृ. १९७)

वाक्यका अर्थहरूको र पदका अर्थहरूको परस्परमा (एकआपसमा) आपसी सम्बन्ध हुन नसके पछि अथवा असङ्गत भए पछि त्यो बाधित सम्बन्ध जहाँ बिम्बप्रतिबिम्बभाव (गम्यसादृश्य) मा परिणत भई उपमाको बोधक हुन्छ, त्यहाँ निदर्शना अलङ्कार निष्पन्न हुन्छ भन्ने कुरा मम्मटद्वारा बताइएको छ । उक्त निदर्शना अलङ्कारको लक्षण आचार्य विश्वनाथले आफ्नो साहित्यदर्पण नामक कृतिमा निम्नानुसार प्रस्तुत गरेका छन्ः-

सम्भवन् वस्तुसम्बन्धोऽसम्भवन् वाऽपि कुत्रचित् ।

यत्र बिम्बानुबिम्बत्वं बोधयत्सा निदर्शना ॥ (विश्वनाथ, सन् : २०१५ पृ. ७६५) । निदर्शना त्यो अलङ्कार हो जसले सम्भव अथवा असम्भव (उपपन्न अथवा अनुपपन्न) वस्तुसम्बन्ध दुई ओटा वाक्यार्थको एक आपसमा बिम्बप्रतिबिम्बभाव झल्काउछ । निदर्शना अलङ्कार एकवाक्यता र अनेकवाक्यताका भेदले दुई प्रकारको हुन्छ (विश्वनाथ, सन् २०१५ : पृ. ७६६)। निदर्शना अलङ्कारको प्रयोग कविले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा निम्नानुसार गरेका छन्ः-

राजाको पहरे छाती हिमाद्रिसरि पग्लियो ।

शक्तिको सिन्धुमा आज विरक्ति छाल उर्लियो ॥ (पृ. २३/२३)

छोराको बात यी सुन्दा आमाको दिल छल्कियो ।

आउला कहिले सन्ते निभेको दीप सल्कियो ॥ (पृ. ४८/१४)

माथिका श्लोकहरूमध्ये पहिलो श्लोकमा राजाको पहरे छाती र शक्तिको सिन्धुमा गम्यागम्य भावको अभाव देखिन्छ । यस श्लोकको पहिलो हरफमा राजाको छाती हिमाद्रि सरि पग्लिएको उपमा देखाउन खोजिएको छ र एक आपसमा गम्यागम्य भावको पनि अभाव देखाइएको छ अतः यहाँ निदर्शना अलङ्कार स्पष्ट देखिन्छ । त्यसै गरी दोस्रो श्लोकमा पनि आमाको दिल छल्किनु र निभेको दीप सल्किनुमा गम्यागम्यको अभाव देखिन्छ र यसमा उपमाको रूपमा निभेको दीप सल्केको कुरालाई देखाउन खोजिएको छ । अतः यहाँ निदर्शना अलङ्कार स्पष्ट भएको छ । निदर्शना अलङ्कार प्रयोगका दृष्टिले उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह महत्त्वपूर्ण मानिन्छ । उक्त अलङ्कारले गर्दा काव्यले चमत्कृति पैदा गरेको छ र लघुकाव्यसङ्ग्रह पनि उत्कृष्ट बन्न पुगेको छ ।

विषम

विषम भनेको असमानता वा बेमेल हो । यसमा नमिल्ने दुई पदार्थका बिच आपसमा मिलाउने प्रयास भएको हुन्छ । सर्वप्रथम आचार्य रुद्रटद्वारा वास्तव र अतिशय वर्गअन्तर्गत निरूपित यस

अलङ्कारका सम्बन्धमा चर्चा गरे तापनि मम्मटद्वारा व्यवस्थित चर्चा भएको देखिन्छ। विश्वनाथले मम्मटको समर्थन गर्दै विषम अलङ्कारको लक्षण निम्नानुसार गरेका छन्ः-

गुणक्रिये वा यत् स्यातां विरुद्धे हेतुकार्ययोः ।

यद्वाऽऽरब्धस्य वैफल्यमनर्थस्य च सम्भवः ।

विरूपयोः सङ्घटना या च तद् विषमं मतम् ।

अर्थात् कारण र कार्यको बिचमा गुणमा विपरीत, कार्यमा विपरीत, आरम्भ गरिएको कार्य निष्फल मात्र नभएर अनर्थको कारण र दुई पदार्थका बिच सम्बन्ध उपयुक्त नभए पनि सम्बन्ध देखाइनु गरी चार प्रकारका विषम लक्षण देखिन्छन् (ढकाल, २०६७ : पृ. २२४)। अन्य विद्वान् जयदेव, अप्पय दीक्षित, जगन्नाथले पनि यसलाई दुई असमान वस्तुको मिलनलाई नै विषम अलङ्कारका रूपमा स्वीकार गरेका छन्। यस काव्यसङ्ग्रहमा प्रयुक्त विषम अलङ्कारलाई निम्नानुसार प्रस्तुत गरिन्छः-

कहाँको यो इन्द्र महल कहाँको त्यो छाप्रो ।

तिमीलाई सुहाउँदो छैन गाउँ राम्रो ॥ (पृ. ३७/४०)

कहाँ त्यो राजदर्बार कहाँ त्यो घोर जङ्गल ।

तर सिद्धार्थको मन्त्र भवतु सब्ब मङ्गल ॥ (पृ. २४/३०)

माथिका श्लोकहरू मध्ये पहिलो श्लोकमा इन्द्रको महल र पृथिवी तलका मानवहरूले वसोवास गर्ने छाप्रोको बेमेल देखाइएको छ तर पनि काव्यको प्रसङ्ग अनुसार उर्वशीले इन्द्रले पृथिवी तलमा नजाउ भन्दा पनि उनी आएकी छिन् र इन्द्रको स्वर्गभन्दा पनि पृथिवी अति नै सुन्दर भएको कुरा बताएकी छिन्। त्यसै गरी दोस्रो श्लोकमा सिद्धार्थ राज्यको सुख, सुविधा र ऐश्वर्यलाई छोडेर तपस्याका लागि जङ्गल गएका छन्। उनले राज्यलाई भन्दा जङ्गललाई स्वीकार गरेका छन्। यहाँ राज्य र जङ्गलको बेमेल देखाई सिद्धार्थले जङ्गललाई रोजेको प्रसङ्ग देखाइएको छ। यहाँ कविले इन्द्रको महल र मानवको छोप्रोको मेल हुनुपर्ने कुरा देखाउँदै राज दरबार र जङ्गलको पनि समानता हुनुपर्ने कुरालाई प्रस्तुत गरेका छन्। अतः विषम अलङ्कार छ भन्न सकिन्छ। यस काव्यसङ्ग्रहमा प्रयोग भएको विषम अलङ्कारले गर्दा काव्य झन् सुन्दर बनेको देखिन्छ।

भाविक

भाविक अलङ्कारको सर्वोपरितालाई पूर्वीय साहित्यका सम्पूर्ण आचार्यहरूले वर्णन गरेको पाइन्छ। यसलाई वेणीमाधव ढकालले काव्यदीपिकामा निम्नानुसार वर्णन गरेका छन्। यस अलङ्कारको लक्षण निम्नानुसार रहेको छः-

अद्भुतस्य पदार्थस्य भूतस्याथ भविष्यतः ।

यत् प्रत्यक्षायमाणत्वं तद् भाविकमुदाहृतम् ॥ (ढकाल, २०६७ : पृ. २५५)

भूतकालको (बितेको समयको) वा भविष्यत्कालको ( आउने समयको) अद्भुतवस्तुको प्रत्यक्षमा भएझैँ गरेर वर्णन गर्नु नै भाविक अलङ्कार हो। अथवा भूतकालमा भएका र भविष्यत्कालमा हुने अद्भुतवस्तुहरूको प्रत्यक्षकालमा भए सरह वर्णन गर्दा भाविक अलङ्कार निष्पन्न हुन्छ। उक्त

'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा कवि नन्दनले भाविक अलङ्कारको प्रयोग निम्नानुसार गरेका छन्ः-

भोलिको द्वन्द्व सम्झेर आज सिद्धार्थ खिन्न छन् ।

मनुष्यजातिका भाग्य स्वयम्बाट विनष्ट छन् ॥ (पृ. १२/३५)

द्वन्द्वका दुन्दुभि बज्लान् सहर गाँउ माझमा ।

पिटिएर कडा झ्याली हाहाकार समाजमा ॥ (पृ. १२/३६)

माथिका श्लोकहरूमध्ये पहिलो श्लोकमा सिद्धार्थले पछि हुने युद्धलाई सम्झेको कुरालाई कविले वर्तमानको स्वरूपमा वर्णन गरेका छन् । मनुष्य जातिहरूले विनासित्तिकै युद्ध गर्ने बाहानाले आफूलाई आफै विनष्ट गर्न खोजेको कुरालाई वर्तमान स्वरूप वर्णन गरेका छन् तर यसमा युद्ध पछि हुने वाला छ, अहिलेको अवस्थामा नै युद्ध भइसकेको अवस्था छैन तर पनि वर्तमान झैँ वर्णन गर्न खोजिएको छ । अतः यहाँ भाविक अलङ्कार स्पष्टरूपमा देखिन्छ । त्यसै गरी दोस्रो कवितामा पछि हुने युद्धमा विभिन्न किसिमका बाजा-गाजा, शङ्खध्वनि, घण्टानाद आदि भएर सहरमा गाँउमा द्वन्द्वको झ्याली पिट्ने कुरालाई पनि कविले प्रस्तुत गर्न खोजेका छन् । द्वन्द्व हुने वा नहुने भन्ने कुरामा केही टुङ्गो लागेको छैन तर पनि कविले यसमा भएको झैँ गरी प्रस्तुत गर्न खोजेका छन् । अतः यसमा भाविक अलङ्कार स्पष्ट रूपमा देखिन्छ । उक्त भाविक अलङ्कार प्रयोगका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह उत्कृष्ट मानिन्छ । भाविक अलङ्कारको प्रयोगले गर्दा यस लघुकाव्यसङ्ग्रहमा चमत्कृति पैदा गरेको छ साथै यो काव्यसङ्ग्रह पाठकवर्गहरूको मनमस्तिष्कमा बस्न सफल भएको छ ।

असम्भव

असम्भव कुराको सम्भव भएको अवस्थाको वर्णन गर्नु नै असम्भव अलङ्कार हो । असम्भव अलङ्कारको लक्षण पूर्वीय साहित्यका आचार्य अप्पय दीक्षितले आफ्नो प्रसिद्ध ग्रन्थ कुवलयानन्दमा निम्नानुसार गरेका छन्ः-

असम्भवोऽर्थनिष्पत्तेरसम्भाव्यत्ववर्णनम् ।

को वेद गोपशिशुकः शैलमुत्पाटयेदिति ॥

अर्थात् जहाँ कुनै पदार्थ विशेष वा कार्य विशेषको उत्पत्ति सम्बन्धको विषयमा असम्भाव्यत्वको वर्णन गरिन्छ भने त्यहाँ असम्भव अलङ्कार हुन्छ (दीक्षित, सन् २०१३ : पृ. १४८) भनेका छन् । उनले उक्त लक्षणमा नै उदाहरण पनि प्रस्तुत गरेका छन् । गोपशिशुकः भनेको श्रीकृष्णले गोवर्धन पर्वत उठाएर वज्रवासीहरूको रक्षा गर्छन् भन्ने कुरा कसले जान्दथ्यो भन्ने असम्भव कुरा वर्णन गरिएको छ । कवि नन्दनले पनि 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा उक्त असम्भव अलङ्कारको प्रयोग गरेका छन् । जसको उदाहरण निम्नानुसार रहेको छः-

हत्या-हिंसाको आगोमा खलिखेल्नु निरर्थक ।

खरानीमा कहाँ देख्नु शान्तिको रूप सार्थक ॥

प्रस्तुत श्लोकमा कवि नन्दनले हत्या-हिंसाको बाटो रोजेर समय बिताउन नहुने कुरा बताउनुका साथै सामान्य रूपमा खरानीमा शान्तिको स्वरूप देखिदैँन । प्रस्तुत श्लोकमा खरानीमा शान्तिको रूप

देखाइएको छ यो असम्भव कुरा हो। अतः उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह असम्भव अलङ्कार प्रयोगका दृष्टिले उत्कृष्ट काव्य मानिनुका साथै यसले पाठक वर्गमा चमत्कृति पैदा गर्नुका साथसाथै आह्लादित पारेको छ।

उल्लेख

उल्लेख अलङ्कार त्यस्तो अलङ्कार हो जसद्वारा ज्ञातृहरूले एक प्रकारको अर्थले अनेक प्रकारको अर्थलाई ज्ञान गर्न सक्दछन्। उल्लेख अलङ्कारक सम्बन्धी चर्चा-परिचर्चा गर्ने क्रममा पूर्वीय साहित्यका आचार्य विश्वनाथले आफ्नो प्रसिद्ध ग्रन्थ साहित्यदर्पणमा निम्नानुसारको लक्षण प्रस्तुत गरेका छन्ः-

क्वचिद् भेदाद् ग्रहीतॄणां विषयाणां तथा क्वचिद्।

एकस्यानेकधोल्लेखो यः स उल्लेख उच्यते॥ (विश्वनाथ, सन् २०१५ : पृ. ७३२)। अर्थात् ज्ञातृहरूले वा जिज्ञासुले कुनै एउटा विषयलाई अनेक प्रकारले वा अनेक स्वरूपले ज्ञान गर्नुलाई नै उल्लेख अलङ्कार भनिन्छ। यसको प्रयोगले काव्य रमणीय हुन्छ र यस अलङ्कारले काव्यमा चमत्कृति पैदा गर्दछ। उक्त उल्लेख अलङ्कारको प्रयोग कविवर नन्दनले निम्नानुसार गरेका छन्ः-

कसैले त जीन्दगीलाई लीला भन्दारैछन्।

कसैले यो भगवान्-को खेला भन्दारैछन्॥ (पृ. ४३/८०)

उक्त श्लोकमा कवि प्रेमविनोद नन्दनले एउटा जीन्दगीलाई कतिपय मानिसहरूले लीला वा रमणीयताको रूपमा वर्णन गर्न खोजेको कुरालाई देखाएका छन् भने कतिपय मानिसहरूले यही जीवनलाई वा जीन्दगीलाई भगवान्को खेला वा दैवको देनको रूपमा स्विकारेको कुरा बताउन खोजेका छन्। उक्त उल्लेख अलङ्कारको प्रयोगले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह उत्कृष्ट रहेको पाइन्छ। पाठक वर्गको मनलाई लोभ्याउन सफल भएको देखिन्छ। यस अलङ्कारको प्रयोगले काव्यमा चमत्कृति पैदा गर्नुका साथै काव्यमा सौन्दर्य थपेको छ। अतः यस अलङ्कारको काव्यमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

अत्युक्ति

अतिशय बढाएर गरिने उक्तिलाई अत्युक्ति भनिन्छ। यसमा विशेषतः वीरता, दानशीलता, प्रेम, विरह, उदारता र रूपको बारेमा बढाइचढाइ गरेर मिथ्यापूर्ण ढङ्गले वर्णन गरिन्छ (निरौला, २०७१ : पृ. २१०)। यसलाई पूर्वीय साहित्य शास्त्रका आचार्य जयदेवले लक्षण गर्दै भनेका छन्ः-

अत्युक्तिरद्भूतातथ्यशौर्योदार्यादिवर्णनम्।

अर्थात् शूरता, वीरतादिको अतिवर्णन नै अत्युक्ति हो (जयदेव, ई. १९९५ : पृ. १०८)। अप्पय दीक्षितले पनि यिनको कुरालाई समर्थन गरेका छन्। वस्तुतः कसैको शौर्य, वीरता, औदार्य र प्रेमविरहलाई नपत्याउने किसिमले वर्णन गर्नु नै अत्युक्ति अलङ्कार हो। सिद्धार्थको गृहत्याग काव्यसङ्ग्रहमा प्रयुक्त अत्युक्ति अलङ्कारलाई निम्नानुसार अध्ययन गरिन्छः-

खुँडा र खुकुरी नाङ्गै निस्कलान् मातमा चढी।

तर्बारहरू उफ्रेलान् उन्मत्त मेघझैँ बढी ॥ (पृ. १२/३७ )

प्रस्तुत श्लोकमा निर्जीव वस्तु भए तापनि खुडा र खुकुरी लडाइको निम्ति नाङ्गै निस्किनु र तिनीहरूमा मात चढ्नु भन्ने नपत्याउने असम्भव कुरालाई प्रस्तुत गर्न खोजेको छ भने दोस्रो हरफमा तर्बारहरू उफ्रिनु मेघ उन्मत्त हुनु भन्ने निर्जीव वस्तुलाई सजीवझैँ अतिशय उक्तिको वर्णन गरिएकाले यो श्लोक अत्युक्ति अलङ्कारले पूर्ण छ। यस श्लोकमा खुँडा, खुकुरी र तर्बारको महत्ता पनि सिद्ध गर्न खोजिएको छ। त्यसैले पनि उत्क श्लोकमा अत्युक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ। जसले गर्दा यस काव्यसङ्ग्रहको महत्ता बढेको छ र रसिक पाठकहरूको मनमा भिइन समेत पनि सफल भएको देखिन्छ।

## ३.३ निष्कर्ष

यस चतुर्थ परिच्छेदमा पहिले यस परिच्छेद सम्बन्धी परिचय दिइएको छ। यस काव्यको मूलभाव, 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहका चार ओटै काव्यमा प्रयुक्त पात्रहरूको चरित्र वर्णन, चार ओटै काव्यहरूको कथावस्तु तथा कथा लेखिएको परिवेशको चित्रण यहाँ प्रस्तुत गरिएको छ। यस काव्यमा देखिएको राष्ट्रप्रेम, अध्यात्मदर्शन तथा काव्यभित्र गरिएको शान्तिको खोजको उल्लेख पनि गरिएको छ। साथै यसकाव्यमा प्रयुक्त छन्दहरूको नाम उल्लेख, रसहरूको नाम उल्लेख गरिएको छ। यस परिच्छेदमा अलङ्कारको अध्ययन गर्ने क्रममा 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयोग भएका अलङ्कारहरूको सामान्य लक्षण र उक्त काव्यसङ्ग्रहमा प्रयोग भएका अलङ्कारका प्रमुख भेदअन्तर्गत शब्दालङ्कारमा अनुप्रास, यमक र श्लेष अलङ्कारहरूको भेदोपभेदहरूको चर्चा-परिचर्चा गर्नुका काथै उक्त काव्यमा प्रयोग भएका श्लोकहरू पनि उदाहरणका रूपमा प्रस्तुत गरिएको छ। अर्थालङ्कारअन्तर्गत उक्त काव्यमा प्रयोग भएका उपमा, उत्प्रेक्षा, स्वभावोक्ति, अत्युक्ति, विरोधाभास, जस्ता २० ओटा अर्थालङ्कारहरूको पूर्वीय काव्यमनीषीहरूको सामान्य लक्षण प्रस्तुत गर्नुका साथै काव्यका प्रयुक्त २० ओटा अलङ्कारहरूको उदाहरणका रूपमा काव्यमा प्रयोग भएका श्लोकहरूलाई प्रस्तुत गरिएको छ। शब्दालङ्कार र अर्थालङ्कार प्रयोगका दृष्टिले उक्त काव्यसङ्ग्रह सफल देखिन्छ।

# चतुर्थ परिच्छेद

# अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको योगदान

# चतुर्थ परिच्छेद
# अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको योगदान

## ४.१ विषयप्रवेश

कवि, गीतकार तथा गजलकारका रूपमा प्रसिद्धि कमाएका प्रेमविनोद नन्दन नेपाली साहित्य जगत्का उज्ज्वल तारा हुन्। उनले नेपाली साहित्य जगत्मा 'सिद्धार्थको गृहत्याग' लगायत अन्य आठ ओटा कृतिहरूको रचना गरी प्रकाशित गरिसकेका छन् । १९९२ साल जेठ १९ गते तनहुँको बन्दीपुरमा जन्मिएका नन्दनले २००४ सालको ''ताराबाजी'' कवितबाट साहित्य लेखनको प्रारम्भ गरेका हुन् (कँडेल, २०५५ : पृ. ३३)। कवि प्रेमविनोद नन्दन सकेसम्म शास्त्रीय छन्दमा काव्य रचना गर्न रुचाउँछन् । शास्त्रले मानव जीवनको अनुशासन, जिउने कला र जीवनमा सुखपूर्वक बाच्ने कलालाई सिकाउँछ भने काव्यले यी विभिन्न कार्यहरूतर्फ अग्रसर हुन प्रेरित गर्छ । त्यसैले शास्त्र र काव्यलाई वाङ्मयका दुई हाँगा मानिएको हो । काव्यको निर्माण गर्नु आफैमा एउटा जटिल कार्य हो । त्यसमा पनि रस, अलङ्कार, रीति, गुण, वक्रोक्ति आदिले युक्त काव्यको निर्माण गर्नु झन् जटिल कार्य हो । विशेष गरी काव्यनिर्माणका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यासको आवश्यकता पर्दछ । जसमा प्रतिभा छ, जसमा व्युत्पत्ति रहेको छ र जसले निरन्तर अभ्यास गर्दछ त्यसले मात्र सुकाव्यको रचना गर्न सक्दछ । सुकाव्यको निर्माणले मात्र पाठक र भावकहरूले निम्नानुसारको लाभ ग्रहण गर्न सक्छन् भन्ने कुरा मम्मटले आफ्नो कृतिमा व्यक्त गरेका छन् । मम्मटको उक्त विषयलाई यसरी व्यक्त गरेका छन् ''काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये । सद्यः परनिर्वृतये कान्तासम्मिततयोपदेशयुजे'' ॥ (मम्मट, ई. १९८९ : पृ. २)।

यशः प्राप्ति, अर्थ प्राप्ति, व्यावहारिक ज्ञान प्राप्ति, मङ्गल प्राप्ति, तत्काल परमानन्द प्राप्ति र कान्तासम्मित उपदेश प्राप्ति आदि मानिस खान, लाउन, सुख सयल गर्न र स्वयं सन्तुष्ट हुन सक्षम हुँदाहुँदै पनि उसलाई धर्म, अर्थ र काम पुरुषार्थको प्राप्ति हुँदाहुँदै पनि काव्य-साहित्यको रसपान गर्न किन लालायित हुन्छ ? वस्तुतः काव्य-साहित्यद्वारा प्राप्त हुने परमानन्दप्राप्ति दार्शनिकहरूले पाउने परमानन्दप्राप्तिको प्रतिरूप हो । साहित्यले दिने चरम आनन्द र तपस्याबाट वा ब्रह्मचिन्तनबाट प्राप्त हुने आनन्द दुवै सहोदर हुन् । यसैले कि ब्रह्मानन्द प्राप्तिका लागि वेदान्तका माध्यमबाट जानुपर्यो कि त सुकाव्यको सेवन गर्नुपर्यो तर चरम आनन्द प्राप्त गर्न वेदान्तको अनुसरण गर्नु जटिल कार्य हो । यो मार्ग अत्यन्त जटिल छ परन्तु साहित्यका माध्यमबाट प्राप्त हुने ब्रह्मानन्द अत्यन्त सहृदयताका साथ काव्य अध्ययन गर्ने हो भने सरलतापूर्वक व्यक्ति चरमानन्दको अवस्थामा पुग्न सक्छ । पाठकहरूले यही चरमानन्द प्राप्त गरून् भन्ने उद्देश्यले पनि सर्जकहरूले आफ्नो उत्कृष्ट प्रतिभा र निरन्तरको प्रयासले गर्दा सुकाव्यको निर्माण गरेका हुन्छन् । त्यही सुकार्यमा आफ्नो जीवनको उत्तरार्द्धतिर पनि निरन्तररूपमा लागि रहने व्यक्तित्त्व हुन् प्रेमविनोद नन्दन । उनको *'सिद्धार्थको गृहत्याग'* लघुकाव्यसङ्ग्रह प्रकाशित कृतिहरूमध्येको सातौँ कृति हो। यस कृतिभित्र *'सिद्धार्थको गृहत्याग'* लघुकाव्य, *'मेनकाको मन'* लघुकाव्य, *'आमाको सपना'* लघुकाव्य र *'विद्रोहिणी आमा'* लघुकाव्य गरी चार ओटा कृतिहरू

सङ्ग्रहित छन्। यिनीहरूमध्येको पहिलो *'सिद्धार्थको गृहत्याग'* लघुकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ भने दोस्रो मेनकाको मन पनि ऐतिहासिक र पौराणिक विषयवस्तुमा आधारित लघुकाव्य हो र *'आमाको सपना'* र *'विद्रोहिणी आमा'* भने सामाजिक विषस्तुमा आधारित लघुकाव्यहरू हुन्। उक्त काव्यसङ्ग्रह पात्र/चरित्र प्रयोगका दृष्टिले सबल लघुकाव्य मान्न सकिन्छ। छन्दप्रयोगका दृष्टिले उक्त लघुकाव्यसङ्ग्रहमा शास्त्रीय अनुष्टुप् छन्द र मन्दाक्रान्ता छन्दको प्रयोग भएको छ भने झ्याउँरे लोकलयले पनि काव्य सुशोभित देखिन्छ। यस लघुकाव्यसङ्ग्रहमा सङ्ग्रहित काव्यहरूमा प्रयोग भएको छन्दलाई निम्नानुसार अध्ययन गर्न सकिन्छः-

यस काव्यसङ्ग्रहमा जम्मा-जम्मी चार ओटा लघुकाव्यहरू र ३७८ ओटा श्लोकहरू रहेका छन्। यस काव्यसङ्ग्रहको पहिलो लघुकाव्य 'सिद्धार्थको गृहत्याग' मा सात ओटा शीर्षकका स-साना कवितांशहरू रहेका छन्, जसअन्तर्गत अनुष्टुब्छन्दका मन्तव्य, चैतन्यबोध, शान्तिको खोजी, यशोधराको मनस्थिति, वियोग पीडा र पूर्वस्मृति रहेका छन् भने स्वप्नभङ्ग शीर्षक भने मन्दाक्रान्ता छन्दमा विरचित छ। यस लघुकाव्यमा मात्र १४४ ओटा श्लोकहरू अनुष्टुप्छन्द र ४ ओटा मन्दाक्रान्ता छन्दका श्लोक गरी १४८ ओटा श्लोकहरू रहेका छन्। दोस्रो लघुकाव्य ''मेनकाको मन'' हो। यो लघुकाव्य झ्याउरे लोकलयमा रचित छ। यसमा मेनकाको मनस्थिति र मेनकाको मन गरी दुई ओटा शीर्षक रहेका छन्। उक्त मेनकाको मन लघुकाव्यकम जम्मा ८७ ओटा झ्याउँरे लोकलयका रचनाहरू सङ्ग्रहित छन्। तेस्रो लघुकाव्यको नाम हो ''आमाको सपना''। यो लघुकाव्य शास्त्रीय अनुष्टुप्छन्दमा विरचित लघुकाव्य हो। यस लघुकाव्यमा शास्त्रीय अनुष्टुप् छन्दका जम्मा ५५ ओटा श्लोकहरू रहेका छन्। उक्त लघुकाव्यसङ्ग्रहको अन्तिम लघुकाव्य ''विद्रोहिणी आमा'' हो। यो काव्य पनि शास्त्रीय अनुष्टुप्छन्दमा विरचित छ। शास्त्रीय अनुष्टुप् छन्दका ६९ ओटा श्लोकहरूद्वारा उक्त लघुकाव्य सुशोभित छ। यसरी उक्त लघुकाव्यसङ्ग्रहका तीन ओटा लघुकाव्यहरू शास्त्रीय अनुष्टुप्छन्दमा र मन्दाक्रान्ता छन्दमा आधारित छन् भने एउटा काव्य झ्याउँरे लोकलयमा रचित छ। अतः नेपाली साहित्य जगत्मा यस लघुकाव्यसङ्ग्रहको योगदान अति रहेको पाइन्छ। रस प्रयोगका दृष्टिले उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह उत्कृष्ट मानिन्छ। 'रसो वै रसः' का सैद्धान्तिक प्रक्रियाको अन्तर्वर्ती भएर शृङ्गार, वीर, करुण, हास्य, रौद्र, बीभत्स, अद्भुत, भयानक र शान्त अनि कतै वात्सल्य वा भक्तिका माध्यम बनेका अभिधेयार्थ र लक्ष्यार्थभन्दा पनि व्यङ्ग्यार्थका मार्गबाट प्राप्त हुने कुरा परमानन्द प्राप्ति हो। त्यो परमानन्द प्राप्ति काव्यको रसपान गरेमा प्राप्त हुन्छ। उक्त लघुकाव्यसङ्ग्रहमा शृङ्गार, वीर, भयानकादि नौ ओटै रसहरूको प्रयोग भएको छ। अतः रस प्रयोगका दृष्टिले यसको योगदान अति नै रहेको छ। उत्साह, भय, क्रोध स्थायीभाव भएका रसहरूको यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयोग भएको पाइन्छ ।

## ४.२. अलङ्कारविधानका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्य-सङ्ग्रहको योगदान

'अलम्' पूर्वपदमा 'कार' शब्दको योगपछि 'अलङ्कार' शब्द निष्पन्न हुन्छ। यसको चर्चा-परिचर्चा भने ईसाको प्रथम शताब्दीका पूर्वीय साहित्यका आचार्य भरतबाट भएको पाइन्छ। अलङ्कारको औपचारिक प्रारम्भ वा काव्यको तत्त्वको रूपमा स्वीकार भने ईसाको छैँटौ शताब्दीका आचार्य भामहले गरेका हुन्। आचार्य भामहदेखि मम्मटसम्म आइपुग्दा अलङ्कार सिद्धान्तले विशेष

चर्चा-परिचर्चा पाएको देखिन्छ। अलङ्कारवादको स्थापना गर्ने छैँटौ शताब्दीका साहित्याचार्य भामहले गरेका हुन्। उनले अतिशयोक्तिमूलकताले परिपूर्ण वक्रोक्तिले सुशोभित शब्दार्थमय काव्यद्वारा अलङ्कारका माध्यमबाट चरमानन्द प्राप्ति हुन्छ र रसवत्, ऊर्जस्वी, यश, उदात्त आदि अलङ्कारले नै साहित्यमा रसोत्पादन गर्छन् (नन्दन, २०७४ : पृ. अं) भनेका छन्। यसैले रसलाई काव्यको आत्मा मानिरहनु पर्दैन, अलङ्कार नै काव्यको आत्मा हो भन्ने अभिमत प्रकट गरेका छन्। साहित्यमा अलङ्कार दोस्रो साहित्य सिद्धान्त बनेको छ तर पछिल्ला ध्वनिवादी आचार्य आनन्दवर्द्धनले अलङ्कारको स्तरलाई अझ बढी उठाउँदै काव्यमा ध्वनिको जस्तो महत्त्व छ त्यस्तै अलङ्कारको पनि विशेष महत्त्व रहेको छ भन्दै सहज, स्वाभाविक अथवा कविले अलङ्कार नै पार्नुपर्छ या अलङ्कार पार्नका लागि नलेखिएको तर स्वतः कविता रचनाका साथ आएको अलङ्कार नै अलङ्कार भनेका छन् (नन्दन, २०७४ : पृ. क)। अलङ्कारको चर्चा गर्ने क्रममा यसलाई काव्यमा अनावश्यक ठान्ने आचार्य मम्मटलाई मुखभरिको जवाफ दिँदै जयदेवले साहित्यमा अलङ्कार आवश्यक छैन भन्नु त आगो तातो छैन भन्नु जस्तै हो भन्दै काव्यमा सौन्दर्यका साधक उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि सबै अलङ्कार भएको कुरालाई प्रस्तुत गरेका छन्। अलङ्कार काव्यको शोभावर्धक तत्त्व भएका कारणले नेपाली साहित्यमा पनि यसको अत्यधिक मात्रामा प्रयोग हुने गरेको पाइन्छ। अलङ्कार प्रयोगका दृष्टिले प्रेमविनोद नन्दनको ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहले पनि महत्त्वपूर्ण स्थान ओगटेको छ। पूर्वीय साहित्य परम्पराका अलङ्कार सम्बन्धी आचार्यहरूका परिभाषामा आधारित भएर कवि प्रेमविनोद नन्दनले उक्त काव्यमा अलङ्कारको प्रयोग गरेका छन्। उनले उक्त ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा पूर्वीय साहित्यका आचार्यहरूका परिभाषाहरूलाई अनुसरण गरेको नभई स्वतः उक्त लघुकाव्यसङ्ग्रहमा अलङ्कारको प्रयोग भएको स्वीकार गरेका छन्। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा कवि नन्दनले पूर्वीय साहित्य जगत्मा देखा परेका सम्पूर्ण अलङ्कारको काव्यमा प्रयोग गरेको पाइँदैन तर अलङ्कारका भेदअन्तर्गत शब्दालङ्कार र अर्थालङ्कारको भने प्रयोग गरेको पाइन्छ। जसमा उभयालङ्कारको प्रयोग पनि भएको पाइन्छ। नन्दनले उक्त कृतिमा अनुप्रास, यमक र श्लेष गरी तीन ओटा शब्दालङ्कार र जम्मा २० ओटा अर्थालङ्कारहरूको प्रयोग गरेका छन्। शब्दालङ्कार शब्दामा विशेष महत्त्व राख्दछ भने अर्थालङ्कार भने अर्थ विशेषमा महत्त्व राख्दछ। शब्दालङ्कार देखिएको श्लोकमा शब्दलाई परिवर्तन गर्दा अलङ्कारको हानि हुन्छ भने अर्थालङ्कारमा भने उस्तै वा उही अर्थ दिने पर्यायवाची अन्य शब्दलाई राख्दा पनि त्यति फरक नपर्ने कुरा साहित्यशास्त्रीहरूले बताएका छन्। जम्मा ३७८ श्लोकमा रचित ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कार गरी कवि नन्दनले जम्मा २३ ओटा अलङ्कारहरूको प्रयोग गरेका छन्। यति सानो लघुकाव्यसङ्ग्रहमा २३ ओटा अलङ्कारहरूको प्रयोग गर्नु सामान्य कुरो नभई यो अति नै महत्त्वपूर्ण कुरा हो। कवि नन्दनले ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा अलङ्कारका प्रमुख दुई भेदअन्तर्गत शब्दालङ्कार र अर्थालङ्कार दुइटै भेदको प्रयोग गरेका छन्। शब्दालङ्कारअन्तर्गत अनुप्रास शब्दालङ्कार र त्यसका

भेदहरूमा श्रुत्यनुप्रास, छेकानुप्रासको प्रयोग गर्नुका साथ-साथै उक्त काव्यका सम्पूर्ण श्लोकहरूमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ। त्यसै गरी यमक, श्लेष आदि शब्दालङ्कारहरूको प्रयोग पनि कवि नन्दनले उक्त काव्यसङ्ग्रहमा गरेका छन्। शब्दालङ्कार प्रयोगका दृष्टिले काव्यमा चमत्कृति पैदा गर्नुका साथै पाठक वर्गलाई लय मिलाएर पढ्न र आह्लादित पार्न समेत सफल देखिन्छ।

अतः 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहलाई शब्दालङ्कार प्रयोगका दृष्टिले उत्कृष्ट मान्न सकिन्छ। यसमा शब्दालङ्कारको भेद अनुप्रासअन्तर्गत, अन्त्यानुप्रास अलङ्कार सम्पूर्ण काव्य भरी नै देखिन्छ। त्यसै गरी वृत्यनुप्रास र श्रुत्यनुप्रासका साथसाथै श्लेष र यमक आदि अलङ्कारको पनि प्रयोग भएको पाइन्छ।

कवि प्रेमविनोद नन्दनद्वारा विरचित 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहलाई अर्थालङ्कार प्रयोगका दृष्टिले उत्कृष्ट मानिनुका साथै नेपाली साहित्य जगत्मा यसको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ। काव्यमा अर्थालङ्कार अर्थको वैचित्र्यका आधारमा प्रयोग भएको हुन्छ। अर्थालङ्कार प्रयोग गर्ने सन्दर्भमा एउटै अर्थ दिने शब्दको स्थानमा उही अर्थ दिने अर्को शब्दको प्रयोग हुँदा केही फरक पर्दैन। यसमा अर्थगत चमत्कृति देखिन्छ। उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा २० ओटा अर्थालङ्कारहरूको प्रयोग भएको पाइन्छ। यस काव्यमा अर्थालङ्कारअन्तर्गतको उपमा अलङ्कारको प्रयोग उत्कृष्टरूपमा भएको पाइन्छ। उपमा अलङ्कारका भेदहरूमध्ये पूर्णोपमा र लुप्तोपमा आदि अलङ्कारको प्रयोग भएको पाइन्छ। पूर्वीय साहित्यका आचार्य भामहले देश, काल, क्रिया आदिका आधारमा सर्वथा भिन्ना-भिन्नै हुँदाहुँदै पनि कदाचिद् गुणलेश मात्रले दुबैमा समानता भएमा उपमा हुन्छ भनेका छन् र यही कुरालाई आचार्य मम्मटले पनि स्विकारेका छन्। यसका साथै यी दुईका मतमा विश्वनाथ पनि सहमत देखिन्छन्। आचार्य विश्वनाथको उपमा अलङ्कार सम्बन्धी अवधारणा प्रस्तुत गर्ने क्रममा आफ्नो पूर्वीय साहित्यिक ग्रन्थ साहित्यदर्पणमा वैधर्म्य रहित उपमान र उपमेयका बिचको सादृश्यका माध्यमबाट एउटै वाक्यमा व्यक्त गर्नु उपमा हो भनेका छन् (विश्वनाथ, ई. १९७० : पृ. ६९२)। उपमा अलङ्कारका उपमेय, उपमान, वाचक र समानधर्म गरी चार पक्ष रहन्छन्। कवि नन्दनले पनि आफ्नो उक्त लघुकाव्यसङ्ग्रहमा भामह, मम्मट र विश्वनाथको उपमा अलङ्कार सम्बन्धी अवधारणामा आधारित भएर उपमा अलङ्कारको उत्कृष्ट प्रयोग गरेका छन्। उक्त काव्यका पाँच ओटा अनुष्टुप्छन्दका पद्यहरूमा र एउटा मन्दाक्रान्ता छन्दको पद्यमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ। अतः कवि नन्दनले उक्त काव्यसङ्ग्रहका ६ ओटा पद्यहरूमा उपमा अलङ्कारको प्रयोग गरेका कारणले उपमा अलङ्कार प्रयोगका दृष्टिले उत्कृष्ट काव्यसङ्ग्रह मानिनुका साथै उपमा अलङ्कार प्रयोगका क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

स्वभावोक्ति अलङ्कार प्रयोगका दृष्टिले पनि 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। पूर्वीय साहित्यका प्रसिद्ध आचार्य मम्मटको स्वभावोक्ति अलङ्कार सम्बन्धी अवधारणामा आधारित भएर स्वभावोक्ति अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा विशेषतः कवि नन्दनले बालक, पशुपक्षी, आदिको चेष्टाको वर्णन गरी काव्यको निर्माण गरेका

छन्। यसका साथै कवि नन्दनको उक्त ''सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रयोग भएका स्वभावोक्ति अलङ्कारका उदाहरणहरू पूर्वीय साहित्यका आचार्य विश्वनाथको स्वभावोक्ति अलङ्कार सम्बन्धी अवधारणासँग मिलेको पाइन्छ। विश्वनाथको स्वभावोक्ति अलङ्कार सम्बन्धी अवधारणा यस प्रकार छः- कुनै पनि वस्तुको वा प्राणीको चेष्टा र स्वभाव अनुसार गरिने आकर्षक वर्णन विशेषलाई नै स्वभावोक्ति अलङ्कार हो भनेका छन् (ढकाल, २०६७ : पृ. १८१)। कवि नन्दनले उक्त काव्यका सात ओटा श्लोकहरूमा उक्त स्वभावोक्ति अलङ्कारको प्रयोग गरेका छन्। अतः स्वभावोक्ति अलङ्कार प्रयोगका दृष्टिले उक्त काव्यसङ्ग्रहको योगदान अति नै रहेको पाइन्छ। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह रूपक अलङ्कार प्रयोगका दृष्टिले पनि उत्कृष्ट काव्यसङ्ग्रह मानिन्छ। रूपक अलङ्कार प्रयोगले हेर्ने हो भने नेपाली काव्य परम्परामा उक्त काव्यसङ्ग्रहको योगदान महत्त्वपूर्ण मानिन्छ। कवि नन्दन छैँटौ शताब्दीका आचार्य भामहको अलङ्कार सम्बन्धी अवधारणामा सहमत देखिन्छन् मम्मटको उपमान र उपमेय बिचको अभेद आरोप नै रूपक अलङ्कार हो भन्ने विचारमा पनि कवि नन्दन सहमति देखिन्छन्। उक्त लघुकाव्यसङ्ग्रहका ४ ओटा श्लोकहरूमा रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ। नेपाली साहित्य जगत्मा रूपक अलङ्कार प्रयोगका दृष्टिले उक्त काव्यसङ्ग्रहको योगदान महत्त्वपूर्ण रहेको छ। अतिशयोक्ति अलङ्कार प्रयोगका दृष्टिले पनि उक्त लघुकाव्यसङ्ग्रहको साहित्य क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा जानेर वा नजानेर अतिशयोक्ति अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा कवि नन्दन विश्वनाथको अलङ्कार सम्बन्धी अवधारणामा सहमत भएको देखिन्छ। उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह निर्माण गर्ने क्रममा कवि नन्दनले तीन ओटा पद्यहरूमा अतिशयोक्ति अलङ्कारको प्रयोग गरेका छन्। अतिशयोक्ति अलङ्कार प्रयोगका दृष्टिले उक्त लघुकाव्यसङ्ग्रहको नेपाली काव्य जगत्-मा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

नेपाली साहित्य जगत्को अलङ्कार क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने क्रममा उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा दृष्टान्त अलङ्कारको पनि उत्कृष्ट प्रयोग भएको पाइन्छ। दुई भिन्नाभिन्नै अर्थ भएका वाक्यहरूमा परस्पर बिम्बप्रतिबिम्बभाव हुनु नै दृष्टान्त अलङ्कारको लक्षण हो। यसमा एउटा उपमान र एउटा उपमेय वाक्य रहन्छ। यसको लक्षण पूर्वीय साहित्यका आचार्य मम्मटले निम्नानुसार गरेका छन्:- उपमानको उपमेयसँग, उपमान सम्बद्ध विशेषणको उपमेय सम्बद्ध विशेषणसँग र साधारण धर्मसँग बिम्बप्रतिबिम्बभाव हुनुलाई नै दृष्टान्त अलङ्कार भनेका छन् (मम्मट, ई. १९८९ : पृ. ५१८)। कवि नन्दनले मम्मटको उपर्युक्त लक्षणलाई आधार बनाएर काव्यमा दृष्टान्त अलङ्कारको प्रयोग गर्ने क्रममा उक्त अलङ्कार प्रयोग भएका दुई ओटा श्लोकहरू रचना गरेका छन्। कुनै कुराको स्पष्टसँग बोध गर्नका लागि दृष्टान्त दिने नेपाली लोकव्यवहारमा पनि प्रचलित देखिन्छ। त्यही क्रममा कवि नन्दनले पनि उक्त काव्यमा दृष्टान्त अलङ्कारको प्रयोग गरेका छन्। अतः दृष्टान्त अलङ्कार प्रयोगका दृष्टिले उक्त काव्यलाई उत्कृष्ट काव्य मान्न सकिन्छ र नेपाली साहित्य जगत्मा यसको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ।

उपमेयको उपमानका रूपमा सम्भावना (सम्भव छ भन्ने भावना) गर्नु नै उत्प्रेक्षा हो। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा उत्प्रेक्षा अलङ्कार प्रयोग गर्ने क्रममा कवि प्रेमविनोद नन्दन पूर्वीय साहित्यका आचार्य दण्डीद्वारा प्रतिपादित उत्प्रेक्षा सम्बन्धी अवधारणामा पूर्ण रूपमा सहमति देखिन्छन्। कवि नन्दनले दण्डीकै मतमा आधारित वा उनकै मतसँग मिल्ने खालको उदाहरण प्रस्तुत गरेका छन्। दण्डीको उत्प्रेक्षा अलङ्कार सम्बन्धी अवधारणा निम्नानुसार रहेको छः- उपमेयको उल्लेख नगरेर अथवा उल्लेख गरे तापनि त्यसको अपकर्षणद्वारा निगरण जहाँ हुन्छ त्यहाँ नै उत्प्रेक्षा अलङ्कार हुन्छ। कवि नन्दनले उक्त काव्यसङ्ग्रहमा उत्प्रेक्षा अलङ्कारको प्रयोग गर्नुपर्छ भन्ने सन्दर्भमा नभएर स्वतः रूपमा अलङ्कार देखिन पुगेको पाइन्छ। दण्डीको उक्त मतमा आधारित भएर काव्यमा उत्प्रेक्षा अलङ्कारको प्रयोग हुन आउने क्रममा दुई ओटा श्लोकहरूमा उक्त अलङ्कारको प्रयोग भएको छ। अतः उत्प्रेक्षा अलङ्कार प्रयोगका दृष्टिले उक्त काव्यको नेपाली साहित्य जगत्मा महत्त्वपूर्ण योगदान हुनुका साथै काव्यमा चमत्कृति पैदा गर्ने कार्य समेत गरेको पाइन्छ।

विरोधाभास अलङ्कार प्रयोगका दृष्टिकोणले हेर्दा पनि उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको नेपाली साहित्य जगत्-परम्परामा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ। कवि नन्दनले मम्मटको मतलाई स्विकारेर काव्यमा विरोधाभास अलङ्कारको प्रयोग गरेका छन्। अर्थात् एउटा आश्रयमा वास्तविक रूपमा विरोध नभए पनि विरोध जस्तो लाग्ने दुई धर्मको उल्लेख गर्दा विरोध अलङ्कार हुन्छ। यसै लक्षणमा उक्त काव्यका श्लोकहरू आधारित देखिन्छन्। विरोधाभास अलङ्कार प्रयोगका दृष्टिले नेपाली साहित्य क्षेत्रमा 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको स्थान महत्त्वपूर्ण रहनुका साथै योगदानका दृष्टिमा पनि उत्कृष्ट रहेको छ।

नन्दनले उक्त कृतिमा अर्थालङ्कारको भेद अर्थान्तरन्यास अलङ्कारको पनि प्रयोग गरेका छन्। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहका तीन ओटा श्लोकहरूमा अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको पाइन्छ। अर्थान्तरन्यास प्रयोगका दृष्टिले यस काव्यसङ्ग्रहको योगदान अति नै रहेको पाइन्छ। कवि नन्दनले यस काव्यमा अर्थान्तरन्यास अलङ्कार प्रयोग गर्ने सन्दर्भमा मम्मटबाट प्रतिपादित लक्षणमा आधारित भएर प्रयोग गरेको पाइन्छ।

साधर्म्य वा वैधर्म्य जसरी भए तापनि सामान्यले विशेषलाई वा विशेषले सामान्यलाई समर्थन गर्दा अर्थान्तरन्यास अलङ्कार हुन्छ (मम्मट, सन् १९८९ : पृ. ५३४)। मम्मटद्वारा प्रतिपादित लक्षणसँग सम्बद्ध भएर उक्त काव्यका तीन ओटा श्लोकहरूमा उक्त अलङ्कारको प्रयोग गरेका कारण नेपाली साहित्यमा अति नै महत्त्व रहेको पाइन्छ। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा कवि नन्दनले अपह्नुति अलङ्कारको पनि प्रयोग गरेका छन्। अपह्नुति अलङ्कार प्रयोग गर्ने सन्दर्भमा कवि नन्दन कवि प्रतिभाद्वारा उपमानको प्रतिस्थापन गर्नु र उपमेयलाई निषेध गर्नु नै अपह्नुति अलङ्कार हो भन्ने विश्वनाथको यस मतमा आधारित देखिन्छन्। अपह्नुति अलङ्कार प्रयोगका दृष्टिले हेर्ने हो भने उक्त काव्यलाई उत्कृष्ट काव्य मान्न सकिन्छ। नेपाली साहित्यमा यसको योगदान अतुलनीय रहेको कुरा पनि स्पष्ट छ।

असङ्गति अलङ्कार प्रयोगका दृष्टिले पनि उक्त ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहको योगदान अति नै देखिन्छ। वेणीमाधव ढकालबाट स्पष्ट पारिएको उक्त असङ्गति अलङ्कारको लक्षण काव्यदीपिकामा निम्नानुसार रहेको छः- निमित्त र नैमित्तिकको भिन्न-भिन्न आधारको आश्रयमा असङ्गति अलङ्कार हुन्छ भन्ने मत रहेको छ। कवि नन्दन पनि यही ढकालकै मतमा आधारित छन् र उनले उक्त काव्यसङ्ग्रहमा असङ्गति अलङ्कार प्रयोग गर्ने सन्दर्भमा उक्त मतसँग मिल्दो-जुल्दो गरी श्लोकमा असङ्गति अलङ्कारको प्रयोग गरेका छन्। अतः असङ्गति अलङ्कार प्रयोगका दृष्टिले उक्त काव्यसङ्ग्रह उत्कृष्ट हुनुका साथै नेपाली साहित्य जगत्मा यसको योगदान पनि अति नै रहेको पाइन्छ। विनोक्ति अलङ्कार पनि पूर्वीय साहित्यका सम्पूर्ण आचार्यहरूद्वारा स्वीकार गरिएको उत्कृष्ट अलङ्कार हो। उक्त विनोक्ति अलङ्कारको पनि ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा प्रयोग भएको पाइन्छ। विनोक्ति अलङ्कारको लक्षण वेणीमाधव ढकालले आफ्नो प्रसिद्ध ग्रन्थ काव्यदीपिकामा यसरी प्रस्तुत गरेका छन्ः- यदि कुनै वस्तु नहुँदा वर्णनीय विषयलाई तुच्छ बनाइन्छ भने त्यहाँ विनोक्ति अलङ्कार हुन्छ। कवि नन्दनले पनि उक्त काव्यसङ्ग्रहमा विनोक्ति अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा ढकालकै मतमा आधारित देखिन्छन्। अतः उक्त अलङ्कार प्रयोगका दृष्टिले नेपाली साहित्य क्षेत्रमा काव्यको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ। कवि नन्दनले ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा उपमा अलङ्कारको अलङ्कारपछि सबैभन्दा बढी लोकोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ। कवि नन्दनले विषस्य विषमौषधम्, कण्टकेनैव कण्टकम्, भवतु सव्व मङ्गलम्, जस्ता अनेक प्रकारका लोकोक्तिहरूको प्रयोग गरेको पाइन्छ। लोकोक्ति अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा कवि नन्दनले पूर्वीय शास्त्रहरूलाई आधार बनाएका छन्। उनले शास्त्रमा प्रयुक्त लोकोक्तिलाई बहुल मात्रामा प्रयोग गर्नुका साथै लोकमा प्रचलित उक्तिलाई पनि काव्यमा प्रयोग गरेका छन्। अतः उक्त काव्यसङ्ग्रह लोकोक्ति अलङ्कार प्रयोगका दृष्टिले उत्कृष्ट लघुकाव्य रहनुका साथै नेपाली साहित्य जगत्मा यसको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

सन्देह अलङ्कार प्रयोगका दृष्टिकोणका उक्त ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहको योगदान नेपाली काव्य जगत्मा महत्त्वपूर्ण रहेको पाइन्छ। कवि नन्दनले अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा उक्त काव्यसङ्ग्रहमा सन्देह अलङ्कारको पनि प्रयोग गरेको पाइन्छ। नन्दनले जानेर वा नजानेर उक्त सन्देह अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा पूर्वीय साहित्यका आचार्य विश्वनाथको अलङ्कारसम्बन्धी अवधारणामा सहमत देखिन्छन्। पूर्वीय साहित्यका आचार्य विश्वनाथको सन्देह अलङ्कार सम्बन्धी अवधारणा यस प्रकार रहेको छ। कविको प्रतिभाद्वारा उत्पन्न प्रकृतमा अप्रकृतको सन्देह हुनु नै यस अलङ्कारको वास्तविक स्वरूप हो। यो अलङ्कार उक्ति र अनुक्ति गरी दुई प्रकारको हुन्छ (विश्वनाथ, ई. १९७० : पृ. ७२८)। कवि नन्दन पनि उक्त मतमा आधारित छन्। उनले काव्यका धेरै स्थानमा उक्त सन्देह अलङ्कारको प्रयोग गरेका छन्। अतः उक्त काव्यको अलङ्कारको क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा निदर्शना अलङ्कार प्रयोग गर्ने सन्दर्भमा कवि नन्दनले वेणीमाधव ढकालको विचारलाई अनुशरण गरेका छन्। निदर्शना अलङ्कार सम्बन्धी वेणीमाधव ढकालको आफ्नो मत यसरी प्रस्तुत गरेका छन्ः- निदर्शना त्यो अलङ्कार हो। जसले सम्भव अथवा असम्भव वस्तु सम्बन्ध दुई ओटा वाक्यार्थको एक आपसमा बिम्ब-प्रतिबिम्बभाव झल्काउँछ। उक्त लघुकाव्यसङ्ग्रहमा निदर्शना अलङ्कारको जानेर वा नजानेर प्रयोग गर्ने सन्दर्भमा पूर्वीय साहित्यका आचार्य मम्मट र विश्वनाथको मतमा आधारित हुनुका साथै नेपाली साहित्यका आचार्य वेणीमाधव ढकालको मतमा पनि सहमत देखिन्छन। उक्त काव्यसङ्ग्रहका दुई ओटा श्लोकहरूमा उक्त निदर्शना अलङ्कार प्रयोग भएको पाइन्छ। अतः उनको उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको नेपाली साहित्य जगत्को अलङ्कारका क्षेत्रमा अति नै महत्त्व रहेको पाइन्छ। विषम भनेको असमानता वा बेमेल हो। उक्त विषम अलङ्कारको बारेमा सर्वप्रथम चर्चा-परिचर्चा आचार्य रुद्रटद्वारा भएको र विशेषरूपमा व्यवस्थित गर्ने कार्य भने आचार्य मम्मटबाट भएको पाइन्छ। कवि प्रेमविनोद नन्दन पनि उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा यस अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा पूर्वीय साहित्यका आचार्भ भामह, मम्मट र विश्वनाथको मतमा आधारित देखिन्छन्। पूर्वीय साहित्यका आचार्य जगन्नाथले दुई असमान वस्तुको मिलनलाई विषम अलङ्कारका रूपमा स्विकारेका छन्। उक्त काव्यसङ्ग्रहमा कवि नन्दनले दुई ओटा श्लोकमा विषम अलङ्कारको प्रयोग गरेका छन्। अतः विषम अलङ्कार प्रयोगक दृष्टिले उक्त अलङ्कारको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ।

भाविक अलङ्कारको सर्वोपरितालाई पूर्वीय साहित्यका सम्पूर्ण अलङ्कारवादी आचार्यहरूले स्विकारेका छन्। यसको लक्षण वेणीमाधव ढकालले काव्यदीपिकामा यस प्रकार प्रस्तुत गरेका छन्ः- बितेको समयको वा आउने समयको अद्भुतवस्तुको आउने प्रत्यक्षमा भएझैँ गरेर वर्णन गर्नु नै भाविक अलङ्कार हो (ढकाल, २०६७ : पृ. २५५)। भाविक अलङ्कारलाई पूर्वीय साहित्यका आचार्य विश्वनाथले पनि स्विकारेका छन्। कवि नन्दन पनि आचार्य विश्वनाथकै मतमा आधारित देखिन्छन्। उनले आफ्नो 'सिद्धार्थको गृहत्याग' नामक उत्कृष्ट लघुकाव्यसङ्ग्रहमा उक्त भाविक अलङ्कारको दुई ओटा श्लोकहरूमा प्रयोग गरेका छन्। भाविक अलङ्कार प्रयोगका दृष्टिले उक्त लघुकाव्यसङ्ग्रहलाई नेपाली साहित्य जगत्को उत्कृष्ट कृति मान्न सकिन्छ। उल्लेख अलङ्कार प्रयोगका दृष्टिले पनि उक्त काव्यसङ्ग्रहलाई नेपाली साहित्यको उत्कृष्ट काव्य मान्न सकिन्छ। पूर्वीय साहित्यका आचार्य कवि विश्वनाथद्वारा प्रतिपादित ज्ञातृहरूले वा जिज्ञासुले कुनै एउटा विषयलाई अनेक प्रकारले वा अनेक स्वरूपले ज्ञान गर्नुलाई नै उल्लेख अलङ्कार भन्ने अलङ्कार सम्बन्धी अवधारणामा आधारित भएर नन्दनले उक्त काव्यसङ्ग्रहमा उल्लेख अलङ्कारको प्रयोग गरेका छन्। उक्त उल्लेख अलङ्कार प्रयोगका दृष्टिकोणले उक्त काव्यको योगदान महत्त्वपूर्ण देखिन्छ। अत्युक्ति अलङ्कारको पनि उक्त काव्यसङ्ग्रहमा प्रयोग भएको पाइन्छ। कवि नन्दन 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अत्युक्ति अलङ्कारको जानेर वा नजानेर प्रयोग गर्ने सन्दर्भमा पूर्वीय साहित्यका आचार्य जयदेवको अत्युक्ति अलङ्कार सम्बन्धी अवधारणा सहमत देखिन्छन्। जयदेवले शूरता, वीरता आदिको अतिवर्णन नै

अत्युक्ति हो। शूरता, वीरता आदिको जहाँ अतिवर्णन गरेको हुन्छ त्यहाँ अत्युक्ति अलङ्कार हुन्छ (जयदेव, ई. १९९५ : पृ. १०८) भनेका छन्। पूर्वीय साहित्यका आचार्य अप्पय दीक्षित पनि जयदेवको उक्त अत्युक्ति अलङ्कार सम्बन्धी अवधारणामा सहमत देखिन्छन्। कवि प्रेमविनोद नन्दनले पनि उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अत्युक्ति अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा पूर्वीय साहित्यका आचार्य जयदेव र अप्पय दीक्षितकै मतमा आधारित देखिन्छन्। नन्दनले उक्त काव्यमा अत्युक्ति अलङ्कारको उत्कृष्ट प्रयोग गर्नुका साथै अत्युक्ति अलङ्कार प्रयोगका दृष्टिले नेपाली काव्यपरम्परा जगत् र नेपाली काव्यको अलङ्कारक्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ।

असम्भव कुराको सम्भव भएको अवस्थाको झै वर्णन गर्नु नै असम्भव अलङ्कार हो। असम्भव अलङ्कारको लक्षण पूर्वीय साहित्यका आचार्य अप्पय दीक्षितले आफ्नो प्रसिद्ध ग्रन्थ कुवलयानन्दमा प्रस्तुत गरेका छन्। कवि नन्दनले जानी नजानी उक्त अलङ्कार प्रयोग गर्ने सन्दर्भमा

जहाँ कुनै पदार्थ विशेष वा कार्य विशेषको उत्पत्ति सम्बन्धको विषयमा असम्भाव्यत्वको वर्णन गरिन्छ भने त्यहाँ असम्भव अलङ्कार हुन्छ (दीक्षित, सन् २०१३ : पृ. १४८) भन्ने यस मतमा सहमत देखिन्छन्। कवि नन्दनले पनि 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा उक्त असम्भव अलङ्कारको प्रयोग दुई ओटा श्लोकमा गरेका छन्। कवि प्रेमविनोद नन्दनले जानेर वा नजानेर भए तापनि उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा सङ्ग्रहित ''सिद्धार्थको गृहत्याग'', ''मेनकाको मन'', ''आमाको सपना'' र ''विद्रोहिणी आमा'' गरी चार ओटा लघुकाव्यहरूमा शब्दालङ्कार र अर्थालङ्कार गरी २३ ओटा अलङ्कारहरूको प्रयोग गरेको पाइन्छ।

यसरी पूर्वीय साहित्य परम्परामा विशेष चर्चा-परिचर्चा कमाएको अलङ्कार सिद्धान्तको नेपाली साहित्यमा पनि प्रयोग हुने गरेको पाइन्छ। नेपाली साहित्यकारहरूले पनि यसको विशेष चर्चा-परिचर्चा गरेका छन्। जसरी एउटा वनितालाई सुशोभित बनाउन आभूषणको विशेष महत्त्व रहन्छ त्यसरी नै काव्यलाई सुशोभित बनाउन अलङ्कारको अति नै आवश्यकता हुन्छ। यही मान्यतामा आधारित भएर काव्यकारहरू आफ्ना काव्यमा अलङ्कारको प्रयोग गर्दछन्। कवि प्रेमविनोद नन्दनले आफ्नो प्रसिद्ध कृति 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारको प्रयोग गरेका छन्। उनले उक्त काव्यमा अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा अलङ्कारका भेदहरू शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरेको पाइन्छ। उनले तीन ओटा शब्दालङ्कार र तिनका भेदहरूको प्रयोग गरेका छन् भने २० ओटा अर्थालङ्कारहरूको पनि प्रयोग गरेको पाइन्छ। अलङ्कारको प्रयोगले गर्दा उक्त कृतिलाई पाठकहरूले पनि विशेष रुचाएको पाइनुका साथै काव्यमा चमत्कृति पैदा गरेको पाइन्छ। कवि नन्दनले उक्त काव्यमा अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा चर्चा-परिचर्चा कमाएका विशेष अलङ्कारको मात्र प्रयोग गरेका छन्। अतः उक्त काव्यको अलङ्कार प्रयोगका दृष्टिले विशेष महत्त्व रहेको छ। उक्त काव्यमा विशेष नयाँ प्रकारका अलङ्कारहरूको प्रयोग भएको भने पाइँदैन। अतः यस काव्यलाई मध्यम प्रकारको काव्यमा राख्न सकिन्छ। एउटै काव्यमा शब्दालङ्कार र अर्थालङ्कार गरी २३ ओटा अलङ्कारको प्रयोग गरेका कारण नेपाली साहित्य वा काव्य परम्परामा भने यसको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

# पञ्चम परिच्छेद

# सारांश तथा निष्कर्ष

# पञ्चम परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ विषयप्रवेश

प्रस्तुत शोधकार्यको मूल उद्देश्य 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको अलङ्कारविधानको अध्ययन गर्नु हो । अलङ्कारविधानको अध्ययन गर्ने क्रममा उक्त लघुकाव्यसङ्ग्रहमा प्रयोग भएका सम्पूर्ण अलङ्कारहरूको अध्ययन गरे पश्चात् त्यसको सारांश र निष्कर्ष निकाल्नु पर्ने हुन्छ । अतः यस परिच्छेदमा शोधको सम्पूर्ण परिच्छेदगत  सारांश र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रथम परिच्छेद

यो शोधपत्र पाँच परिच्छेदमा विभाजित छ। पाँच परिच्छेदहरूमध्ये पहिलो परिच्छेदको नाम शोधपत्रपरिचय रहेको छ जसअन्तर्गत विषय-परिचय, समस्या-कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यहरूको समीक्षा, शोधकार्यको अध्ययन, औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमाङ्कन, शोधविधिअन्तर्गत सामग्रीसङ्कलनविधि र विश्लेषणविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

द्वितीय परिच्छेद

यस परिच्छेदअन्तर्गत अलङ्कारको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषयप्रवेश, अलङ्कारशब्दको व्युत्पत्ति, अलङ्कारको सूत्रपात, अलङ्कारको सैद्धान्तिक चिन्तनको थालनी, अलङ्कारको लक्षण र स्वरूप, अलङ्कारको परिभाषा, अलङ्कारको अन्य काव्यतत्त्वहरूसँगको सम्बन्ध, अलङ्कारको सङ्ख्या, पाश्चात्य साहित्यमा अलङ्कारसम्बन्धी अवधारणा, काव्यमा अलङ्कारको स्थान, अलङ्कारभेदअन्तर्गत शब्दालङ्कारमध्ये अनुप्रास, श्लेष र यमक अलङ्कारको सामान्य चर्चाका साथै अर्थालङ्कारअन्तर्गत उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि २० ओटा अलङ्कारको लक्षण र उदाहरण प्रस्तुत गरिएको छ ।

तृतीय परिच्छेद

यस शोधपत्रको तृतीय परिच्छेदमा 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अलङ्कारको अध्ययन प्रस्तुत गरिएको छ । यस परिच्छेदमा कवि, गजलकार र गीतकार प्रेमविनोद नन्दनको जीवनी, बाल्यावस्था, शिक्षादीक्षाको सामान्य चर्चा, 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रअन्तर्गतका 'सिद्धार्थको गृहत्याग', 'मेनकाको मन', 'आमाको सपना' 'विद्रोहिणी आमा' गरी चार ओटा काव्यहरूमा प्रयोग भएका अलङ्काका प्रमुख भेदहरूअन्तर्गत शब्दालङ्कारका अनुप्रास, यमक र श्लेष अलङ्कारहरूको भेदोपभेदको चर्चा परिचर्चा गर्नुका साथै अर्थालङ्कारका भेदहरूअन्तर्गत उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि गरी २० ओटा अलङ्कारहरूको उदाहरण सहित विशेष चर्चा-परिचर्चा गरिएको छ ।

चतुर्थ परिच्छेद

यस शोधपत्रको चतुर्थ परिच्छेदमा अलङ्कारविधान र प्रवृत्तिका दृष्टिले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रको योगदान प्रस्तुत गरिएको छ । कवि नन्दनले उक्त लघुकाव्यसङ्ग्रहमा अलङ्कारको प्रयोग गर्ने सन्दर्भमा अलङ्कारका भेदहरू शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरेको पाइन्छ ।

उनले तीन ओटा शब्दालङ्कार र तिनका भेदहरूको प्रयोग गरेका छन् भने २० ओटा अर्थालङ्कारहरूको पनि प्रयोग गरेको पाइन्छ। यो नेपाली काव्य परम्परामा नन्दनको महत्त्वपूर्ण योगदान हो। अलङ्कारको प्रयोगले गर्दा उक्त कृतिलाई पाठकहरूले पनि विशेष रुचाएको पाइनुका साथै काव्यमा चमत्कृति पैदा गरेको पाइन्छ। एउटै काव्यमा शब्दालङ्कार र अर्थालङ्कार गरी २३ ओटा अलङ्कारको प्रयोग गरेका कारण नेपाली साहित्य वा काव्य परम्परामा यस लघुकाव्यसङ्ग्रहको महत्त्वपूर्ण योगदान रहेको छ। यिनै विषयहरूको उक्त परिच्छेदमा चर्चा-परिचर्चा गरिएको छ।

## ५.२ सारांश

अलङ्कार काव्यको शोभावर्द्धक उपकारक तत्त्व हो। यसले काव्यलाई सुन्दर र चमत्कारपूर्ण पार्दछ। भरतदेखि प्रारम्भ भएको अलङ्कार परम्परालाई भामहले बलियो जग दिने काम गर्दै यसलाई काव्यको आत्माको रूपमा नै स्थापना गर्ने प्रयास गरे। त्यसपछिका अलङ्कारवादी दण्डी, वामन, रुद्रट, कुन्तक, रुप्यक आदि पूर्वीय काव्यशास्त्रीहरूले पनि अलङ्कारलाई काव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा परिभाषित गरे। तर पूर्वीय साहित्यका आचार्य रसध्वनीवादी आनन्दवर्द्धन, मम्मट, विश्वनाथ, जगन्नाथ आदि काव्यशास्त्रीहरूले भने यसलाई वैकल्पिक काव्यको उपकारक र शोभावर्द्धक तत्त्वका रूपमा मात्र व्याख्या गरे। निष्कर्षमा भन्नु पर्दा जसरी एउटा वनितालाई अलङ्कृत अथवा सुशोभित गराउन गर-गहना, आभूषण आदिको महत्त्वपूर्ण भूमिका रहन्छ त्यसरी नै काव्यलाई काव्यजस्तो रमणीय बनाउन, काव्यमा चमत्कृति पैदा गर्न सक्ने तत्त्व हो अलङ्कार, भन्न सकिन्छ। अलङ्कार विना काव्यको महत्त्व पनि त्यति रहदैन। पूर्वीय साहित्य शास्त्रमा शब्दमा आश्रित अनुप्रास, श्लेष, यमकजस्ता अलङ्कारहरूलाई शब्दालङ्कार र अर्थमा आश्रित हुने उपमा, उत्प्रेक्षा, रूपक, स्वभावोक्ति जस्ता अलङ्कारहरूलाई अर्थालङ्कार र कुनै पनि दुई वा सोभन्दा बढी अलङ्कार भएमा उभयालङ्कार गरी तीन प्रकारले विभाजन गरिएको छ। पछिल्ला पूर्वीय आचार्य जगन्नाथसम्म आइपुग्दा अलङ्कारहरूको सङ्ख्या १९१ सम्म पुगेको पाइन्छ।

'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह 'सिद्धार्थको गृहत्याग' 'मेनकाको मन', 'आमाको सपना' 'विद्रोहिणी आमा' गरी चार ओटा लघुकाव्यहरूलाई समेटेर सार्वजनिक भएको छ। यस काव्यसङ्ग्रहभित्र वर्तमान नेपालको यथार्थ वस्तुस्थिति, देशप्रेम, नैतिक मूल्य र मान्यता, जीवन सौन्दर्य, मानवतावाद एवं प्रकृतिप्रेम, शान्तिको चाहना, जस्ता भावलाई व्यक्तगर्ने खालका लघुकाव्यहरू सङ्ग्रहित छन्। विशेषतः क्रान्तिबाट भन्दा शान्तिबाट प्राप्त हुने जो शान्ति छ त्यो नै चिरस्थायी हुने भन्ने कुरा व्यक्त गर्नुका साथै समाजका कुसंस्कार, नेपाली समाजमा व्याप्त कुरीति, नेपालीहरूले साहु, महाजनहरूसँग ऋण लिएर आफ्नो खाने व्यवस्था गर्ने वस्तुस्थिति, मानवतावाद हराएको जीवनचरित्र, अराजनैतिक गतिविधि, हत्याहिंसाबाट व्याप्त समाजप्रति आक्रोश व्यक्त गर्दै कवि नन्दनले समाजमा देखा परेका अमानवीय, प्रवृत्तिप्रति धावा बोलेका छन्। जब मानिस मानवताबाट विहीन हुन्छ तब उसमा हत्याहिंसा, विद्रोह अशान्ति आदिले जरो गाडेर बस्छ। अतः मानवले मानवताको भावना व्यक्त गर्नुपर्छ। शान्तिका लाई क्रान्ति होइन समाजमा जनचेतना फैलाउनु पर्छ भन्ने भाव कविले व्यक्त गरेका छन्। यथार्थमा समाज, सामाजिक जीवन, साहित्य र राजनीतिबिचका पृथकतालाई कविले प्रस्तुत 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा प्रस्ट्याउने काम गरेका छन्। प्रकृति, जीवन, राजनीति लगायतका सबै विषयवस्तुलाई उनको उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहले छोएको छ।

अलङ्कारसिद्धान्तका दृष्टिबाट अध्ययन गर्ने क्रममा यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कार दुवै अलङ्कारको प्रयोग भएको छ। यस लघुकाव्यसङ्ग्रहमा अनुप्रास, यमक र श्लेष गरी तीन ओटा शब्दालङ्कार र उत्प्रेक्षा, उपमा, रूपक, स्वभावोक्ति आदि गरी २० ओटा अर्थालङ्कारहरूको प्रयोग भएको पाइएको छ। यस्त विभिन्न किसिमका अलङ्कारहरूको प्रयोगले यस काव्यसङ्ग्रहका लघुकाव्यहरूको सौन्दर्य प्रकट गर्नमा एवम् भाव प्रस्फुटनमा पनि सहयोगी भूमिका खेलेको पाइन्छ। कवि प्रेमविनोद नन्दन अलङ्कार प्रायोजित रूपमा भन्दा पनि उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा स्वाभाविक रूपमा कविताहरूमा आएको मान्दछन्ः- (शोधनायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी)। त्यसैले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहको अध्ययन गर्दा पनि त्यो कुराको अनुभव पाठकवर्गहरूले गर्न सक्छन्। अलङ्कारकै लागि भनेर शब्द वा भाव बङ्ग्याउने वा सम्झौता गर्ने काम भएको छैन। यसमा अलङ्कारले काव्यसङ्ग्रहको सौन्दर्यमा वृद्धि गरेको छ र भाव स्पष्ट पार्न सहयोग गरेको छ।

'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग देखिन्छ। शब्दालङ्कार शब्दमा आधारित अलङ्कार हो। यसअन्तर्गत अनुप्रास, यमक, श्लेष आदि अलङ्कारहरू पर्दछन्। यस 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा अनुप्रास अलङ्कारको भेद अन्त्यानुप्रास अलङ्कारको धेरै प्रयोग भएका कारण अनुप्रास अलङ्कारको राम्रो पकड रहेको देखिन्छ भने श्लेष र यमक अलङ्कारको पनि महत्त्वपूर्ण स्थान देखिएको छ। यस लघुकाव्यसङ्ग्रहमा अनुप्रास अलङ्कारका भेदहरूअन्तर्गत अन्त्यानुप्रास, वृत्यनुप्रास, श्रुत्यनुप्रास, छेकानुप्रासको प्रयोग पाइन्छ, सबैभन्दा बढी अन्त्यानुप्रास अलङ्कार उक्त काव्यसङ्ग्रहका सम्पूर्ण श्लोकहरूमा प्रयोग भएको पाइन्छ। चार ओटा लघुकाव्यहरूमध्येको झ्याउरे लोकलयमा लिखित 'मेनकाको मन' लघुकाव्यमा पनि अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ। अतः उक्त काव्यका सम्पूर्ण श्लोक अर्थात् ३७८ ओटै श्लोकहरूमा नै उक्त अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ। अनुप्रास अलङ्कारको प्रयोगले उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह सुन्न तथा पढ्नमा सुमधुर र साङ्गितिक बनेको देखिन्छ। अनुप्रास पछि सबैभन्दा बढी प्रयोग भएको शब्दालङ्कारको भेद यमक अलङ्कार हो। श्लोकको सबै पाउमा भन्दा पनि कुनै एक वा दुई पाउमा यमकको सिर्जना गर्ने कविको शैलीले गर्दा पनि 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह विशिष्ट बन्न पुगेको छ। यसले श्लोकहरूमा शाब्दिक चमत्कार सिर्जना गर्नुका साथै काव्यको सौन्दर्य पक्षलाई उजागर गरेको छ। 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहका चार ओटा लघुकाव्यहरूमा नै उक्त यमक अलङ्कारको प्रयोग भएको पाइन्छ। यमक अलङ्कारको कविले कतैकतै प्रायोजित रूपमा निर्माण गरेको जस्तो देखिए तापनि कृत्रिम र अस्वाभाविक भनिहाल्न भने अलि नमिल्ने जस्तो देखिन्छ। श्लेष अलङ्कार भने 'सिद्धार्थको गृहत्याग' लघुकाव्यअन्तर्गतको शान्तिको खोजी नामक शीर्षकमा र 'आमाको सपना' लघुकाव्य गरी दुई ओटा लघुकाव्यमा प्रयोग भएको पाइन्छ।

यसरी हेर्दा शब्दालङ्कारको प्रयोगले उक्त 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रह सफल देखिन्छ। शब्दचयनमा कतै-कतै कविले अस्वाभाविक शब्दको प्रयोग गरेको भए तापनि अनुप्रास, यमक र श्लेषको अलङ्कारको प्रयोगमा कवि सफल देखिन्छन्। अतः शब्दालङ्कारको प्रयोगले 'सिद्धार्थको गृहत्याग' लघुकाव्यसङ्ग्रहमा सुन्दरता थप्नुका साथै चमत्कृति पैदा गरेको छ।

अर्थालङ्कार शब्दभन्दा अझ सूक्ष्म अर्थमा आधारित भएर कविताको सौन्दर्य प्रस्फुटन गर्ने उपकारक तत्त्व हो । अर्थालङ्कारहरूले अर्थमा चमत्कार पैदा गरेर काव्यलाई हृदयग्राह्य र संवेद्य बनाउने गर्दछन् । यसमा वर्ण र शब्दको परिवर्तनले ठूलो महत्त्व राख्दैन र यिनको यिनको परिवर्तनले अलङ्कारमा हानि पनि हुँदैन । तर अर्थको भने विशेष महत्त्व रहेको हुन्छ । यस ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा पनि उपमा, स्वभावोक्ति, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, विरोधाभास, दृष्टान्त, अर्थान्तरन्यास आदि गरी २० ओटा अर्थालङ्कारहरू प्रयोग भएको पाइन्छ । उक्त लघुकाव्यसङ्ग्रहमा अर्थालङ्कारहरू स्वाभाविक रूपमा आएका छन्। अलङ्कार प्रयोगकै लागि भनेर उक्त लघुकाव्यसङ्ग्रहभित्र सङ्ग्रहित काव्यहरूको कविता वा कविताको भावलाई मोड्ने र तोड्ने काम भएको छैन । श्लोक रचनाका क्रममा स्वाभाविक रूपमा आएका अलङ्कार नै वास्तविक अलङ्कारहरू हुन् । उक्त लघुकाव्यसङ्ग्रहका निम्नानुसारका लघुकाव्यहरूमा निम्नानुसारका अलङ्कारहरूको प्रयोग भएको पाइन्छः- ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको चैतन्यबोध, स्वप्नभङ्ग र वियोगपीडा शीर्षकका कविताहरूमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको वियोगपीडा नामक कवितामा स्वभावोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको मन्तव्य शीर्षकको कवितामा रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको शान्तिको खोजी र ‘मेनकाको मन’ लघुकाव्यको मेनकाको मन शीर्षक कवितामा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको चैतन्यबोध र ‘मेनकाको मन’ लघुकाव्यको मेनकाको मनस्थिति शीर्षक कवितामा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको शान्तिको खोजी शीर्षकको कवितामा विरोधाभास अलङ्कारको प्रयोग भएको देखिन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको पूर्वस्मृति नामक कवितामा दृष्टान्त अलङ्कारको प्रयोग भएको छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको पूर्वस्मृति नामक कवितामा अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको देखिन्छ। ‘विद्रोहिणी आमा’ लघुकाव्यमा काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको देखिन्छ। ‘विद्रोहिणी आमा’ लघुकाव्यमा अपह्नुति अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘आमाको सपना’ लघुकाव्यमा असङ्गति अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘विद्रोहिणी आमा’ लघुकाव्यमा विनोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको चैतन्यबोध, ‘मेनकाको मन’ लघुकाव्यमा लोकोक्ति अलङ्कारको धेरै मात्रामा प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको यशोधराको मनःस्थिति शीर्षक कवितामा सन्देह अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको वियोगपीडा र ‘आमाको सपना’ लघुकाव्यमा निदर्शना अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको वियोगपीडा र ‘मेनकाको मन’ लघुकाव्यमा विषम अलङ्कारको प्रयोग भएको पाइन्छ। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको शान्तिको खोजी शीर्षकको कवितामा भाविक अलङ्कारको प्रयोग भएको छ। साथै ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको चैतन्यबोध शीर्षकमा असम्भव अलङ्कारको प्रयोग, ‘मेनकाको मन’ लघुकाव्यको मेनकाको मन शीर्षक कवितामा उल्लेख अलङ्कारको प्रयोग हुनुका साथै ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यको शान्तिको खोजी शीर्षक कवितामा अत्युक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ। ३७८ ओटा श्लोकहरूमा शब्दालङ्कार र अर्थालङ्कार गरी जम्मा २३ ओटा अलङ्कारको प्रयोग भएको देखिनु अलङ्कार प्रयोगका दृष्टिले सफल हो। यस लघुकाव्यसङ्ग्रहमा प्रयोग भएका सबै अलङ्कारहरू उत्कृष्ट छन् हुनुका साथै सहज, सरल र स्वाभाविक रूपमा आएका छन् र आएका देखिन्छन्। यसरी हेर्दा यस ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रहमा सबै किसिमका

अलङ्कारको प्रयोग भएको देखिन्छ। तर पनि यसमा प्रयोग भएका सबै अलङ्कार उत्कृष्ट र काव्यमा उच्चता थप्ने छन् भन्न सकिने अवस्था छैन कतै-कतै अलङ्कारको कमजोर प्रयोग पनि भएको पनि देखिन्छ। अलङ्कार प्रयोगमा धेरै मिहिनेत नगरिकन साधारण किसिमले नै अलङ्कारको प्रयोग हुनु चाँहि विशेषता हो। अलङ्कार प्रयोगका दृष्टिले हेर्दा यस काव्यसङ्ग्रहलाई मध्यम र उत्तम काव्यको बिचको काव्य मान्न उपयुक्त हुन्छ। अलङ्कार प्रयोगका दृष्टिले यस लघुकाव्यसङ्ग्रहलाई कमजोर मान्नुपर्ने त्यस्तो कुनै कारण पाइँदैन। अतः यो लघुकाव्यसङ्ग्रह अलङ्कार प्रयोगका दृष्टिले सबल नै देखिन्छ।

## ५.३ समग्र निष्कर्ष

अलङ्कार काव्यको शोभावर्द्धक तत्त्व हो। यसले काव्यमा चमत्कार पैदा गर्दै काव्यलाई स्विकार्य बनाउने काम गर्दछ। पूर्वीय साहित्यपरम्परामा यसको व्यापक अध्ययनअनुसन्धान र चर्चा भरतदेखि लिएर अहिलेसम्म पनि चलिरहेकै पाइन्छ। कवि नन्दन नेपाली साहित्यका सरल, सरस र स्वाभाविक कवि हुन्। नेपाली समाज, मानवतावाद, प्रकृतिप्रेम र देशप्रेमको प्रस्तुति गर्ने उनका कविता र काव्य सरल र सालङ्कारिक छन्। ‘सिद्धार्थको गृहत्याग’ लघुकाव्यसङ्ग्रह उनको सातौँ प्रकाशित कृति हो। लघुकाव्यसङ्ग्रहको अध्ययन गर्दा के थाहा पाइन्छ भने उनी अलङ्कारका सहज प्रयोग कर्ता हुन्। शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग उनका काव्यहरूमा पाइन्छ। काव्यसङ्ग्रहमा स्वतः स्फूर्त भाव प्रकाशित हुँदा बनेका शब्दालङ्कार र अर्थालङ्कार प्राकृतिक र सरल छन्। यस काव्यसङ्ग्रहमा शब्दालङ्कारअन्तर्गत अनुप्रास, यमक र श्लेष पाइन्छन् भने अर्थालङ्कारअन्तर्गत उपमा, रूपक, उत्प्रेक्षा आदि गरी २० ओटा पाइन्छन्। अतः निष्कर्षमा भन्नु पर्दा अलङ्कार प्रयोगका दृष्टिले यो लघुकाव्यसङ्ग्रह मध्यम प्रकारको छ। यसमा शब्दालङ्कार र अर्थालङ्कारको स्वाभाविक प्रयोग भएको छ। अतः नेपाली साहित्य जगत्मा यसको योगदान महत्त्वपूर्ण हुनुका साथै नेपाली काव्यपरम्परामा अति नै महत्त्व रहेको छ।

# सन्दर्भ-ग्रन्थसूची

# सन्दर्भ-ग्रन्थसूची


अधिकारी, तीर्थराज (२०७०). *सत्ताका किनारहरू*. काठमाडौँ : सगरमाथा वाङ्मय प्रतिष्ठान ।

अधिकारी, हेमाङ्गराज (२०५६). *पूर्वीय समालोचना सिद्धान्त*. छैटौँ संस्करण . ललितपुर : साझा प्रकाशन ।

आनन्दवर्द्धन (ई. १९८९). *ध्वन्यालोक लोचनटीकासहित*. जयकृष्णदासहरिदासगुप्त. वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस ।

आप्टे, वामन शिवराम (सन् १९९७). *संस्कृत हिन्दी कोश*. द्वि.संस्करण. दिल्ली : मोतीलाल वनारसीदास पब्लिसर्स ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य सिद्धान्त*. पाचौँ संस्करण. काठमाडौँ : साझा प्रकाशन ।

कँडेल, प्रेमकुमार (२०५५). *प्रेमविनोद नन्दनः जीवनी. व्यक्तित्त्व र कृतित्त्वको अध्ययन*. अप्रकाशित शोधप्रबन्ध. काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

खतिवडा, चिरञ्जीवी (२०७५). *संस्कृत सूक्ति सुधा*. तनहुँ : महेश-संस्कृत गुरुकुलम् ।

गौतम, लक्ष्मणप्रसाद (२०५२). *नन्दनको काव्यिक परिवेश*. चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

जगन्नाथ (ई. १९८८). *रसगङ्गाधर*. मुम्बई : जावजी दादाजी ।

जयदेव (सन् १९९५). *चन्द्रालोक*. जयकृष्णदास-हरिदासगुप्त. वाराणसी : चौखम्बा संस्कृत सीरिज अफिस ।

ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका*. द्वि. संस्करण. काठमाण्डौँ : विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, कृष्णमणि (सन् १९९८). *चन्द्रालोक*. विमल सुधा संस्कृत हिन्दी व्याख्या. वनारस : चौखम्बा सुरभारती प्रकाशन ।

दण्डी (ई. १९८५). *काव्यादर्श*. व्याख्याकार. आचार्य रामचन्द्र मिश्र. वाराणसी : चौखम्बा विद्याभवन ।

दीक्षित, अप्पय (सन् २०१३). *कुवलयानन्द*. तृ.संस्करण. हिन्दी व्याख्या. वाराणसी : चौखम्बा विद्याभवन ।

द्विवेदी, रेवाप्रसाद (सन् १९९८). *अलङ्कार सर्वस्वम्*. हिन्दी व्याख्या. वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

नन्दन, प्रेमविनोद (२०७४). *सिद्धार्थको गृहत्याग*. नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

नन्दन, प्रेमविनोद (२०७७). *पत्रम् पुष्पम्*. चितवन : चितवन साहत्य परिषद् ।

निरौला, लेखप्रसाद (२०६३). *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कारयोजना*. अप्रकाशित शोधप्रबन्ध. दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

निरौला, लेखप्रसाद (२०७१). *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार*. काठमाडौँ : विद्यार्थी प्रकाशन ।

पन्त, भरतराज (२०५६). *नेपाली अलङ्कार परिचय.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, फणीन्द्रप्रसाद (२०५७). *संस्कृत नेपाली शब्दकोश.* काठमाडौँ : ने. सं. वि. ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०). *नेपाली बृहद् शब्दकोश.* सम्पादक. काठमाण्डौँ : ने.रा.प्र.प्रतिष्ठान ।

पौड्याल, लेखनाथ (२०६६). *तरुण तपसी.* तेह्रौँ संस्करण. ललितपुर : साझा प्रकाशन ।

बराल ईश्वर र अन्य (२०५५). *नेपाली साहित्य कोश.* सम्पादक. काठमाडौँ : ने. रा. प्र. प्र. ।

बाबरी, हरदेव (सन् १९६९). *बृहद् अङ्ग्रेजी हिन्दी कोश.* सम्पादक. वाराणसी : ज्ञान मण्डल लिमिटेड ।

भट्टराई, गोविन्दप्रसाद (२०३१). *पूर्वीय काव्य सिद्धान्त.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी पारसमणि र माधवप्रसाद पौडेल (२०६३). *साहित्यशास्त्र नेपाली समालोचना.* दो. संस्करण. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भरतमुनि (ई. १९८३). *नाट्यशास्त्रम्.* सम्पादक. केदारनाथ. दिल्ली : भारतीय विद्या प्रकाशन ।

भामह (सन् २०३८). *काव्यालङ्कार.* द्वि.संस्करण. वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

मम्मट (ई. १९८९). *काव्यप्रकाश.* द.संस्करण. सम्पादक. श्रीनिवास शास्त्री. मेरठ : साहित्य भण्डार ।

रुद्रट (ई. १९३३). *काव्यालङ्कार.* व्याख्याकार. रामदेव शुक्ल. वाराणसी : चौखम्बा विद्याभवन ।

रेग्मी, प्रदीप (२०७५). *सिद्धार्थको गृहत्याग लघुकाव्यको कृतिपरक अध्ययन.* अप्रकाशित शोधप्रबन्ध. दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

वामन (सन् २०३३). *काव्यालङ्कारसूत्राणि.* द्वि.संस्करण. सम्पादक. वेचन झा. वाराणसी : चौखम्बा विद्याभवन ।

विलिएम, मोनिएर (सन् १९६४). *अङ्ग्रेजी संस्कृत डिक्सनरी.* दो.संस्करण. दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स ।

विश्वनाथ (ई. २०१५). *साहित्यदर्पण.* चौँ.संस्करण. सम्पादक. सत्यव्रत सिंह. वाराणसी : चौखम्बा विद्याभवन ।

शर्मा, सोमनाथ (२०५८). *साहित्य-प्रदीप.* काठमाडौँ : भोटाहिटी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८). *पूर्वीय एवं पाश्चात्य समालोचना : प्रमुख मान्यता वाद र प्रणाली.* ललितपुर : साझा प्रकाशन ।